अलमलिएका गोरेटाहरू

अनुत्तरित प्रसङ्गहरू



डमरुबल्लभ भट्टराई (डी. बी.)

अलमलिएका गोरेटाहरू

अनुत्तरित प्रसङ्गहरू

डी. बी. भट्टराई

कृति : अलमलिएका गोरेटाहरू
अनुत्तरित प्रसङ्गहरू
प्रकाशक : उमा शर्मा भट्टराई
वितरक : पैरवी बुक हाउस प्रा. लि.
पुतलीसडक, काठमाडौं ।
फोन नं. : ०१–४५३०८२३
लेआउट : यदु उपाध्याय
प्रथम संस्करण : २०७९, असोज
सर्वाधिकार © : लेखकमा
मुद्रित प्रति : ५०० (पाँच सय)
मूल्य : रू. ३५०/–
ISBN : 978 – 9937 - 1 - 3069 - 1
मुद्रक : सुनगाभा अफसेट प्रेस
डिल्लीबजार, काठमाडौं ।

ALAMALIEKA GORETAHARU *Anutarit Prasagaharu* by D.B. Bhattarai

मन्तव्य

नेपालको सार्वजनिक प्रशासनमा लामो अनुभव प्राप्त गरेका श्री डीबी भट्टराईले प्रशासनमा आफूले गरेका, भोगेका, देखेका, घुमेका र पढेका विषय र घटनालाई लिएर लेखेको 'अलमलिएका गोरटाहरू : *अनुत्तरित प्रसङ्गहरू* पुस्तक सर्सर्ती पढ्ने अवसर पाएँ । प्रशासनक्षेत्रमा म भन्दा एक दशक अग्रज श्री डीबी भट्टराईसँग नेपालका सबै भौगोलिक क्षेत्र र नीति निर्माणमा रहेर काम गरेको प्रचुर अनुभव छ । नम्र स्वभाव, शालीन व्यक्तित्व, विवादमा पर्न नचाहने, परिष्कृत लेखनशैलीका धनी उहाँले जनप्रशासन जस्तो नीरस विषयलाई पनि पढौं पढौं लाग्ने गरी रोचक प्रस्तुति गर्न सकेको उहाँको विशेष खुबी मान्नुपर्छ ।

नेपालमा शासन व्यवस्थाको आरम्भदेखि वर्तमान सङ्घीय प्रणालीसम्म केन्द्रीकृत शासन प्रणाली नै रहिरहेको छ रयसको सञ्चालक निजामति प्रशासन हो । जन्म, मृत्यु, पतिपत्नीका झैझगडा, व्यक्तिगत सम्पत्ति, पारिवारिक किचलो, सामाजिक-सांस्कृतिक क्रियाकलाप, मानव निर्मित र प्राकृतिक विपत्ति, वन-वातावरण, पशुपक्षी, खानपिनदेखि उद्योग-व्यापार, शिक्षा, स्वास्थ्योपचार तथा मुलुकको भौतिक विकास कार्यक्रमसम्म निजामति प्रशासनको कानूनतः गहिरो सम्बन्ध रहँदै आएको छ । यी सबै समस्याको हल गर्ने अधिकार आफूमा निहित भएको सम्झने अधिकांश निजामति प्रशासकहरू र यस्तै काम गर्न पटके नियुक्ति पाएका राजनीतिक ओहोदाधारीहरू शक्तिको मातमा बढी अनैतिक, भ्रष्ट, लालची र धनार्जनका आडमा जस्तोसुकै निर्णय गर्ने भएकाले जनताका आँखामा सरकारी काम कारबाही कहिल्यै जनप्रिय र जनआकाङ्क्षाअनुरूप भएनन् । वि.सं. २०४७ को राजनीतिक परिवर्तनपछि नीतिमा रहेरभन्दा दलीय स्वार्थको आडमा मन्त्रीहरूले निर्णय गर्न थाले । सरकारी कर्मचारीहरूको ट्रेड युनियन दलीय आधारमा खोल्न दिइयो । प्रशासनलाई चुस्त दुरुस्त बनाउने, कर्मचारीको दक्षता अभिवृद्धि गर्नेभन्दा यी युनियनहरू दलाली र मालदार ठाउँमा आफ्नालाई सरुवा गर्ने कार्यलाई प्राथमिकता दिन थाले । पात्र, प्रवृत्ति र

चरित्र नेता, मन्त्रीदेखि कर्मचारीसम्म नै नकारात्मक देखिन थाल्यो । उच्च पदस्थ कतिपय कर्मचारीहरू पनि द्वैध चरित्रका भए । अझ अक्षमहरूले त नेता र दलका इसाराका काम गरिदिएर जागिरबाट निवृत्ति भएपछिको नियुक्तिलाई पनि सुरक्षित बनाए ।

यी माथि भनिएका विकृतिहरूका उदाहरणहरू यस पुस्तकमा भरमार छन् । गाउँघरतिरका स-साना समस्यालाई पनि मिहीन तरिकाले केलाइएका छन् । लेखकले आफ्ना कमजोरीहरू पनि उल्लेख गरेकाले नपत्याउने ठाउँ छैन । राजासँगको भेट, देश-विदेशको सयर, तानाशाही प्रवृत्तिका प्रधानमन्त्रीको निर्णयको कर्मचारी शिकार, निवृत्तपछि उद्यमी व्यापारी बन्न खोज्दाको असफलता, काउछोजस्ता साथीभाइ, लहडी हाकिम आदिका वृत्तान्तले पाठकलाई विविधता प्रदान गरेको छ । जति भौतिक विकास बन्यो, विनासको आयतन पनि फैलिँदै गइरहेको छ । सामाजिक विकाससँग अपराधका प्रकृति, प्रवृत्ति र प्रकारमा सघनता आइरहेको छ । नेताका विभिन्न ओहोदाधारीहरूले विभिन्न वहाना बनाएर राष्ट्रिय ढिकुटीमाथिको दोहन तीव्र बनाएका छन् । समग्रमा नेपालको सार्वजनिक प्रशासनले 'टाइटानिक वार्निङ (नदेखिएको ठाउँमा ठोक्किएर दुर्घटा हुनसक्ने)' पाइसकेको छ । यसलाई सही लिकमा कसले हिँडाउला भन्ने हुटहुटी भएर नै होला लेखकले पुस्तकको नाम 'अलमलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* नामाकरण गरेको बुझ्न सकिन्छ ।

यस पुस्तकमा धेरै कुराहरू प्रत्यक्षभन्दा परोक्ष, स्पष्टभन्दा सांकेतिक र लाक्षणिक, घटनासँगै मनका कुराको पनि चित्रण, सोझैभन्दा घुमाउरो र कतिपय गद्य कवितात्मक शैलीमा भएकाले समकालीन पाठकहरूले बुझ्न र लख काट्न सक्छन् । भाविपुस्ताका लागि दुर्बोध हुनसक्ने सम्भावना पनि छ ।

सार्वजनिक क्षेत्रमा काम गरी निवृत्त भएपछि कतिपय प्रशासकहरूले आफ्ना अनुभवहरूको सँगालो प्रकाशन गरेर प्रशासनका सबल र दुर्वल पक्ष, होचीअर्घेली र प्रशासन आफ्नो लिकबाट रड्किएका कुराहरू बुझ्न सजिलो बनाइदिएको छ । यस पुस्तकले पनि सच्चिन पर्ने क्षेत्रहरू औंल्याएको पाइन्छ । यो सत्प्रयासका लागि लेखकलाई हार्दिक बधाई ।

डिल्लीबजार
मङ्सिर, २०७९

खेमराज नेपाल
पूर्वसचिव

'अल्मलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* भित्र अल्मलिँदा

छात्रावस्थादेखि नै निकट सम्पर्कमा रहेका पुराना मित्र पूर्वसचिव तथा पूर्व-निर्वाचन आयुक्त श्री डमरूबल्लभ (डी.बी.) भट्टराईसँगको मेरो सम्पर्क जागिरे जीवनपछि पनि छुटेको छैन । हाम्रा कार्यक्षेत्रहरू विभिन्न जिल्ला र केन्द्रमा फरक फरक भएकाले भेटघाटका अवसरहरू कहिले बाक्लै र कहिले आक्कलझुक्कल मात्र प्राप्त हुन्थे । जागिरबाट अवकाश लिएपछि पनि केही लेख्दै गर्ने बानी हामी दुवैको छ । बसाइ अलिक वरपर भएकोले प्रत्यक्ष भेटघाट कमै हुन्छ । म फुर्सदमा विभिन्न विषयका लेख-रचनाहरू, अनुवाद, समीक्षा, सामयिक व्यङ्ग्य, गद्य तथा पद्य कविता, कथा, लघुकथा, आदि लेखेर समय बिताउँछु । तर सबै कुरा एकत्रित रूपमा राखेर प्रकाशित गर्नेतर्फ मेरो ध्यान कम गएको छ, शायद म प्रकाशनको विषयमा त्यति जाँगरिलो छैन । तर मेरा मित्र डी.बी. भट्टराईजीचाहिँ आफ्ना अनुभवहरूलाई सँगालेर राख्न र रोचक रूपमा लिपिबद्ध गरेर प्रकाशित गर्न कुशल हुनुहुँदो रहेछ । यो कुरा विगत दुई-तीन वर्षदेखि बुझ्दै आएको छु । यस सिलसिलामा २०७७ सालमा उहाँले लेख्नुभएको 'अनुभव र चिन्तन' को पाण्डुलिपि हेरेर केही सुझावसहित उहाँकोमा फिर्ता पठाएको र पछि त्यो पुस्तकको रूपमा प्रकाशित भएको कुरा सम्झिन्छु ।

यस वर्ष डी.बी. जी अमेरिकाबाट फर्केपछि 'अल्मलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* नामक उहाँको अर्को कृति परिष्कृत भैनसकेको टाइप प्रतिको स्वरूपमा हेर्ने मौका पाएँ । यसमा कतै-कतै अधुराजस्ता लाग्ने संक्षिप्त

सूत्रात्मक वाक्यहरूबाट पनि बुझ्दै जाँदा गहन अर्थ निकाल्न सकिने रहेछ जस्तो लाग्यो । यस पुस्तकमा समेटिएका महोत्तरीलगायत विभिन्न जिल्लामा काम गर्दाका अनुभवहरू विविधतायुक्त र रोचक छन् । केन्द्रीय स्तरका कार्यालय र मन्त्रालयहरूमा रहँदा उच्चस्तरबाट गरिने नीति-निर्धारण र निर्णयका प्रक्रियाहरू कस्ता हुन्छन् भन्ने कुरालाई चित्रित गर्न खोजिएको छ । कतै विदेशी अनुदान सहायताको नाममा प्राप्त हुने रकमको सदुपयोग गर्ने सन्दर्भमा उच्चस्तरीय नीति निर्माणसम्बन्धी डकुमेन्टहरूसम्म विदेशीहरूको पहुँच नहोस् भन्ने कुरातर्फ पनि इङ्गित गरिएको देखिन्छ । राजनीतिक संलग्नताबाट अलग रहनुपर्ने कर्मचारी संयन्त्रमा दलीय आस्थाको पृष्ठभूमिमा खडा गरिएका युनियन, सङ्घ-सङ्गठन आदिको माध्यमबाट राजनीतिक विकृतिको बाटो खुलेको छ भन्ने आशय पनि अभिव्यक्त भएको देखिन्छ । निजामति कर्मचारीहरूको निष्पक्ष र तटस्थ रहेर काम गर्नुपर्ने सेवामूलक पेशा र बौद्धिक कार्यक्षमता उचित वा अनुचित राजनीतिक प्रभावका आधारमा लाए/अड्काएको काम गर्ने वातावरणभित्रै रूमल्लिइरहनुपर्ने स्थिति औचित्यपूर्ण होला त ? लेखकको लामो अनुभवमा आधारित अवधारणाहरू कतैकतै साङ्केतिक र संक्षिप्त भए पनि मनन गर्न लायकका छन् ।

केन्द्रमा नीतिनिर्माणको तहमा र दूरगामी महत्त्वका राष्ट्रिय विषयमा गरिने निर्णयहरू कुनै बेला सत्ता चलाउने पात्रअनुसार अनपेक्षित र अप्रत्याशित पनि हुँदा रहेछन् । त्यस्ता कुराको नकारात्मक असर राज्य व्यवस्थामा समेत पर्ने रहेछ । कर्तव्यनिष्ठ र नियमानुसार सरल रेखामा हिँड्न रूचाउने कर्मचारीले यदाकदा विनाकसुर दण्डित हुनुपर्ने स्थिति पनि आउँदो रहेछ । बाहिर मञ्चमा उभिएर भाषण गर्दा नैतिकता र सेवामुखी कार्य सञ्चालनका कुरा गर्न पछि नपर्ने कुनै ठूलै नेता भर्पाई नगरी ठूलै रकम हात पार्न चाहने पनि हुँदा रहेछन् । कतै कुनै महत्त्वपूर्ण ठेक्का कसलाई दिने भन्ने विषयमा गहन औपचारिक छलफल चलिरहेको बेला कुनै प्रस्तावित ठेकेदार त्यसको लागि उपयुक्त नभएको भन्ने र त्यसै बेला उक्त ठेकेदार आएर भेट्ता अलिक परतिर एकान्तमा एकछिन ऊसँग छुट्टै खासखुस गरेपछि अब यो ठेकेदारले काम गर्ने भयो, यही उपयुक्त छ भनेर ठहर गर्ने काम पनि कुनै जिम्मेवार मन्त्रीजीबाट हुनसक्ने रहेछ । यसरी कतै निहित व्यक्तिगत,

गुटगत र दलगत स्वार्थले पनि नेपालको शासन-प्रशासनमा प्रत्यक्ष प्रभाव पार्ने रहेछ । यस्ता कुराका झलकहरू यस पुस्तकभित्र भेटिन्छन् । त्यसो त यसमा राजनीतिक नेतृत्वलाई मात्र दोषी मान्न सकिन्न । राजनीतिज्ञहरूको आडमा आफ्ना व्यक्तिगत लाभ र उन्नति, प्रगतिका बाटाहरू पहिल्याउन लालायित कर्मचारीहरूको संख्या पनि ठूलै छ । निजामति सेवाका विभिन्न तहका पदहरूमा लामै अवधिसम्म काम गरी नेपाल सरकारको सचिव पदबाट अवकाश पाएपछि पनि केही समय निर्वाचन आयोगको आयुक्त पदमा काम गरेर सेवानिवृत्त भएका अनुभवी प्रशासकको कलमले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै कुरा व्यक्त गरेको छ । तर पहिलेको जागिरे जीवनको अनुशासनबद्ध सीमाभन्दा बाहिर जान नचाहेर होला, यस पुस्तकमा कतै-कतै विषयवस्तुलाई स्पष्ट नखुलाई साङ्केतिक रूपमा मात्र प्रस्तुत गरिएको देखिन्छ । तैपनि प्रशासन क्षेत्रका पारखी र प्रबुद्ध पाठकहरूको लागि लेखकको आशय बुझ्न गाह्रो पर्दैन ।

तत्कालीन प्रजातान्त्रिक सरकारको पञ्चायतकालीन कतिपय पुराना कर्मचारीहरूप्रतिको पूर्वाग्रही दृष्टिकोण र चाटुकारिता गरेर आफ्नो दुनो सोझ्याउन सिपालु सत्ता निकटका केही कर्मचारीहरूको षड्यन्त्रमूलक कार्यबाट केही राम्रा कर्मचारीले पनि सेवाबाट बाहिरिनुपरेको तथ्य प्रशासन क्षेत्रमा चर्चित नै छ । डी.बी. जी पनि त्यस घानमा केही समयको लागि पर्नुभएको थियो । त्यसरी अवकाश पाएर पुनर्वहाली नभएसम्मको समयमा व्यापार-व्यवसायतिर हात हाल्न खोज्दा व्यापारिक चालबाजी नबुझेर असफल हुनुपरेको घटना पनि रोचक छ । उहाँका विदेशतिरका यात्राहरूमा भएका घटना-परिघटना र भोगाइहरू पनि रोचक र मनोरञ्जक रूपमा प्रस्तुत भएका छन् ।

मैले सरसर्ती हेर्दा यस पुस्तकभित्र समेटिएका जिल्लास्तर र केन्द्रस्तरका केही कार्यक्षेत्रगत अनुभवहरू आफूले भोगेजस्तै पनि पाएको छु । कामको प्रकृति र परिवेशमा भने भिन्नता अवश्य थियो । त्यसैले पनि यहाँ प्रस्तुत विभिन्न घटनाहरूको वर्णनले मेरो मन तानेको हुनसक्छ । कुनै-कुनै ठाउँमा चाहिँ सिलसिलाबद्ध रूपमा पूर्वापर-प्रसङ्ग मिलाउन खोजियो भने त्यसको सिलसिला जोड्न गाह्रो पर्ने रहेछ । हुन त यो पनि लेखनशैलीको

एकथरी विशेषता नै होला । जुनबेला जुन कुरा स्मृतिमा आयो, त्यसै बेला त्यसलाई लिपिबद्ध गरिदियो भने उति बेलाको वस्तुस्थिति प्रतिविम्बित भैहाल्छ । प्रबुद्ध पाठकहरूले सिलसिला मिलाएर बुझिहाल्छन् ।

समष्टिगत रूपमा भन्नुपर्दा यस पुस्तकले नेपालको शासकीय व्यवस्था र प्रशासन-सञ्चालनको सम्बन्धमा कतिपय नखुलेका तथ्यहरूलाई खोलिदिने र एकजना अनुभवी प्रशासकका महत्त्वपूर्ण अनुभवहरूलाई प्रबुद्ध पाठकहरूसम्म पुऱ्याउने गोरेटो मात्र होइन एउटा मूलबाटो नै तयार गरिदिएको छ भन्न सकिन्छ ।

खाँदबारी, सङ्खुवासभा
हाल- नारायणटार, जोरपाटी
गोकर्णेश्वर-५, काठमाडौं
मङ्सिर, २०७९

हेमराज पौडेल
पूर्व सचिव

'अलमलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* मा के छ ?

'अनुभव र चिन्तन' प्रकाशनमा आएको करिब-करिब डेढ वर्षको अन्तरालमा आफूले सरकारी सेवामा सँगालेका र निजी जीवनमा भोगेका विभिन्न प्रसङ्गहरूलाई कोट्याएर तीनको जवाफ खोज्ने आग्रह पाठकलाई समेत सुम्पने मनसुवा रहेको देखिएको 'अलमलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* को पाण्डुलिपि वास्तवमै सरल, सहज, सलल लेखिएको तर पुस्तकमा समेटिएका प्रत्येक शीर्षकले पाठकलाई उत्तर र निष्कर्ष खोज्न झकझक्याउने रहेको पाएँ ।

अठहत्तर वसन्त पार गरिसकेको वयमा पनि बडो मिहिनेतपूर्वक रिङ्डो नबिराई विगतका प्रसङ्गहरूलाई रोचक ढङ्गले प्रस्तुत गर्न सक्ने लेखकको प्रयासलाई आदर गर्नैपर्छ, त्यो भन्दा पनि बढी उहाँले पस्कनुभएका प्रसङ्गहरूलाई अनुसन्धान गर्न सकिएमा नेपालको सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सकिने क्षेत्रहरूको पहिचान गर्न सकिने देखियो । जुन सम्भवतः सार्वजनिक प्रशासनका विद्यार्थीहरूका लागि आकर्षणको विषयवस्तु हुनसक्छ । उदाहरणको लागि तिलबहादुरको कर्तव्यपरायणतालाई लिन सकिन्छ । तिलबहादुरजस्ता निजामति सेवक आजका दिनमा कति होलान् ? चराको झुण्ड र तिनको शिकारमा रमाउन खोज्ने प्रशासकबाट कुनै कालखण्डमा सञ्चालन गरिएको प्रशासनको सेवा प्रवाह कस्तो थियो भन्ने प्रसङ्गको तादात्म्यता आजको सेवा प्रवाहसँग कतिको मेल खान सक्छ यो पनि अनुसन्धानकै विषय बन्न सक्नेछ- प्रशासन सुधार कार्यमा खटिनेका लागि ।

देशको शासकीय शैली परिवर्तन भइसकेपछि सरकारी सेवामा रहँदाको बखतमा र अनायसै खोसिई पुनर्वहालीपश्चात् सिंहदरवारमा फर्किंदा आफ्ना सहकर्मीबाट खेप्नुपरेका दुर्व्यवहारका कारणले लेखकको कार्यसम्पादनमा कस्तो प्रभाव पऱ्यो होला; के यस्ता विषयवस्तुहरू निजामति सेवाको सुधारका लागि शोधको विषय बन्न सक्दैन ? त्यति हुँदा-हुँदै पनि सेवारत रहँदा र पुनर्वहालीपश्चात्का दिनहरूमा समेत लेखकले कमाएका सहयात्रीहरूलाई सम्झनामा राखेर जुन गुन तिर्न खोज्नु भएको छ । त्यसले लेखकमा रहेको मानवीय गुणको प्रशंसा गर्नु अत्युक्ति नहोला ।

स्थानीय प्रशासकका रूपमा करिब आधाजसो सरकारी सेवाको अवधि व्यतित गर्नुभएका लेखकले कुनै कुनै प्रसङ्गमा आफूले त्यति सारो नगरेको भए पनि हुन्थ्यो भन्ने खिन्नताको बोध गरेको प्रतित हुन्छ केही प्रसङ्गहरू पढिँदा । त्यो बखतमा त्यसो गरिनु आवश्यक थियो, समयको माग थियो र प्रशासकको कर्तव्य थियो नै त्यसै भएर नै निमित्तको रूपमा मैले त्यो कार्य गरेँ भनेर गर्व गर्न सकियो भने त्यो खिन्नताको बोझ पनि लेखकको मनबाट हट्न जान्छ । प्रचलित ऐन-कानूनले दिएको अधिकारको दुरूपयोग नगरेर आफ्नो व्यक्तिगत स्वार्थभन्दा धेरै माथि उठेर सामूहिक स्वार्थका लागि गरिएका कार्यका लागि प्रशासकहरूले खिन्नताबोध गर्न थाल्ने हो भने सामाजिक सुधारका कार्यहरू कदापि हुनसक्दैनन् । त्यसैका लागि पढेलेखेका, देश देशावरको अनुभव लिएका र व्यक्तिगत स्वार्थ र सामूहिक स्वार्थका भेद जानेका मानिस स्थानीय प्रशासकका लागि नियुक्त हुन योग्य मानिने चलन चलेको हो ।

लेखकीय दृष्टिकोणमा कुनै क्लिष्ट शब्द वा वाक्यहरू पुस्तकमा छैनन्, पढिरहुँ भन्ने भावना पाठकलाई जगाउन सकेका प्रत्येक प्रसङ्ग छन् । सेवा निवृत्त दिनचर्यामा लेखकले आफ्ना विदेशिएका आफन्तहरूलाई भेटघाट गर्न सात समुद्रपारिका देशमा गएको घटनालाई पनि उल्लेख गर्नुभएको पाइन्छ । यदाकदा आफ्ना नातागोता र ईष्टमित्रको बीचमा पुग्दा समेत रमाउन सकिन भन्ने बोध अर्थ्याउनु भएको छ, जुन नाजायज हुँदै होइन । नातागोता र आफन्तको वैभव, प्रगति र आर्जनले खुशी तुल्याए तापनि तिनकै बीचमा रमाउन नसक्नु भनेको आफ्नो जन्मभूमि र कर्मभूमिप्रतिको प्रेम र आदर हो भन्ने कुराको छनक लेखकले कोट्याउनु भएको छ ।

'केही भए मलाई लेख्दै गर्नु' भन्ने प्रसङ्गले लेखकलाई एक किसिमको ढाडस र बल प्रदान गरेको छ । मुलुकको सर्वोच्च व्यक्तिले कर्मचारीलाई पाँच शब्दको त्यो वाक्य बोलिदिँदा त्यो कर्मचारीको कार्यसम्पादन स्तर कति गुणाले बढ्दो हो ? के आजका दिनमा मुलुकका सर्वोच्च प्रशासकले त्यसै गरी कर्मचारीलाई ढाडस र बल दिन्छन् ? यो पनि अनुत्तरित प्रसङ्ग पो हो कि ?

अन्तमा,

डी. बी. भट्टराईको यो दोस्रो पुस्तकमा समेटिएका प्रसङ्गहरू सार्वजनिक प्रशासनमा संलग्न रहेका वा हुन चाहनेहरूका लागि एउटा गहन सन्दर्भ सामग्री बन्न सक्ने देखेको छु । भट्टराईले आत्मवृत्तान्तको रूपमा नभई आफूलाई घटनाको साक्षीको रूपमा ढाली आफ्नो कार्यकालमा घटेका प्रसङ्गहरूलाई पुस्तकको रूपमा ल्याउनुभएको छ । कतिपय प्रसङ्गहरू अनुत्तरित छन्, सम्भवतः तिनको उत्तर उहाँले हालसम्म पनि खोज्न सक्नुभएको छैन । त्यसैले पुस्तकको नाम नै 'अलमलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* राख्नुभयो होला । पुस्तकले प्रशासन सुधारका विद्यार्थी र शोधकर्ताहरूलाई मनग्य विषयवस्तु दिएको छ । यस मानेमा लेखक डी. बी. भट्टराई, प्रकाशक उमा शर्मा भट्टराई र पुस्तकसँग सम्बद्ध सम्पूर्णलाई धेरै-धेरै साधुवाद !

मङ्सिर ०७९

जयमुकुन्द खनाल
पूर्व सचिव

विषय सूची

१.	प्रवेश गर्नुअघि	१
२.	महोत्तरीका ती दिन	५
३.	चारखालमा हराउँदै	१२
४.	"केही भए मलाई लेख्नै गर्नू"	१८
५.	सहायताका विधि र पद्धतिहरू	२३
६.	नर्सरीको भोगटे	२५
७.	शिष्टाचारका भेलहरू	२८
८.	निर्वाचन आयोगको सकस	३३
९.	समाधानका विधिहरू	४०
१०.	व्यवसायी बन्न खोज्दा	४३
११.	अग्रगतिका जराहरू	४५
१२.	जीवन्त कहानी	४९
१३.	त्यो हाम्रो होइन र ?	५४
१४.	खिन्नताको बोझ	६०
१५.	सहयात्रीहरूसँग	६६
१६.	तिलबहादुर	६९
१७.	अदृश्य हातहरू	७१
१८.	हक-हितका सपनाहरू/गाँठाहरू	७४
१९.	कति स्वाभाविक	८४

२०. बिचरा चरा ८६
२१. त्यो रोल्पा ८८
२२. सिँचाइको मूल्य ९०
२३. यो कति आवश्यक ९२
२४. विवश परिवेश ९४
२५. म पनि निजीकरणमा ९७
२६. कतै केही तितो १००
२७. पछिल्ला गोरेटाहरू १०२
२८. परदेशमा बरालिँदा १०८
२९. पहाडी शृङ्खलाहरूमा लुकामारी गर्दै ११६
३०. कहाँ छ घाउ १२०
३१. अनपेक्षित प्रसङ्ग १२४
३२. अवीस्मरणीय त्यो दिन १२९

प्रवेश गर्नुअघि

'अलमलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* मा प्रवेश गर्नुअघि पूर्वप्रकाशित कृति "अनुभव र चिन्तन-०७७" का केही असजिला प्रसङ्गतिर । चारैतिर कोरोनाको हाहाकार । कम्प्युटर गर्ने कहाँ, डिजाइनर कता हो । बल्ल प्रेसमा । तर काम गर्ने मानिस छैनन् । फाट्टफुट्ट आउँछन्, भरोसा छैन । पुनः पहिलो प्राथमिकता छ, सरकारी पाठ्यपुस्तकहरू । यस्तैमा जेनतेन छापिन्छ । "पूर्व कर्मचारी सेवा परिषद्" को सौजन्यले विमोचन हुन्छ-त्यो पनि आधुनिक प्रविधि जुमबाट । लक डाउन खुकुलो हुँदै, तैपनि डरैडर । न्यून चहल-पहल, न्यून सम्बन्ध, सम्पर्कहरू । पसलहरू पनि थपनाजस्ता । तह-तहमा आशा छ- असल दिनहरू चाँडै आउलान् । पलपलमा धैर्यको खाँचो । धन्य पैरवी बुक हाउस । जसले यो पुस्तक प्रकाशन गर्न सक्यो ।

यो सानो कृतिका महत्त्वपूर्ण पक्ष छन्, "अनुभव र चिन्तन" का सहृदयी पाठक तथा शुभचिन्तकहरूका साथ र सहयोगहरू । आधारस्तम्भ बनेका छन्, सञ्चार मिडियाहरू । विमोचनको बेला नै, विज्ञहरूको टिप्पणीले मन फुरुङ्ग बनाउँछ । संयोग भनौं, ती थिए परराष्ट्रविद् तथा लेखक पूर्वसचिव डा. मदन भट्टराई, पूर्व सचिव जयमुकुन्द खनाल, वरिष्ठ पत्रकार भैरव रिसालका सारगर्भित अभिव्यक्तिहरू ।

कोरोनाको प्रारम्भिक चरणमा बन्द पसलहरू पूर्ण खुल्न नपाउँदै उही पुरानो रोग । पुनः लकडाउन । लामो प्रतीक्षापछि अलेली खुले जस्तो । तर

डरको माहोल कहाँ घट्नु । तैपनि पाठकका क्रिया-प्रतिक्रियाहरू । देश बाहिरसम्म छरिएजस्तो । अनलाइनमा प्रवेश नगर्ने कतिलाई पत्रिकाले पनि मद्दत गरेछ ।

यसमा पनि सरकारी सेवाकै केही अनुभव । अतीतलाई अझै नियाल्दा त्यहाँ भेटिने छन् जिल्ला र केन्द्रका विविधताले भरिएका केही अनुभवहरू । शायद, सुल्झनभन्दा उल्झन नै बढी । कतिको उत्तर समयक्रमले दियो । कतिको लेख-रचनाहरूले । लाग्छ, यस्तै-यस्तै केही प्रसङ्गहरू अरू होलान् ! जुन अहिलेसम्म पनि अनुत्तरित जस्तै-जस्तै रहे । हुनसक्छ, म स्वयंमा कतै केही कमजोरी होस् । कालखण्डअनुसार विषय सूची बनाउन नसक्नु पनि कमजोरी नै हो । मन, वचन र कर्ममा जहिले खड्किने प्यारो शब्द 'प्रतिगामी' कहाँ बिर्सन सजिलो रहेछ र ! ३० वर्ष पुरानो भइसक्यो, तैपनि कति प्यारो । अझै दोहोरिँदै छ । विवशता स्वीकार्य हुने अपेक्षा राख्तछु ।

प्रविधिको युग, व्यस्त जीवनशैली, पटक-पटक बल्झिने कोरोनाको कहर । अब त यत्रतत्र युक्रेन युद्धको असर पनि । अशान्त मनहरू । कृतिमा केन्द्रित हुने मन कहाँ । यसै पनि नयाँ समाज, परम्परागत पठन प्रणालीबाट टाढा हुँदै । यस्तो बेला पनि पाठकहरूको लिखित, मौखिक प्रतिक्रियाले डोहो-याउँदैछ । "अनुभव र चिन्तन" कै दोस्रो भागभन्दा पनि होला, नयाँ कृति 'अल्मलिएका गोरेटाहरू : *अनुत्तरित प्रसङ्गहरू* तिर उत्साह जगाउँदैछ ।

त्यो बेला "अनुभव र चिन्तन" को प्रसङ्गमा पहिलो खुसी प्रा. कृष्ण खनालबाट पाएको थिए । दोस्रो 'खुसी' विमोचनको अवसरमा । यससँग जोडिएका अन्य केही प्रसङ्गहरू- मदन भट्टराईको काठमाडौँ पोष्टको लेख, अनलाइन तथा फेसबुक र तारा सुवेदीको युगसंवादले उत्साह थप्छ । सबै उत्साहको कारण बने । त्यस्तै डा. दुर्गा पोखरेल, पूर्वसचिवहरू नारायणराज तिवारी, हिरण्यलाल रेग्मी, विमल वाग्ले, विश्लेषक तथा उच्च अधिकारी विदुर के.सी., गेहनाथ गौतम, तारा सुवेदी, सदानन्द भट्टराई, विश्लेषक राजेश्वर थापा, डा. तुलसी गौतम, कमला न्यौपाने, टंक श्रेष्ठ, प्रभात भण्डारी, शान्ता नराल, खेमराज घिमिरेहरूका टिप्पणी एवं क्रिया-प्रतिक्रियाहरू स्मरणीय रहे ।

मार्गदर्शक बने । विशेष धन्यवाद । पाण्डुलिपि हेरेर कमी हटाउन सुझाव एवं मन्तव्य दिनुहुने पूर्वसचिव हेमराज पौडेल र जयमुकुन्द खनालप्रति कृतज्ञ छु । त्यस्तै यो कृति जन्माउन निरन्तर सहयोग, प्रोत्साहन तथा मन्तव्य दिनुहुने पूर्वसचिव खेमराज नेपालको सद्भावलाई कसरी बिर्सन सकौंला र ! आभारी छु ।

कति प्रबुद्ध व्यक्तित्वहरू, विश्लेषकहरू, सहृदयी पाठकहरूका विचारमा कता कति अधुरो, छुटे, छुटाएजस्तो भाव छ । हो, अवश्य कमी छन् । विश्लेषण सही छ । यसमा पनि कतै अस्पष्टता, कतै अधुरो, कतै छुटेको, कतै दोहोरिएको जस्ता रोगबाट मुक्त कहाँ छु ? हो, तमाम अनुत्तरित प्रसङ्गहरू । छुट्कारा कहाँ । सम्पूर्णता कहाँ । यो एउटा गोरेटो मात्र बन्न सकोस् । हो, निजामति सेवाको विशाल भण्डारभित्र त एक थोपा मात्र । यस प्रसङ्गमा विश्लेषक, टिप्पणीकर्ता, क्रिया-प्रतिक्रिया गर्ने पाठक, प्रेरक, सहयोगी तथा शुभचिन्तकहरूलाई धन्यवाद भन्न चाहन्छु ।

पञ्चायतकालका निजामति सेवाका कति प्रावधानहरू बिदा गरेको पनि धेरै वर्ष भएछन् । भनिन्थ्यो, राष्ट्रको अग्रगति र समृद्धिको लागि यो महत्त्वपूर्ण कदम हो । अनिवार्य आवश्यकता हो । त्यसपछि सेवा प्रवेश गर्नेहरू पनि समयक्रममा रिटायर हुँदैछन् । परिवर्तित परिस्थितिको प्रतिफल होला पछिल्लो कालखण्डमा कति उच्च अधिकारी तथा सचिवहरूको लेख अन्तर्वार्ता आदि पढ्ने, सुन्ने मौका मिल्दैछ । पछिल्लो कालखण्ड- पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाको 'मेरा नौ दशक' र स्वास्थ्यविशेषज्ञ डा. भगवान् कोइरालाको कृति 'हृदय' ले त निकै मन छुने प्रसङ्गहरू खोतलेछ । लाग्छ, समृद्धिको यात्राको सुन्दर पक्ष । त्योबेला अग्रगति समात्न नसक्ने ठानिएका कति साथीहरू सेवाबाट बाहिर परेका थियौं । सेवाको सदस्यको नाताले त्यो बेलाको निकै कठोर र गर्विलो कदमको सम्झना बराबर हुँदो रहेछ । त्यो कृतिका समीक्षक तथा पाठकबाट पूर्ववत सदासयताको अपेक्षा राख्दै तत्कालीन केही प्रसङ्गहरू पुनः स्मरण गर्ने धृष्टताको लागि क्षमा चाहन्छु । कदाचित्, निजामति सेवाको समसामयिक अवस्था बुझ्न ३० वर्ष पुराना प्रसङ्ग केही सान्दर्भिक हुन सकून् ।

०५७ देखि सरकारी सेवाबाट बाहिर छु । त्यसपछिका केही वर्ष निर्वाचन आयोगमा । उत्साह र उमङ्गका ती दिन अब कहाँ ! अलि-अलि बनेका गोरेटाहरू पनि हराउँदै । लाग्छ, पुराना घाउहरू, कति कोट्याउने, कति कनाउने । हो, यथार्थ तस्बिर बनाउन पनि कति गाह्रो । म पनि त त्यो पोखरीभित्रै छु । अब यस्ता सबै, सधैँलाई बिर्सौं, बिदा गरौँ । अनुभवी, ज्ञानीजनबाट क्षम्य होस् । सद्भाव बनिरहोस् ।

अन्त्यमा कसको पालामा कस्तो के भयो, कसले के गऱ्यो आदि व्यक्ति विशेषका गुण-दोष केलाउनुभन्दा सैद्धान्तिक धरातलमा समष्टि मूल्याङ्कन नै उत्तम विकल्प हो कि । यो पनि विश्लेषककै जिम्मा रहोस् ।

लेखक

महोत्तरीका ती दिन

विद्यार्थीकाल- सप्तरीपछि महोत्तरीको नाम लहरै पढ्थ्यौं । त्यो ऐतिहासिक थलो अब मेरो कर्मक्षेत्र बनेको छ । तराईको पहिलो अनुभव । २०३६ को मध्यवर्षा । जतातै तालजस्तो । यस्तै हेर्दै, भोग्दै जलेश्वर पुगेको थिए । कुनै समय ब्यारेक बसेको ठूलो घरमा रहेछ, जिल्ला कार्यालय । ठूलो कम्पाउण्ड, एक भागमा जनकपुर अञ्चलाधीश कार्यालय । आवास पनि नजिकै । चारैतिर शीतलता प्रदान गर्दै, शोभा बढाउँदै ठूलठूला वृक्षहरू ।

अब तत्कालै बाढी पीडितहरूका गाँस, बाँस, कपासका जटिलतासँग जुध्नु छ । नेता, कार्यकर्ताहरू मेरो प्रतीक्षामा जस्तो । परीक्षाको घडी, नयाँ प्र.जि.अ. कस्तो होला । भोलि आउने दिनहरू कति सहज, असहज । शायद खुल्दुली । एक किसिमको घेराउ ।

विशेष संयोग भनौ- अञ्चलाधीश डा. शंकरराज पाठकसँग पहिलो भेट । शिष्ट र सद्भावपूर्ण व्यवहारहरू । सहज सम्बन्ध तथा सम्पर्कहरू । प्रमुखको हैसियतमा पहिलो पटक तराई जिल्लाको जिम्मेवारीमा प्रवेश गर्दैछु । धेरै सिक्नु, बुझ्नु छ । प्रारम्भिक दिनमा नै उहाँको विद्वतापूर्ण तथा प्रष्ट व्यवहार र दरिलो मार्गदर्शनले खँदिलो हुँदै जाने मौका मिलेछ । बाढीकै प्रसङ्गमा जिल्ला पञ्चायत सभापति चन्देश्वर रायसँग भेट । केही महिना अघि मात्र सभापतिमा निर्वाचित । पर्याप्त सहयोगात्मक भावना । सीमित मिष्ठवाणीहरू । लाग्छ, अगाडि बढ्ने अनुकूल परिवेश छ । त्यो स्थिति बिदाइ नहुन्जेल रहन्छ ।

यसै बाढीले, घरमै व्यस्त विश्वेश्वरप्रसाद यादवसँग पनि भेट गराउँछ । पटक-पटक सभापतिको जिम्मेवारी निर्वाह गरेका निष्कलङ्क यादव, सबै जिल्लावासीको आस्था, विश्वास र भरोसाको केन्द्र । छलछाम, कपट, तेरो मेरोबाट धेरै टाढा । भनिन्छ, नमूना भन्न मिल्ने आदर्श पुरूष ।

परिस्थितिले हस्तक्षेप मुक्त भएछु । राजनीतिक नेतृत्वका रा.प.स. कुलानन्द झा आफैंमा मस्त । अर्को रा.प.स. भोजराज घिमिरे गृहमन्त्रीमा व्यस्त । रा.प.स.मा पराजित पृथ्वीमान सिंह भण्डारी, आफ्नै घर-गृहस्थीमा । त्यहाँ हस्तक्षेप, भनसुनका कुरा छैनन् । नत कसैको नाम लिएर कोही आउँछ । अर्को सहजता थपेको छ, कार्यलयका सहयात्री मित्रहरूले । संयोगले भेट हुन्छ, थिरबहादुर जि.सि.जस्ता दरिला, कर्मठ, इमान्दार अधिकृतसँग । अब कार्यालयको दैनिक जिम्मेवारी क्रमशः हल्का हुँदै । यी बने मेरा अग्रगतिका थप आधारहरू ।

ग्रामीण परिवेश । नदी, खोला, खोल्सा, नहर, खेत, गाउँ यत्रतत्र भरिभराउ । गाउँतिरको सम्बन्ध टुटेजस्तै । जेनतेन सहज सम्बन्ध-सम्पर्क भनेको जनकपुर र भिट्ठामोडसम्म । सबै चालू गर्न दशै तिहारको प्रतीक्षा छ । अब क्रमशः शरदऋतुको आगमन । कविको मनमा खेलमा शष्य श्यामला धर्ती भनेको यस्तै-यस्तै केही हुँदो हो, चारैतिर धोई-पखालीजस्तो । नदी, खोला-खोल्साहरू शुद्ध सफा हुँदै । यत्रतत्र हरियाली तथा लहलह धानका बालाहरूले अव्यक्त उमङ्ग थप्दै । अब क्रमशः गाउँतिरका सम्बन्ध-सम्पर्कहरू बढ्दै । तिहार पुग्दा नपुग्दा सबै सामान्य जस्तै छ । आवागमन पूर्ववत् हुँदै । सम्पूर्ण परिवेश भनौं अर्को चरण- शरद् ऋतुमा प्रवेश गर्दैछ । यो घडीमा कताकता कवि शिरोमणिको ऋतुविचारको तलको अंश सम्झन्छु :

"वर्षा जागरिलो दासी, धोई पोती लिपी चली ।
शरद मालिकिनी जस्तै, गर्न थाली ढलीमली ।।
सुकी सक्यो, हिलोसारा, धुलो छैन रत्ती-भर ।
रस्ता देखिन्छ सम्पूर्ण लिपेको झै मनोहर ।।"

ती दिन, महोत्तरीका गाउँहरू, शहरी हावा भन्दा धेरै टाढा । यद्यपि गौशाला, लोहारपट्टी, मनहराकट्टी, पिप्रा, मटिहानीजस्ता केही गाउँ

शहरीकरणको दिशामा छन् । सदरमुकाम जलेश्वरको हालत पनि त्यस्तै-त्यस्तै । लाग्छ, सबै आफ्नै परम्परागत संस्कार, संस्कृति, चालचलन, विधि व्यवहारमा मस्त । विविधतासँगै एकता पनि । हो, बलियो सद्भाव र सहयोगका अन्तर सम्बन्ध बोकेका गाउँहरू । जतातै अग्ला-अग्ला नरिबल, सुपारीका बोटहरू, ठूल-ठूला छायादार रूखहरू । कतै आँपका बगैंचा छन् त कतै पशुका बथानहरू । यत्रतत्र आकर्षक बहु-उपयोगी साना-ठूला पोखरीहरू । शीतलतासँगै सुन्दरता थप्दै मोहित बनाउने परिवेश ।

यदाकदा इतिहास बोकेका पोखरीहरूमा आफैं हराउँछु । त्यो कालखण्ड सोचको धरातल कति गहन तथा व्यापक हुँदो हो । भनिन्थ्यो, महोत्तरीमा मात्रै तीन सयभन्दा बढी पोखरी होलान् । हो, त्यो बेलाका दमकल, ट्र्याक्टर वा माछा उत्पादन केन्द्रहरू । मिटिङ, भेटघाट, गफगाफ, चिन्तनका थलाहरू । मनोरञ्जनसँगै थकितहरूको विश्राम थलो । एक किसिमको राहत केन्द्र । पोखरीको डिल वरिपरि पर्याप्त सार्वजनिक जग्गा । कतै बच्चाहरू खेल्छन् त कतै कुनामा नुहाउने धुवाउने काम । कतै नाक छेडेका गोरूहरू उग्राउँदै छन् त कतै गाईवस्तु चर्दै । कुनै भेगमा रमाइला कार्यक्रमहरू- नाचगानहरू, माइकहरू बज्दै । लाग्छ बहुपक्षीय उपयोगिताका सुन्दर-शान्त पोखरीहरू, गाउँहरूको सम्पन्नतामा बल पुऱ्याउँदै छन् । मेरा मित्र डा. प्रकाशचन्द्र पंजियार पुराना दिन सम्झँदै भन्नुहुन्छ- त्यो बेला हजुरबाले राम्रो पोखरी नभएको गाउँमा आफ्नी छोरी अर्थात् मेरी फुपूको विवाह गर्न मान्नुभएको थिएन । यथार्थमा त्यसै बेला पोखरीहरू समृद्धि र सम्पन्नताको मानक रहेछन् ।

म पहाडमै जन्मिएँ, हुर्किएँ । त्यसैले पनि होला तराईको जीवनशैलीमा नवीनता छ । अलग विशेषता छ । शायद, मनको कुनामा अझै लुकेको अलग धार पनि । ती दिनका सम्झना गर्दा लाग्छ, सुल्तानपुरीको गजलको यो अंश नजिकै छु :

'मै उसको ढूङ रहा हूँ
कच्ची सडकें, उडती धुल

लगते वाग महकते फूल

वो मेरे खेत और खलियान

मै उसको ढूड रहा हूँ...

ठाउँ ठाउँ छरिएका छन्- आफ्नै विशेषता बोकेका मटिहानी मठ-मन्दिरहरू । त्यो बेला मटिहानी गुठीको मात्र पन्ध्र सय विगाहा जमिन मोही नलाग्ने रहेछ । त्यो थियो पूजाको लागि मात्र । बाँकीमा अरू सरह । भनिन्थ्यो, मटिहानीको मात्र तीन हजार बिगाहाभन्दा बढी होला । त्यस्तै अरू मठ-मन्दिरहरू पनि पर्याप्त धनी । विशेषतः वैष्णव धर्मावलम्बीहरूको प्रधानता । महोत्तरी सम्झँदा यी सबै एक पछि एक आउँदा रहेछन् ।

त्यो बेला, मटिहानी गुठीको प्रमुखमा "मान महन्त" । सम्मानित व्यक्ति, व्यस्त जीवनशैली । जिम्मेवारीपूर्ण व्यवहार । कति सामाजिक, धार्मिक, शैक्षिक कार्यक्रमलाई सहयोग गर्दै । आफ्नै नेतृत्वमा मटिहानीमा संस्कृत अध्ययन केन्द्र पनि । हो, धेरै विषय पढाइ हुने आवासीय विद्यालय । विद्यार्थीको खाने, बस्नेलगायत सबै प्रबन्ध । त्यो बेला पूर्वतर्फ धरान पिण्डेश्वर पछिको दोस्रो महत्त्वपूर्ण संस्कृत पठनपाठनको थलो । शायद दिङ्ला तेस्रोमा पर्ला । ती दिन सम्झँदा लाग्छ, आज पनि प्राचीन परम्परा, संस्कृति, संस्कार तथा मूल्य मान्यताका विषयमा योगदान गर्दैछ । ज्ञान विस्तार गर्दैछ ।

अब केही छिन - माछा खान जानु छ । २०३६, त्यो बेला जिल्ला गाउँ फर्क, राष्ट्रिय अभियानका अध्यक्ष सूर्यबहादुर श्रेष्ठ । उनको टिम समय-समयमा जमिन्दारहरूको घरमा माछा खान जाने रहेछ ।

गाउँ फर्कको पदेन सदस्यमा प्र. जि. अ. पनि । माछा भोजमा पहिलो पटक सहभागी । जमिन्दारको आतिथ्य छ । यहाँ छन् माछालगायत विभिन्न परिकार, नाचगान आदि विविध रस रङ्गका कार्यक्रमहरू, आवरणहरू । करिब मध्यरातसम्म नै । मेरो लागि यो नयाँ दुनियाँ ।

पहाडी जिल्ला पाँचथरबाट भर्खरै आएको ठिटो । कहिल्यै नदेखेको, नभोगेको नयाँ परिवेश । तैपनि, किन किन, त्यो समृद्धिमा डुबुल्की मार्न मन मान्दैन । कत्ति खुसी छैन । के चाहिएको हो, न त मसँग जवाफ नै छ ।

दोस्रो चरण- अध्यक्षजी भन्नुहुन्छ आउँदो शुक्रबार कुनै अर्को जमिन्दारकोमा यस्तै कार्यक्रम छ । त्यसरी घुमी घुमी माछा पार्टी, चित्त बुझ्दैन । त्यसमा सामान्य ढङ्गको मेरो असमर्थता छ । टिम गएछ, शायद त्यो रौनक रहेन । प्र. जि. अ. पदको धाक-रवाफबाट दायाँबायाँको अवसर जमिन्दारकोमा पनि पुग्दो हो । हुनसक्छ, सबैलाई ती विशेष लाभका पक्ष बनून् । त्यस्तै अर्को पटक विशेष जोड आयो । अन्ततः भन्न करै लाग्यो । अब यस्ता कार्यक्रममा मलाई सरिक नगराए हुन्थ्यो । मेरो दुर्भाग्य भनौं या सौभाग्य महोत्तरी बसाइको रमाइला प्रसङ्गको सुरू र अन्त एकै दिन भएछ । धन्य माछा पोखरी ।

हाथिलेट गाउँको अनपेक्षित घटना, भ्यागुताको मालातर्फ- यसैसँग जोडिएको अझ चर्को अर्को घटना । अपराधी पक्रन गएको सुरक्षा टोली आफैं घेराउमा पो । प्रहरीलाई आफ्नै ज्यान जोगाउन धौ धौ । भागाभागको स्थिति । महोत्तरीको त्यो गाउँमा एक चल्तापुर्जा स्थानीयलाई असन्तुष्ट केहीले भ्यागुताको माला लगाएर गाउँ घुमाउँछन् । ती को थिए, कोही कसैको नाम लिन चाहँदैन । शायद सक्दैन पनि । के कसो, सबैतिर खुल्दुली । खोज तलास हुँदै जाँदा एस.पि. कार्यालयले केही विशेष रिपोर्ट प्राप्त गरेछ । मुकावला गर्ने योजना पनि बनेछ । एक दिन बेलुका अस्पष्ट खबर आउँछ । आज बेलुका सात बजे जिल्ला प्रहरीको टोलीसहित प्र. जि. अ. जनकपुर एस. पि. कहाँ भेला हुने । त्यो बेला राम्रो नाम चलेका एस. पि. मा रणबहादुर चन्द । आफ्नै जिल्ला भए पनि पछिल्लो परिस्थितिसँग हामी अनभिज्ञ छौ । त्यहाँको भौगोलिक बनावट थाहा छैन । न त सङ्कटसँग मुकावला गर्ने पूर्व तयारी नै । यति मात्र स्पष्ट छ- भ्यागुताको मालासम्बन्धी उग्रहरू पक्राउ गर्ने । एस.पि. कार्यालयमा ब्रिफिङ्ग । केही प्रहरी त्यहाँ थपिन्छन् पनि । मेरा साथमा डि.एस.पि. शम्भु थापाको टोली । पूर्वतयारीका लागि एकछिन बर्दिवासमा रोकिन्छौं । राजमार्ग छोड्न नपाउँदै उत्तरपट्टिको डाँडाबाट लामो स्वरले एकोहोरो शङ्ख लगातार बज्न सुरू हुन्छ । यो क्रम जङ्गल पस्दा पनि छ । त्यस्तो रातको बाह्र बजेतिर, त्यसरी शङ्ख बज्नुको प्रयोजन के हुन सक्थ्यो । अनेकौ तरङ्गहरू । तापनि आउँदो सम्भावित घटनाप्रति हाम्रो ध्यान जाँदैन ।

हाथिलेटको पश्चिमपट्टि जङ्गलको छेउमा, सानो गाउँ । राति बाह्र बजे त्यहाँ पुगेर घर घेर्ने र केही मानिस पक्राउ गर्ने योजना छ । एघार बजेतिर टोली हिँड्छ । त्यहाँ पुग्न सहज बाटो भनेको बर्दिवास राजमार्गबाट दक्षिणतिर जङ्गलका बाटो । गााउँ नपुग्दै पश्चिम लाग्नुपर्ने । गाडी मूलबाटोमै छोड्छौं । अब झाडीहरू, अप्ठेरा खोला-खोल्सा, जङ्गलको भाग हुँदै पार गर्नु छ ।

अब सट्याकसुटुक गएर गाउँ घेर्नु छ । पैदलयात्रा लामै छ । रातको समय, अप्ठेरो गरी गाउँको नजिकै पुग्दैछौ । कसले के गर्ने, कसरी गर्ने सल्लाह हुँदैछ । तर अचम्म, गाउँ नपुग्दै हतियारसहित गाउँलेहरूले चारैतिरबाट घेरी पो सकेछन् । सानो-सानो घेरा गर्दै नजिक-नजिक आउँदै । बत्तीको पल्याक-पुलुक । हामीसँग त्यो पनि छैन । पूर्ण अन्धकार । कोसँग लड्ने, कसरी लड्ने, कुनै पूर्व योजना छैन । त्यस्तो घटनाको अनुमान पनि छैन । त्यहाँ सबै वर्ग, उमेरका मानिसको झझल्को छ । अब कहाँ छ त अगाडि बढेर लक्ष्य प्राप्त हुने अवस्था । हाम्रो उद्देश्य धरासायी बन्दैछ । अब तत्कालै निर्णय लिनु छ । सबैको ध्यान मतिर । कहिल्यै आवेशमा नआउने डि.एस.पी. शम्भु थापा । त्यो बेला शक्तिको औचित्य देख्ने कुरै भएन । मुडभेडबाट प्राप्ति नै कति । छिटो छिटो भाग्नु, घेराउबाट निस्कनु उत्तम विकल्प छ । बाँकी भविष्यको योजनामा ।

यदाकदा लाग्छ, त्यो बेला त्यसरी एकनासले बजेको शङ्खको उद्देश्य के थियो । हामीलाई घेर्ने, लड्भिड् गर्ने लगायत अप्रिय नतिजाको लागि पूर्व तयारीको सङ्केत त थिएन । हाम्रो कार्यक्रमको जानकारी कसबाट, कसरी, किन त्यहाँ पुग्यो होला । लाग्छ, कतै नियोजित ठूलै अभियानको हिस्सा त थिएन । जसले हाम्रो बलिदान मागोस् । के-के न समस्या छ भन्दै कसैले आफ्नो भूमिका थप देखाउने तरिका मिलाएको होस् । राति बाह्र बजे नै गाउँ घेराउ गर्ने बाध्यता नै कसरी, किन ? पूर्व योजना भए कहाँ बन्यो ? त्यस्तो बेला शङ्ख बज्नुको अर्थ के हुन सक्थ्यो । शायद यस्ता तर्क अब अनावश्यक पनि । तर अचम्म, केही दिनपछि त्यो समस्या सामान्य ढङ्गले नै हल हुन्छ । त्यति सजिलै हल हुने विषयमा त्यत्रो तामझाम । सब अब

इतिहास बनिसकेका प्रसङ्गहरू । यदाकदा लाग्छ, खोट कहाँ ! के त्यसका जराहरू हामीभित्र पनि थिए त ! हाम्रो त्यो लक्ष्य स्वयंमा कति समस्या, अनि समाधान थियो । खोट कहाँ छ त ।

अब ऐतिहासिक जनमतसंग्रह जोडिएको प्रसङ्गसँग- काठमाडौँबाट चलेको हावाले महोत्तरीका शिक्षण संस्थाहरूलाई विस्तारै प्रभाव पार्दै । फाट्टफुट्ट नारा जुलुसहरू । अचानक एकदिन नसोचेको दुर्घटना निम्त्याउँछ । त्यसपछिको जटिलता, जनमतसंग्रहको घोषणासम्म ।

जलेश्वरबाट त्यस्तै दुई घण्टाको दूरी, पोखरीको डिलमा सानो प्रहरी इकाइ । त्यो बेला चौकी रूङ्ने एकजना गार्ड मात्र । छेउका स्कूलबाट विद्यार्थीहरू नारा लगाउँदै त्यतैतिर । प्रायः किशोरवयका नेतृत्वविहीन विद्यार्थीहरू । प्रहरीको संवेदनशीलता शायद बुझेको हुँदैन । हेपाहा स्थिति । गार्डसँग जिस्किने, सामान चलाइदिने, बन्दुक समाउने, तान्नेजस्ता केही स-साना गतिविधि । चौकीभित्र जान खोज्छन् । गार्डले गोली चलाउँछ । एकजना चौध वर्षजतिको विद्यार्थीको मृत्यु हुन्छ ।

यसले जिल्लाभरि नै नयाँ परिस्थिति सिर्जना गर्छ । अब जहाँतहाँ नारा जुलुसहरू, प्रहरी भीडन्तहरू, धक्कामुक्कीहरू । सरकारलाई समर्थन गर्नेहरू घट्दै । पञ्चहरूको आवाज पनि विपक्षी नेताहरूको जस्तै जस्तै । दिन प्रतिदिन प्रशासन एक्लिँदै । प्रायः भेट हुने जिल्लाका कार्यालय प्रमुखहरूको सम्पर्क कम हुँदै । कति कर्मचारीहरू कार्यालय आउनै छाडे । शायद, परिस्थितिको विवशता । साथीभाइ, वरपर समाज, कति चाडै परिवर्तन । हो, कति कलिला होलान् हाम्रा मन-मस्तिष्कहरू । स-साना हावाहुरीले पनि सजिलै हल्लाउन सक्ने । कदाचित् ढाल्न सक्ने । यस्तै यस्तै परिस्थितिमा जनमतसंग्रहको घोषणा । त्यसपछिको यात्रा छ जाजरकोटको । लाग्छ, हावा हेरेर चल्न, भनौँ परिस्थिति हेरेर चलायमान हुन सबैलाई कहाँ सहज होला र ! यिनै र यस्तै-यस्तै प्रसङ्गमा त बितेछन् महोत्तरीका करिब अठार महिना । लाग्छ, हेराइ र भोगाइमा आ-आफ्नै प्रसङ्ग होलान् । समानता कहाँ !

चारखालमा हराउँदै

प्रत्यक्ष जन-सरोकारका सरकारी कामकाजको केन्द्र । तीनतले ठूलै घर, भित्री चोक पनि ठूलै । त्यसैको वरिपरि खुम्चिएर बसेका कार्यालयहरू । नियमित जमघटको चर्चित थलो, चारखाल । ती दिन अब कहाँ रहे र । हो, भूकम्पले अङ्गभङ्ग छ, निरीह बनेको छ । शायद कुनै कालखण्डको इतिहास रच्दैछ ।

०४५/०४६ तिरका ती दिन, विभिन्न जिल्लामा काम गर्दै अन्त्यमा सल्यानबाट काठमाडौं पुगेको छु । त्यही त थियो १८ महिने कर्मथलो । यताउता सबै नयाँ, कता-कति छक्क पनि । हो, जटिलताभित्रको परिवेश । हेर्छु, वरपर सबै हतारोमा छन्, हस्याङ्ग-फस्याङ्ग छ, कानेखुसी छ । कागजपत्र, फायल केही न केही सबैले च्यापेका छन् । कार्यालयको कोठा-चोटा, भित्र-बाहिर, वरण्डा, सिँढी यत्रतत्र छरिएका छन् । कति एक्लै, त कति समूहमा । मेलाको जस्तै चहल-पहल । चिया-चमेना चुरोट आदि परिपरि नै त छ ।

त्यसैको एक कुनामा जिल्ला कार्यालय । त्यस्तै स्थितिमा छन्, जिल्ला पञ्चायत, मालपोत, भूमि सुधार, नापी, हुलाक, जिल्ला अदालतजस्ता कार्यालयहरू । डिल्लीबजार खोर अर्थात् जेल, त्यही अटेको छ । केन्द्रीय विभागहरू- एक छेउमा- हुलाक छ, छतमा- नापी । त्यसैले पनि नबिर्सने प्रसङ्गहरू धेरै होलान् । हो, ऐतिहासिक बन्दै गएको त्यो भवनको

सेरोफेरोका धेरै महिमा जोडिएलान् । प्रत्यक्षमा सेवाग्राही, सहयोगी, व्यवसायी सबै छन् । भित्र होलान् अरू धेरैखालका खेलाडीहरू । कति भेटिएलान्, मनोरञ्जन थप्दै, बनाउने-बिगार्ने, सानो-ठूलो पार्ने, चाहिँदा-नचाहिँदा उठा-पटकका विन्दुहरू । त्यस्तै खेल तमासाका औजारहरू, सूत्रधारहरू । त्यहाँ होलान् कति आ-आफ्नै जीविकाका विषयहरू, कति व्यावहारिक बाध्यताहरू । हो, विविधताभित्रको दिनचर्चा । छिनछिनमा कति सहजै बन्छन् समस्या र समाधानका पाटाहरू । यस्तै-यस्तै माहौलमा निरन्तर कार्यालयहरूको चक्कर लगाउँदै सेवाग्राहीहरू । शायद, सबै खाले स्वार्थको सम्मिश्रणको साक्षी-चारखाल । लाग्छ, म सधैँ नयाँ नै रहनेछु ।

जिल्ला कार्यालय, यिनै, यस्तै गतिविधिको केन्द्रबाट टाढा कहाँ रहँला र । स्वयं पनि धेरै कानूनसँग गाँसिएको छ । सार्वजनिक जिम्मेवारीभित्रको म । छिनछिनका क्रिया, प्रतिक्रिया व्यहोर्नु नियति नै त छ ।

०४५/०४६ नाकाबन्दीको त्यो कालखण्ड । यत्रतत्र अलमल, अस्तव्यस्त, हतार, निराश मनस्थिति । मट्टितेल, पेट्रोललगायत दैनिक उपभोगका सामग्री तथा व्यापारिक सामाग्रीको अभाव छ । लामो समय गइसकेको छ । उता सर्वसाधारणमा नाकाबन्दीको अनवरत पिरोलो । आजको दिन गयो, भोलि कस्तो, कसरी, सबैतिर चिन्ता र चासो । खाना पकाउने मट्टितेलसम्म छैन । सबैका आ-आफ्ना व्यथाका भारी छन् । कति होलान्, खाना नपाकेको दिन र छाक गन्दै । कतै सुत्केरीका व्यथा छन् त कतै वृद्ध, अपाङ्गका । निद्रा, मुस्कान एकादेशको कथा भइसकेको छ । कहिलेसम्म, कुनै सीमा छैन । सबै बन्दाबन्दी, ठप्प जनजीवन । यसले उब्जाएका थप जटिलताबाट भाग्ने कहाँ ? लाग्छ, बेलाबखत हिन्दू दर्शनको सन्देश "वसुधैव कुटुम्बकम्" कता हराउँदो हो । शायद वरपरि सबैतिर मै खाउ मै लाउ नै सर्वोपरी छ । "सर्वे भवन्तु सुखिनः" जस्ता आदर्श वाक्यहरूको प्रयोग पनि यस्तै-यस्तै त होला । हो, अब यो सब सम्झिनु नै किन ? सधैँलाई बिदा गरौँ । कर्मक्षेत्रमा आएपछि अघि र पछि गरेर तीन पटक त मैले नै व्यहोरिसकेछु । अघोषित टुक्रे, वस्तुगत निषेध त समयसमयमा हुँदै आएकै हो । फेरि प्रश्न त्यही छ समस्याको जरो कहाँसम्म ?

उता पञ्चायतको विरोधमा थप पृष्ठभूमि बन्दै । २०४६ फागुण ७ गतेदेखि सशक्त आन्दोलन सुरू गर्ने कुरा छ । यिनै यस्तै पृष्ठभूमिमा म काठमाडौंको प्र.जि.अ.मा पुगेको छु । त्यहाँ प्र.जि.अ.मा जान चाहने कति साथीहरूको मन खुस छैन । प्रधानमन्त्री मरिचमान सिंहसँग जोडिएको रहेछु । उहाँलाई चारैतिरबाट अवाञ्छित गर्ने अभियान जस्तै जस्तै रहेछ । मलाई पनि जोडिँदै छ । खिन्नता थपिँदै छ । यस्तैमा अर्को थप प्रसङ्ग- उता एक मित्रको असन्तोषको हल्का अभिनय । मजाकको रूपमा भन्छन्, 'बदमास छिपेरूस्तम' । तिमी त मरिचमानको मित पो रहेछौं । के के न भएजस्तो । एकैपटक पीडा, तिक्तता, अन्यौल, असन्तोष आदि । प्रश्नविहीन छु । यथार्थमा उनको साथमा साप्ताहिक पत्रिका रहेछ । त्यसमा अरू नै पाटोबाट मेरो चर्चा छ । त्यसको सार छ- मरिचमानकी कुनै सम्धिनी छन् । उनी सिडियो अर्थात् मेरो श्रीमतीको मितिनी हुन् । खुइल्याउने प्रसङ्गसम्म पत्रिकाको केन्द्रमा छ । अब धैर्य कहाँ ? लाग्छ, अति भयो । सरूवा हुनुपर्छ ।

हो, सबैले पाउने तलब सुविधा उति नै त हो । यो बोझ, यो चोट किन, कतिञ्जेल ? थप उपलब्धि नै कति । अब त जस पाउने सम्भावना नै कहाँ । समस्यै समस्या, अनेकौं जटिलताहरू । मन कत्ति स्थिर छैन । बेलुका घर पुग्यो, फोन उठाउँदै हैरान । को हो, को हो । त्यहाँ छन्, सहजता र स्वार्थका कुराहरू । त्यसभित्र छन्, माथवर थापाको पुनर्जागरण पत्रिका दर्तादेखि मनमोहन भट्टराईलाई पासपोर्ट सिफारिस दिनेसम्मका कुराहरू । त्यहाँ छन्, वरिष्ठ पत्रकारको डस्टबिनमा फालिएको व्यवस्था विरोधी पर्चाको नाटकीय आरोह, अवरोहहरू । अनवरत तनाव । मुक्त हुने बाटो कता ।

प्रधानमन्त्रीकोमा जाने जाँगर छैन । समाधान हुने आशा पनि कमै । लाग्छ पिरलोमाथि पिरलो के थप्ने । गृहको के आशा, ऊ आफ्नै सीमाभित्र छ । पुनः यो त प्रधानमन्त्री नै जोडिएको विषय । अन्ततः एक मात्र विकल्पमा राजदरबारमा मुख्य सचिव रञ्जनराज खनालबाट सहयोगको अपेक्षा गर्दो । कुनै बेला सिंहदरबारमा काम गर्दा उहाँको र मेरो अफिस वरपर सँगसँगै जस्तो । विकासका दरबन्दी स्थायी गर्ने क्रममा हप्ताको दुई पटक

जस्तो मुख्य सचिवकोमा जानुपर्ने, मेरो कामको प्रकृति । कहिले मिटिङ्ग हुँदा त कहिले माइन्युटमा सही गराउन । छेउमै उहाँको अफिस । प्रायः देखभेट हुने । लाग्छ, समयक्रमले स्थिति बदलिए पनि जानपहिचान कहाँ छुटेको होला र ! कुनै एक बिहानी आश्रयको खोजीमा । नभन्दै भेट हुन्छ । अचम्म मेरो समसामयिक स्थिति र तनाव प्रति कत्ति रूचि छैन । न त सरूवाको कुरा सुन्ने मन । न त सहानुभूतिका शब्दहरू । शायद यो नयाँ होइन, कता कता उल्टै छिटो छिटो भन्नुहुन्छः- राजाको इच्छाबेगर कसैले चाहेर काठमाडौंको सिडियो भइँदैन । राम्रो काम गर्नू, जानुहोस् । जुरूक्क उठेर अर्कोसँग पो । अब त सबै बाटा बन्द । न राहत, न त आहत, किंकर्तव्यविमूढ छु । लाग्छ, गर कि मर भनेको यस्तै यस्तै केही हुँदो हो ।

यसै बेला व्यवस्थाविरोधी चर्चामा थप प्रसङ्गहरू चुर्लिँदै । मुख्यतः शान्ति, सुरक्षाको पिरलो । यहाँ यस्तो, उहाँ उस्तो, चर्चैचर्चा । कतै विद्यार्थीका धर्ना घेराउ छन् त कतै नारा जुलुसहरू, मुडभेटहरू । कतै पक्राउ, थुनछेकसम्म । कुन बेला के पर्छ, सम्भव भएसम्म म पनि प्रहरीको साथ हुन मन गर्छु । आशा गर्छु संयम गर्न थप मद्दत पुगोस् ।

यस्तै दृश्य, अदृश्य परिवेशभित्र २०४६ फागुन नजिकिँदै । आन्दोलनकारीको आत्मबल बढ्ने परिप्रेक्ष्यहरू अरू थपिँदै छन् । शान्ति सुरक्षाका जटिलता बढ्दै छन् । स्वयं आफ्नै कार्यालयका नियमित आन्तरिक जटिलताहरू कहाँ कमजोर छन् र । अरूतिर नसुल्झिएका, भनौं अल्झेका कतिको समाधान पनि त्यही निकाल्नु छ । हो कतै न कतै, कुनै न कुनै रूपमा देशभरिकै साना-ठूला जटिलता, घटना विशेषबाट अछुतो रहन कसरी मिल्थ्यो र !

नियमित काम यसै बोझिलो । यसै बेला पुरानो नागरिकता खिचि निर्धारित समयभित्र नयाँ ढाँचाको दिइसक्नुपर्ने थप जिम्मेवारी पनि । आगन्तुक जिम्मेवार अधिकारीहरूलाई एकैछिन टुसुक्क प्रतीक्षा गराउन ठाउँसम्म छैन । न त शिष्टाचारका दुई शब्द व्यक्त गर्ने समय नै । सधैं घुइँचो, सधैं बोझ ।

सार्वजनिक अपराध, ट्राफिक दुर्घटना, कालोबजारी, जग्गा अधिग्रहण, भ्रष्टाचार नियन्त्रणलगायत अनेकौं मुद्दा मामिला तथा फायलहरूको चाङैचाङ । जनताका फुटकर कामहरू भ्याई नभ्याई । ठाडो उजुरीहरूको चर्को समस्या । नहेरी धर छैन । जतिसक्दो चाँडो सबैलाई राहतको खाँचो छ । ठाडो उजुरी हेर्ने पुरानै चलन । यद्यपि कानूनी मूलधारभन्दा बाहिरको यात्रा । तर धेरैको आँखामा छिटो छरितो र भरपर्दो । भनिन्थ्यो- सर्वसाधारणलाई सहयोग गर्ने, राहत दिने, सहज तथा छिटो-छरितो माध्यम हो, उपाय हो । निमुखाको औषधि हो । तर जति सल्टायो, सहजता थप्यो, उति बढ्दै जाने । शायद आकर्षण । यस्ता कुरामा बल पुऱ्याउन चारखालको त्यो चोक कहाँ पछि पर्थ्यो र !

यसै सन्दर्भमा छोटो पुरानो सम्झना । त्यो बेला प्र.जि.अ.हरू समेतको उपस्थितिको गोष्ठी चल्दै । तत्कालीन प्रधानन्यायाधिश रत्नबहादुर विष्ट, विशेष अतिथि वक्ताको रूपमा । उहाँ भन्नुहुन्छ, "ठाडो कार्वाही भन्ने सुन्छु" त्यो सिडिओहरूले चलाउँछन् रे । त्यो भनेको के हो, किन चाहियो, यस्तै केही । हो, यो अदालतलाई त्यति प्रिय छैन । तैपनि सर्वसाधारणको चाहना होला, पछिसम्म चल्दै थियो । सहज यात्राका लागि राहतको छोटो बाटो मेलमिलाप हुन सक्ला । तर बाधा व्यवधान मुक्त कहाँ । सहजता कहाँ । नतिजा जे होस्, अनेकौं दबाब, झन्झटहरू । प्र.जि.अ.को त तनाव बढाउन पर्याप्त सहायक बन्दो । चित्त नबुझाउने पक्षलाई अदालत जाने बाटो छँदै छ । यदाकदा लाग्छ, निष्फल प्रयास । हो समयको बर्बादी । उता सर्वसाधारणको अवस्था हेर्दा, शायद आवश्यक पनि । अन्त्यमा पुनः त्यही कुरा । कति खुसी, कति बेखुसी ।

तीनकुने पूर्वको जमिन एयरपोर्ट विस्तारका लागि लिनु छ । त्यस्तै पशुपति विकास कोषको लागि हाल आँखा अस्पतालले ओगटेको जमिन । यस्ता अधिग्रहणको व्यथा त बिर्सनै नसकिने रहेछ । कति न्यायभित्र होलान् त कति अन्याय । सबै अलग अलग परिवेशमा । यदाकदा लाग्छ, घटना विशेषहरू कति व्यावसायिक, कति जालझेल, कति स्वार्थ । जहिले पनि

पर्याप्त सतर्कताको खाँचो । गहिराइमा पुग्न कहाँ सजिलो छ र । तमाम जिम्मेवारी तथा अप्ठेराहरू । मन, कति खुस छैन । सधैँ विचलित, सधैँ अधैर्य । यसरी एकातिर चारखालका यस्ता ज्ञात अज्ञात खेल-तमासाभित्र डुबुल्की मार्दो ।

अर्कोतर्फ केही अगाडि चाक्सीबारीमा भएको प्रवुद्ध व्यक्तित्व चन्द्रशेखरलगायत नेताहरूको भाषणको रापताप कायमै छ । आन्दोलन मुखमा नै छ । नेपालमा शायद पहिलो पटक याक एण्ड यति होटलले हतार-हतार फ्याक्स मेशिन जडान गर्दैछ । प्रतिदिन चहलपहल बढ्दै छ । अन्तर्राष्ट्रिय मिडियाकर्मीहरू पनि बढ्दैछन् । होटल निरन्तर सम्पर्क र जमघटको थलो बन्दैछ । यस्तैमा १८ महिना पूरा गरेर २०४६ माघमा गृहमन्त्रालय पुगेको थिएँ । त्यो बेलासम्म प्रजिअमा करिब १२ वर्ष बितेछन् । सुरू पाँचथर जिल्लाबाट थियो भने महोत्तरी, जाजरकोट, संखुवासभा, धादिङ, सल्यान हुँदै अन्त्य काठमाडौँबाट ।

चारखालका ती अविस्मरणीय दिन, अब त एकादेशको कथा जस्तै-जस्तै हुन थालेछन् । भूकम्प पीडित त्यो घरले कहिले पुरानो दिन फर्काउला । त्यो रौनक, त्यो जीवन्तता कहाँ ? हुनसक्छ केही पछि स्मृतिबाटै हराओस् । कुनै व्यावसायिक केन्द्र बनोस् । हुनसक्छ, यसको ऐतिहासिकता सधैँलाई बिदा होस् । धन्य चारखाल ।

"केही भए मलाई लेख्नै गर्नू"

२०३४, श्री महाराजाधिराज ५ वीरेन्द्रको पूर्वाञ्चल भ्रमण । आलोपालो सबै क्षेत्रको हुने क्रम छ । मन्त्रालय, विभागहरूको सक्रियता बढ्दै । जिल्लाका कुना-काप्चाहरू, नयाँ नयाँ चेहराहरू । त्यो बेला पाँचथरको प्र.जि.अ.को जिम्मेबारीमा छु । अवस्था विशेषले, भारी निकै गह्रौ छ । भ्रमणपछि तक्मा, पुरस्कार आदि दिने प्रचलन । पुरस्कृत हुनेमा परेछु ।

अनपेक्षित प्रसङ्ग : राजा सवारी शिविरमा । त्यो बेला पुरस्कृत हुने प्र. जि. अ. हरूलाई राजासँग भेट गराउने योजना छ । निर्धारित समयमा सवारी शिविरको सानो पालभित्र म पनि । राजाको अफिस त त्यहीँ पो । छेउमा कुनै सहयोगी । कलम-कागज हातमा । सामान्य परिचय दिन्छु । सहयोगीले मसिनो स्वरमा राजासँग केही साउती गरेजस्तो । लाग्छ, मेरोबारे केही थप जानकारी गराउँदै । "राम्रो काम गऱ्यौ, राम्रो गर्दै जानू", मधुर स्वर, यसो राजाको टाउको हल्लिन्छ । शायद मूक भाषामा धन्यवादको सङ्केत हो । केही क्षणको प्रतीक्षा । केही सुन्ने अपेक्षा होला । सोधनी हुन्छ- तिम्रो केही भन्नु छ । मसँग त्यस्तो केही हुँदैन । न त सोच नै । यो पहिलो अनुभव । बिदा गर्दै छोटोको निर्देशन 'केही भए मलाई लेख्नै गर्नू' । यो अन्तिम वाक्य । राजदरबारसम्म सीधै सम्पर्क, कति सम्भव, कति स्वीकार्य । एकपछि एक तर्क, वितर्कहरू । राजा भन्नासाथ राजपरिवार, तह-तहको सुरक्षा घेरा, प्रशासकीय अधिकारीहरूको चहलपहल, देश विदेशका प्रतिनिधि, विशिष्ट महानुभावहरू, विशिष्ट सल्लाहकारहरू तथा सहयोगीहरू । यी छन्,

सहज जोडिने प्रसङ्गहरू । उता मन्त्रिपरिषद्, सचिवलगायत उच्च अधिकारीहरू । यो सब परिवेशमा मेरो हैसियत कहाँ, कति । हो, त्यो बेला जति बुझे, पूर्णता दिनै गाह्रो । न त कतै परीक्षण गर्ने ठाउँ नै । व्याख्या विश्लेषण पनि कस्तो, कसले । कहाँ परम्परागत सर्वाधिकार सम्पन्न राजसंस्था, कहाँ एउटा सीमाभित्रको निमुखो कर्मचारी । हैसियत नै कति । सुनेको विश्वासै लाग्दैन । त्यसको उपचार कहिल्यै भएन ।

यस्तै तर्क वितर्कको बीचमा झट्ट भारत वर्षको कुनै कालखण्डमा चर्चित कूटनीतिज्ञ विष्णुगुप्त चाणक्यको कृति "पञ्चतन्त्र" भित्र पो पुगेछु । त्यो थियो, राजकुमारलाई राजकाजमा निपुण बनाउने पाठ्यक्रम । त्यहाँ भेटिने रहेछन्, राज्य-सञ्चालन गर्दा आइपर्ने बाधा व्यवधानहरू, समाधान गर्ने तौर तरिकाहरू, रणनीतिहरू । कथाले भन्दोरहेछ, कति ठूलो षड्यन्त्रको बीचमा राजा हिँड्नुपर्छ । वरिपरिको भूमिका कस्तोसम्म । समाधानका पाटा के कस्ता । सूचनाको प्रभाव कस्तो आदि प्रयोगात्मक नमूना पनि ।

एकछिन, त्यो कथाको सारतिर । राजकाज चलाउन जहिले पनि सही सूचनाको खाँचो पर्छ । सतही तथा गलत सूचनाबाट बच्नु छ, बचाउनु छ । चाटुकारबाट सतर्क हुनु छ । हुनसक्छ, त्यो निर्देशन पनि विश्वासको विस्तार हो । आत्मीयता र अविभावकत्वको अभिव्यक्ति हो । राज्यको गम्भीर जिम्मेवारीको अंश पनि । यस्तै-यस्तै तह-तहको टिम निर्माण, उज्यालोको खोजी हो । निर्बाध रूपमा पर्याप्त एवं यथार्थ सूचनाको चाहना हो । जिल्लाका भ्रमणहरू र नागरिकहरूसँग भेटघाटको उपादेयता पनि । अन्ततः राज्यका जराहरू बलियो हुँदै जाने शृङ्खलाहरू, पाइलाहरू । लाग्छ, परम्परागत राजसंस्था यो सबै परिस्थितिबाट अपरिपक्व कसरी हुन सक्ला र !

राजासँग अरू दुईपटक भेट । धादिङ्गको प्र.जि.अ. हुँदा र प्रजातान्त्रिक सरकारको अवकाशले फुर्सद पाएको बेला । ती दिन राजाको भ्रमण मुकाम भरतपुर । धादिङ्गवेशीको कार्यक्रम । सुनौलो बजारबाट धादिङ्गवेशीमा सदरमुकाम स्थानान्तरणपछिको पहिलो कार्यक्रम । चारैतिर खाली खेतहरू, बँसी फाँटहरू । त्यसकै केही उच्च एक भागमा सरकारी

एरिया छ । जिल्ला कार्यालय, जिल्ला पञ्चायत अस्थायी टहरो जस्तोमा । पातलो बस्ती । त्यसैअनुसारको स्कूल होला । जेनतेन चलेको । त्यसैलाई अन्यत्र सारेर एउटामा जिल्ला कार्यालय र अर्कोमा जिल्ला पञ्चायत बसेको रहेछ । जिल्ला प्रहरी, कृषि अरूको पनि अवस्था यस्तै-यस्तै प्रकृतिको ।

भ्रमणको समय, जिल्लाका आयोजनाहरूको समीक्षा गर्ने प्रचलन । अद्यावधिक गर्न केन्द्रदेखि नै लागेका छन् । शान्ति सुरक्षाको विशेष जिम्मेवारी, मञ्चको सजावट, स्वागत कार्यक्रम, समारोहमा सहभागी हुने नागरिकको सुप्रबन्धलगायत दायित्व मेरो छ । हरेक कुरामा सतर्कताको खाँचो छ । सबै प्रश्नको उत्तर मैतिर तेर्सिन्छ । दरबार, मन्त्रालय, विभागलगायत विभिन्न निकायहरूका विशिष्ट पदाधिकारीहरू यत्रतत्र । मेरो सानो कमजोरी पनि कहाँ स्वीकार्य होला र !

निर्धारित समयमा राजाको आगमन । व्यापक रूपमा सर्वसाधारणको उपस्थिति । मेलामा जनसहभागिता जस्तै-जस्तै । स्वागत सम्मान, अभिनन्दन, मञ्चमा केही क्षण । तत्कालै विकास आयोजनाको समीक्षातिर । अब पालो छ, सर्वसाधारण भेटघाटको । इच्छुकहरू, धैर्यपूर्वक लाइनमा छन् । लामो प्रतीक्षा छ । बिरामी, अपाङ्ग, वृद्धलगायत सबै खालको उपस्थिति । कतिको काखामा काखे बच्चा पनि । मनभरी आशा, भरोसा । आ-आफ्ना गुनासाहरू, मागहरू बोकेका छन् । द्रवित मन । समाधानका अन्तिम विकल्प राजा नै हो भन्ने विश्वास लिएका होलान् । पीडाको भारी कति हो कति । शायद एक पटक पोख्न पाए मात्रै कति हल्का हुँदो हो । विश्राम हुँदो हो ।

सरसर्ती हेर्दा समारोह स्थलको वस्तुस्थिति सुव्यवस्थित, शान्तझैं लाग्छ । सबै अधिकारीहरू आ-आफ्नो जिम्मेवारीमा छन्, समर्पित छन् । उता मञ्चतिर एक्ला श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वरपर गर्दै, चारैतिर नजर घुमाउँदै । भ्रमण टोलीको सदस्यको रूपमा गृह सचिव पनि । मञ्च देखाउँदै मलाई त्यता जान सङ्केत गर्नुहुन्छ । त्यहाँ रहेछन्, जिल्लाको विकाससम्बन्धी केही जिज्ञासाहरू । तर तथ्यको जानकारी कहाँ । मसँग सामान्य सतही उत्तर मात्र ।

यसो टालटुल गर्न खोज्छु, टाउको हल्लाउँछु । निकै समय लिन्छ ।

त्यसमा मुख्य रहेछन्, पहिलो, बँसीबाट सुनौलो बजार हुँदै थानकोट छुने, दोस्रो, बँसीबाट सल्यानटार पुग्ने, तेस्रो जिल्लाको उत्तरी भागका इलाकाहरू तिप्लिङ्ग सेर्तुङ्गतिर जाने सडक निर्माण र बिस्तारका विषयहरू । ठाउँ ठाउँमा उत्पादन बिक्री केन्द्र स्थापना पनि ।

गाउँ-ठाउँको नाम त कण्ठैजस्तो । कति त मैले सुन्दै नसुनेका । त्यहाँको समाज, जनजीविकाका कुराहरू, सहज-असहज पाटाहरू, सतही टालटुले जवाफले काम गर्दैन । लाचार छु । थाहा छैन भन्ने पनि कसरी । यसो यताउता टाउको हल्लाउँदै, स्वरमा स्वर मिलाउने अस्वाभाविक अभिनय गर्दो । अहो ! कति कष्टकर समय । यस्तै यस्तैमा त्यो दिनको भ्रमण समापन ।

संयोग भनौं, निकै पछि त्यो क्षेत्रका केही साथी गृहसचिवकोमा पुग्छौं । राजाको भ्रमणबारे सामान्य चर्चा । उहाँको भनाइको सार छ- तिमीहरू जिल्लाको विशाल जिम्मेवारीभित्रका हौ । शान्ति सुरक्षा प्रमुख हो, तर सानो एउटा भाग मात्र । जन सरोकारका विषयमा कसरी टाढिन सक्छौ । समस्याको बीचमा नै त हाम्रो पहिचान छ । सक्रियता अझै पुगेन कि । थप कुरा गर्ने, सुन्ने धैर्य छैन । लाग्छ, मलाई नै भनेको हो कि । शायद सबैलाई यस्तै यस्तै ।

संवैधानिक भैसकेका राजा वीरेन्द्रसँग संयोगले धेरैपछि अन्तिम भेट । नाटकीयभन्दा पनि हुने । कसैको सामाजिक कार्यमा जाँदा अचानक भेटको परिस्थिति आउँछ । केही असजिलो पनि । यो घटनाले मनमा सधैं खेलिरहने एउटा प्रसङ्ग, के हाम्रो रेकर्ड राजदरबारसँग पनि रहने गर्छ । हाम्रो हैसियत त्यतिसम्मको हो । जवाफ कोबाट । यो भेटको प्रयोजन कसरी स्थापित होला त ।

कार्यक्रममा जमघट निकै छ । पालमुनि सबै खानपिनमा व्यस्त । कार्यक्रमकै बीचमा कसैले सङ्केत गर्छ, राजालाई भेट्ने हो ? अनुमानभन्दा धेरै-धेरै टाढाको विषय । कताको प्रसङ्ग कता । विश्वासै नहुने । तर असल कुरा, खुसीको कुरा त छँदैछ । भर त्यति छैन । तैपनि पनि भन्छु, किन

नभेट्नु, भेटौ न । संवैधानिक राजा ।

केहीपछि कोही लिन आउँछ । नभन्दै भेट पनि । राजा एक्लै उभिएको बेला, अरू अलिक परै । सहजताको लागि होला, पर-पर सर्दै । शायद अधिकारीहरू, सहयोगीहरू होलान् ।

राजाका हाउभाउ- लाग्छ, म परिचित जस्तै छु । सहजता छ । सोधनी हुन्छ, 'तिमीलाई पनि खोसे ।' म अवाक् छु । कस्ता कस्ता खोसिए, म कुन हैसियतको थिए र । हो, सरकार भन्छु । यसो टाउको हल्लाउँछु । थप कुरा केही छैन । बिदा हुँदै गर्दा धैर्य गर, जस्तो अस्पष्ट केही सङ्केत थियो कि । लाग्छ, काठमाडौँको प्र.जि.अ.मा काम गर्दाको रिपोर्टिङ्गको झझल्को शायद कतै मिलेन कि ! चेहराको अनुमानसम्म हो । पुनः संयोग भनौँ, लामो कालखण्डपछि पुनर्वहाली हुँदै सचिवसम्म भएँ । सौभाग्यले छजना प्रधानमन्त्रीको सहयोगी पनि । श्री ५ ज्ञानेन्द्रको कार्यकालमा निर्वाचन आयुक्त । त्यो बेला राजाको कुनै भूमिका हुने भए अघिल्लो राजाका कालका कुनै टिपोट, भनौँ- मेमोरी कतै थियो कि । सुखको बेला होस् वा दुःखको, राजा वीरेन्द्रका यी दुई वाक्य कहिल्यै बिर्सन सकिनँ । न त मर्म नै बुझ्न सकैं ।

"केही भए मलाई लेख्नै गर्नू ।"

"तिमीलाई पनि खोसैं ।"

अहो, राजाको सीमा कति हो कति । कति कठिन यात्रा । न त दिल खोलेर मनको बह पोख्न सकिने न त सुन्न नै । शायद सीमित घेराभित्रको जिन्दगी । हुनसक्छ शक्तिको केन्द्रमा बस्ने जोकोहीलाई पनि यस्ता जटिलताले घेरेको होस् । उता सतही चिन्तनभित्रको म । यिनै र यस्तै घटनाक्रमको बीच जीवनको मुख्य ऊर्जा बितिसकेछ । धन्य, राज्य व्यवस्था । धन्य, सरकारी सेवा । लाग्छ यो एकादेशको कुनै कालको कथा मात्रै बनोस् !

सहायताका विधि र पद्धतिहरू

अचानक कतैबाट मन्त्रिपरिषद् सचिवालय सुधारको प्रसङ्ग आउँछ । कस्तो सुधार चित्र प्रस्ट छैन । तैपनि खाका तयार गर्नुपर्नेछ । बाह्य रूपमा सरसर्ती हेर्दा यो प्राथमिकतामा छैन । राम्रो भवन, राम्रा कोठाहरू, राम्रा फर्निचर सबै आकर्षक छन् । अन्य भौतिक सामग्रीको पर्याप्त व्यवस्था छ । बिजुली, पानी टेलिफोन आदि सबै छ । कहाँ छ त कमी । नीति निर्माण लगायत कार्यपद्धतिहरू, रेकर्ड व्यवस्थापनमा कतै सुधारको अपेक्षा छैन । न त कतै गुनासो । कहाँ छ त सुधारको खाँचो । यस्तै-यस्तै तर्क वितर्क चर्चाहरू । क्रमशः परिस्थिति गम्भीर हुँदै । अब त जे जस्तो हुन्छ, सुधारको नामबाट सहायताको माग गर्नुपर्ने छ । प्रस्ताव तयार गर्नैपर्ने छ ।

२०२५ देखि ०२९ को अन्त्यसम्म तत्कालीन सामान्य प्रशासन व्यवस्था विभागमा बसे । सरकारका कुनै अङ्गले विदेशी सहायता लिनुपर्दा दरबन्दीका प्रसङ्गमा यो विभाग जोडिन्थ्यो । त्यो क्रममा उच्च अधिकारीहरूको मिटिङ्गमा जाँदा सुन्ने गर्थे सरकारको आन्तरिक कार्य सम्पादन विषयमा विदेशी सहायता हुल्नु हुँदैन । मेनेजमेन्ट सुधारका सम्बन्धमा तालिम कार्यक्रमसम्म स्वीकार्य हुनसक्छ । त्यसमा पनि आवश्यकता प्रस्ट र यथार्थमूलक हुनुपर्छ । आदि-आदि ।

धेरै वर्षको अन्तरालमा ठूलो परिवर्तन आइसकेको छ । त्यहाँ छन्, नयाँ नयाँ उत्साह र उमङ्गहरू । अब अलग राजनीतिक माहोल, अलग

जिम्मेवारीमा छु । तैपनि सामान्य प्रशासनमा हुँदाको पुरानो त्यो कुराले घरीघरी मन विथोल्छ । एकदिन त रोक्नै सकिन । त्यो दिन क्याबिनेट बैठक परेछ । अर्थमन्त्री प्र.म.को कक्षतर्फ आउँदै । केही सोध्ने क्रममा भने, मन्त्रीज्यू पञ्चायतकालमा यस्तोमा विदेशी सहायता लिनुहुँदैन भन्थे । यससँग जोडिएका सानातिना कामका म पनि थिए । अहिले DFID बाट चार करोडको सहायताको कुरा रहेछ । अब यो लिनुपर्ने नै हो ? शायद अनपेक्षित मुखाले प्रश्न छ । भन्नुहुन्छ, नलिएर के गर्नु, नमाने अरू सहायता दिँदैन । हुन सक्छ, प्रकारान्तरले कतै स्वार्थ होस् । अन्तर्राष्ट्रिय बैंकहरूले दिने ऋणलाई सहायता पनि भनिँदो रहेछ । छोटो, तर रूखोजस्तो जवाफ । थप जवाफ दिने मन छैन । चेहराको भाव पनि खुस छैन । उता त्यस्तो बाध्यता । यता आफू प्रतिगामी बनेको थप पुष्टयाईं नै गरे हुँला । शायद, यो अरू कसैको मुखबाट भए अर्थपूर्ण हुन्थ्यो । लाग्छ, प्रतिगमनको प्रमाण योभन्दा बढी अरू के हुनसक्ला र । सहायताको परिभाषा र औचित्य खोज्दै हिँड्ने पात्र । कालान्तरमा अर्को चरण, केही रकम थपिएछ । त्यसमा वैदेशिक भ्रमण, तालिम आदि पनि ।

लाग्छ, शक्तिको स्रोत सिंहदरबार । त्यसमा पनि मन्त्रिपरिषद् सचिवालयको व्यवस्थानमा किन एकतर्फी त्यत्रो रूचि । त्यति सानो रकम । चार करोड मात्र । अचम्म, लिनै पर्ने, नत्र अरू सहायतामै असर पर्ने सम्मको विषय । विज्ञहरू मान्दा रहेछन्, के ठेगान, सहायताको क्रममा डकुमेन्टहरू हात पार्ने, लिङ्कहरू स्थापनालगायतका दीर्घकालीन कुरा पनि हुन सक्लान् । आधुनिक प्रविधिको जमाना । प्रशिक्षणको नाममा आकर्षक विदेश भ्रमणहरू । केन्द्रमै प्रवेश पाएपछि क्रमशः अरू मन्त्रालय, विभागहरू तथा कार्यविधिमा प्रवेश कसरी निषेध गर्न सकिएला र । सबै अनुकूल बन्दै जाने होला । लाग्छ, सरकारी मूल्यवान् दस्तावेजहरू, गोप्य कागजपत्रहरू संरक्षण कसरी । जिम्मेवारी कसमा । हाम्रो हैसियत नै कति, यस्तै यस्तै त होलान् सहयोगका क्षेत्रहरू । ऋणलाई पनि सहायता नै भन्नुपर्ने परिबन्धहरू, विवशताहरू । हो, सहायताको प्रकार तथा पद्धतिको गहिराइ नाप्ने गाह्रो । अनुत्तरित प्रश्नहरू । बाँकी समय क्रममा ।

नर्सरीको भोगटे

म प्रधानमन्त्री कार्यालयमै छु । मन्त्रीहरूसँग भेटघाटको, कुराकानीको मौका लिन सजिलै छ । यस्तैमा मन्त्री अम्बिका साँवासँग छोटो भेट । शिष्ट, अनि शालीन व्यक्ति । ताप्लेजुङ्गवासीको नाता पनि । हो, पुरानो माया ममता जोडिएको छ । अलिक परैबाट केही सङ्केत । लाग्छ, केही बोल्ने भाव छ । सामान्य शिष्टाचार । भन्नुहुन्छ, तपाईं कतै घुम्न जाने हो । जवाफ छ, यो त असल कुरा हो नि । कार्यक्रम कस्तो हो । भनाइको सार छ- अरू सचिवहरू पनि छन् । दश-बाह्र दिनको होला । दक्षिण कोरिया, इण्डोनेसिया, थाइलैण्डतिर हो । अरू साथीहरू छन् भन्दा आकर्षण बढ्छ । भन्छु, ठीकै छ प्रधानमन्त्रीज्यूको अनुमति लिएर खबर गर्छु ।

यस्ता कार्यक्रममा सामान्यतया प्रधानमन्त्री कार्यलयको सहभागिता कहाँ हुन्थ्यो र । त्यो बेलासम्म विकास आयोजनाहरूसँग कुनै किसिमको पनि सम्बन्ध थिएन । यसमा मन्त्रीजीकै सौजन्यता छ । हो, अनपेक्षित प्रसङ्ग । विदेशी सहायताको भ्रमण । सबै व्यवस्था दाता संस्थाबाटै । दातालाई माथिल्लो अधिकारीको भ्रमणले केही राम्रा उपलब्धिको आशा हुँदो हो । शायद, थप सन्तोषको विषय । त्यसमा भर्खर-भर्खर छोटो समयभित्रै अग्रगति समातेका मुलुकहरू रहेछन् । त्यहाँको अनुभव हाम्रो जस्तो देशका लागि बढी उपयोगी हुने मनसाय हुँदो हो । सचिवहरू बलराम सिंह मल्ल, रेवतीरमण पोखेल, वरूण श्रेष्ठ, रामेश्वर शाहसहितको टिम बनेछ । हाम्रो जस्तो देशको लागि कुन देशको कुन विषय आकर्षक हुनसक्छ, अनुकरणीय बन्न सक्छ ।

त्यसैमा केन्द्रित भ्रमण रहेछ । त्यसमा विशेष गरेर साउथ कोरियाको जन स्वास्थ्य कार्यक्रम र थाइल्याण्डको कृषि उत्पादन तथा बजार व्यवस्था विशेष अनुकरणीय लाग्छन् । यथार्थमा हामी त्यो भ्रमणको लागि सान्दर्भिक रहनेछौं ।

अब एकछिन दक्षिण कोरियाको जनस्वास्थ्यको छोटो चर्चा । स्वास्थ्य सेवालाई केन्द्रित गरेर घरधुरी भनौं वा नागरिकलाई चार वर्गमा विभाजित गरिएको छ । त्यसको मुख्य आधार नागरिकको आर्थिक अवस्था छ । 'क' वर्गकालाई स्वास्थ्यसम्बन्धी कुनै पनि सरकारी सेवा सुविधा छैन । आफैंले व्यवस्था गर्नुपर्ने छ । दोस्रो तहका लागि स्वास्थ्य केन्द्र आएमा प्राविधिक सेवासम्म उपलब्ध हुने रहेछ । तेस्रो समूहको हकमा-प्राविधिक, साथै औषधि पनि । जहाँसम्म चौथो छ, उसले प्राविधिक, औषधि लगायत आवश्यक सबै सेवा सुविधा निःशुल्क पाउने छ । त्यो पनि घरघरमा नै ।

हो, हाम्रा लागि यो नयाँ छ । त्यो बेलासम्म नेपालमा यस्तो वर्गीकरण छैन । सबैले एकनाशले सरकारी सेवा लिँदैछन् । शक्ति हुनेले अलिक बढी नै लेलान् । कमजोर पक्ष सामान्य सेवाबाट पनि टाढै होलान् । त्यसैले पनि यो मननीय, अनुकरणीय हुन सक्ला ।

त्यस्तै आकर्षणको अर्को थलो बनेको छ, बैंककको कृषि उत्पादन तथा बजार व्यवस्था । नरिबल, सुपारी, फलफूल आदिको जङ्गल हुँदै लामो यात्रापछि पुगिने किनबेचको केन्द्र । त्यहाँ भेटिन्छ, चटक्क मिलेको सानो नहर । त्यहाँ दौडिँदैछन् तरकारी, फलफल आदि बोकेका स-साना डुङ्गाहरू । पसलहरू नहरको दायाँबायाँ जोडिएकै छन् । वरपरि ठाउँ-ठाउँमा नै छन्, विविध किसिमका नर्सरीहरू । सम्बन्धित विषयका अनुसन्धान केन्द्रहरू । हो, प्रायः हामी सबैले देखेको, सुनेको, घुमेको ठाउँ । नवीनता कहाँ छ र ।

तैपनि एक विशेष परिस्थिति । हो, कतै नवीनता छ । मनको कुनामा अहिले पनि त्यो ताजै छ । त्यो छ, नर्सरीमा किनेको बिरूवाको प्रसङ्ग । वरिपरि भोगटेको खेती । लोभलाग्दो मीठो रसिलो फल । लोभिएका छौं ।

सल्लाह गर्छौं, घर लगेर हामी पनि फलाऔं । घर-कम्पाउण्ड भित्रै फल्छ । शोभा पनि दिन्छ । भोलि फर्किने दिन । जहाजमा सँगसँगै घर पुग्छ । अब सबैले एक एक बिरूवा किन्छौं । तर त्यो सपना नै रह्यो । बिरूवा जहाजभित्र पस्न सकेन ।

एयरपोर्ट भित्रसम्म पस्न पाउँदैन । हामी शक्तिले बोझिला त छँदै थियौ । यताउता फोन, सामर्थ्यको प्रदर्शन । मित्रताको हारगुहारसम्म । तर कहाँ काम गर्नु । अन्ततः निष्फल परिचय । अब एक किसिमको फोस्रो अहंकार पनि धमिलिएको छ । अन्ततः आयोजकमार्फत कृषि मन्त्रालयसम्म कुरा पुग्छ । जवाफ छ - सर त्यो हाम्रो एकसय पचास वर्षदेखिको निरन्तर अध्ययन, अनुसन्धानको फल हो । त्यसरी बाहिर जान दिने नीति छैन । कृपया यो कुरा यतिमै स्थगित गरौं कि । अहिले पनि यदाकदा लाग्छ, यस्तो पनि । धन्य रिसर्चका मूल्य मान्यताहरू, अनवरत सङ्घर्षहरू ।

अन्त्यमा यसरी देखेका भोगेका कुराहरू सरकारलाई बुझाउँछौ । परम्परा नै हो । एक दुई पटक सम्बन्धित निकायमा छलफल पनि । पुनः सरकार परिवर्तन । क्रमशः सचिव र अन्य अधिकारी पनि । शायद अनुकूलताको हिसाब किताब छ । लाग्छ यस्तोमा नीति निर्माण तथा कार्यान्वयनमा स्थायित्व कहाँ । त्यसमा अग्रणी भूमिका लिने मुख्य अधिकारीहरूले नै यस्तोमा प्राथमिकता पाएको भए काममा जाँगर बढ्दो हो । शायद उच्च प्रतिफल पनि । धन्य विधि-निर्माता ।

शिष्टाचारका भेलहरू

विविधताले भरिएको समाज । बदलिँदो परिवेश । त्यसैभित्र त होलान्, शिष्टाचारका अनेकौं ढाँचाहरू, रङ्गहरू । शक्तिको पूजा, आराधना आदि हाम्रो दिनचर्याभित्रै छ । त्यसको सङ्केतले मात्रै पनि नतमस्तक हुन्छौ । काठ, ढुङ्गा, माटोको होस् वा सुन आदि बहुमूल्य धातुको । जहाँ शक्ति, त्यही अधिकार । त्यही ठूलो । हाम्रो बुझाइ यस्तै-यस्तै न हो ।

अर्को पाटोबाट- शिष्टाचारका कति विधि विधानहरू पनि यस्तै-यस्तै सेरोफेरोमा त केन्द्रित होलान् । परम्परागत संस्कार र संस्कृतिमा हुर्किएका हामी । शायद, ठूलाबडाको आदर-भावको महिमा बुझ्छौं, कर्तव्य सम्झन्छौं । यथासंभव शिष्टाचार प्रकट गर्छौं । त्यहाँ होलान्, कति स-साना आवश्यकताहरू, इच्छाहरू । कतै होलान्, ठूलठूला योजनाहरू, अभियानहरू पनि । यस्तै-यस्तै शिष्टाचारका शायद मिल्दाजुल्दा केही प्रसङ्गतिर । एकछिन अनुभवको कसीमा ।

हुन त, म अझै अलमलमा छु । ती दिनका घिउ र मासुका मर्महरू, कर्कटपाताका सन्देशहरू कसरी बुझ्ने । लाग्छ, यी त कतै शिष्टाचारका विविधता भित्रैका स-साना ढाँचाहरू, रङहरू पो हुन् कि । हो, संस्कार, संस्कृतिका विविधताहरू । कसरी परिभाषित होलान् त, चन्दा-भेटी, उपहार, कोसेली, नजराना, सम्मान, सहयोग, घुस आदि विधिपद्धतिहरू ।

केही लेखौ भन्यो, कति रूचि छैन । आफैंलाई प्रश्न गर्छु, कहाँ छ त नवीनता । कुनै कालखण्डमा आएर यस्तो भन्नु नै किन । हो, कतिले असल

बन्न खोजेको भन्लान् । तर्कैतर्क । आक्षेपको पिरलो । मन सधैँ अशान्त हुँदो । पुरानो कुरा सम्झाउनु, सम्झिनु नै किन र ! अप्रासङ्गिक टाउको दुखाई, यस्तै-यस्तै ।

जागिर छुटेको पनि अब त एक्काइस वर्ष हुन लागेछन् । उमेर पनि वृद्धाश्रमभित्रै । अब कहाँ छ त स्वाद । सबै बिर्सँदै राम्रो । हुन त वरिष्ठ पत्रकार भैरव दाइका कटाक्षहरू अझै कहाँ छुटेका छन् र ! भनाइ हुने गर्छ, जनतालाई अनुभव बाँडेको अझै पुगेन । जनताको करबाट तलब-पेन्सन खाने । के जनताप्रति कुनै कर्तव्य बाँकी हुँदैन । आदि आदि ।

यस्तै अलमलमा तत्कालीन गृहसचिव विष्णुप्रताप शाहलाई सम्झन पुगेछु । वहाँ जिल्लामा हुँदा कुनै व्यापारीले थाहा नदिई दुई बोरा चामल पठाएछ । थाहा पाएपछि सबैको सामु मूल्य तिरेको रहेछ । हो, काम गर्दा यस्ता अनेकौँ प्रसङ्ग व्यहोर्नु पर्छ भन्ने एउटा सन्देश हुँदो हो ।

अन्ततः यो उदाहरणले दुई माना घिउ, दश किलो मासु र कर्कटपाताको केही अनुभव सुनाउन बल मिलेजस्तो भएछ । जागिरे यात्राका प्रारम्भिक दिनहरू यसै पनि बिर्सन गाह्रो । त्यसमा पनि बाँसको ढुङ्ग्रोको दुई माना घिउको मर्म, कसरी बिर्सने । कति परम्परागत संस्कार, संस्कृति अनि कति, लेनदेनको विषय । कति व्यावहारिक सत्य, कति सैद्धान्तिक विचलन ।

२०२२ का ती दिन । नयाँ-नयाँ जागिरे । कास्कीको विकास जिल्ला शिक्षा निरीक्षकको हैसियतमा एक महिना हुँदै । सब इन्स्पेक्टर, सब एकाउण्टेण्ट, पियन, मसहित चारजनाले थामेको कार्यालय । महेन्द्रपुल छेउ दुई कोठा भाडामा छन् । भुइँको सटरभित्र कार्यालय । माथि मेरो बास । अञ्चल शिक्षा अधिकारी कार्यालय जोडिएकै छ । दिसा, पिसाब आदि त्यतै । पानी बोकेर आउँछ । जेनतेन व्यवहारसम्म चल्दो । नुहाउन, धुवाउन सेती नदी झर्नुपर्छ । पूर्वतिर स्कूलको छेउबाट ढुङ्गाको सिँढी छ । निकै लामो र असुरक्षित पनि ।

बढी नै खुम्चिएको नदी एरिया । चौडा खोज्न केही माथि बगरतिरै पुग्नुपर्छ । कडा चट्टान, हिमाली चिसोपानी, चिप्ला ढुङ्गाको आश्रयमा, जसोतसो चोपलिएर विधि पुऱ्याउने बाध्यता । कदाचित् सतर्कता पुगेन भने सधैंलाई विलयन । यस्तै-यस्तै बिहानीहरू । खानपिन छ, सँगैको चियापसलमा ।

कुनै बिहानी, अज्ञात युवकको प्रवेश । यस्तो भेट पहिलो छ । साथमा बाँसको ढुङ्ग्रो । कुनामा अड्याउँछन् । अलमलिए जस्तो । यसो टुक्रुक्क बस्छन् । त्यहाँ टेबुल, कुर्सी, चकटी, गुन्द्री केही छैन । लिपेको भुइँ । मेरो लागि खाट पनि छैन । उनको कुराको सार छ - हाम्रो कार्यालयले बि.एड्. पढ्न विज्ञापन गरेको छ । उनी विवश छन् । त्यसमा छानिनु छ । यसै प्रयोजनमा ढुङ्ग्रोमा दुईमाना जति घिउ । त्यसमा जोडिने प्रश्नहरूको, तर्कहरूको उत्तर खोज्नै गाह्रो ।

पोखरा बगरकै आसपास । भर्खरै व्यावसायिक शिक्षा लागू भएको कास्कीको एक मात्र विद्यालय । त्यसको प्रधानाध्यापकमा पन्तजी । सुयोग्य, अनुभवी व्यक्ति । बि.एड् पढ्न पढाउने विद्यार्थी छान्ने, समितिको अध्यक्ष । घिउ सम्बन्धी सबै कुरा समितिमा सुनाए । नौलो घटना पनि हुनसक्ला । सबैको मन कतै न कतै छोएको पनि होस् । परिवेश भनौं वा योग्यता, उनी छानिए । त्यसपछि मसँग सधैंलाई हराए पनि । शायद मर्म । लाग्छ, कति ठीक, कति बेठिक सधैं जीवन्त रहने प्रश्नहरू । अन्तर्द्वन्द्वका भारीहरू ।

गजबै छ, यसरी जागिरको प्रारम्भिक दिनमा घिउ भेटियो भने समापनतिर मासु पो परेछ । २०५७ का ती दिन । दशैंको बेला, कुनै वैदेशिक रोजगार कम्पनीको सञ्चालकले काटकुट राम्रो प्याकिङ्ग गरी करिब १० किलो खसीको मासु घरमा छोडेछ । यो थियो जागिरे यात्रा अन्त्यतिरको नयाँ परिस्थिति । वैदेशिक रोजगारीमा खासै चाप छैन । कम्पनीहरू पनि थोरै । ७५ यस्तै आसपास हुँदा हुन् । कहाँ, के कसो, कसरी । फ्रिजको चलन पनि छैन । युरिक एसिडवाला म, उसै खसीको मासु नखानु भन्छन् । तीन सन्तान वर्षौंदेखि सबै दायाँबायाँ । हामी दुई बुढाबुढी । आगन्तुक नै

कति, उपयोगिता नै कसरी । कहाँ, कसलाई दिने, के भन्ने, दशैंको बेला मासु सबैको घरमा छ । तयारी गर्ने, संरक्षण गर्ने झमेला मात्र । घरमा उल्टै कचकच थपिँदो । दशैं होइन, कतै दशा पो आयो कि । केही महिनाभित्र रिटायर हुनु छ । खिन्न, अशान्त मन । नत फिर्ता गर्ने, गराउने अवस्था । घिउजस्तो, आयो- गयो पनि भएन । यो त बिल्कुलै उपयोग बाहिरै छ । मूल्य कति नै हो र । शायद यो पनि शिष्टाचारको एउटा ढाँचा हो, ढर्रा हो । यदाकदा मनमा तर्क खेल्छन्, घिउ र मासु बीच कस्तो समानता, कति अन्तर । कति शिष्टता, कति अरू केही । कसरी आफैंलाई परिभाषित गर्ने । परम्परागत संस्कार र संस्कृति कति जिम्मेवार । के यो शिष्टाचारको भेलभन्दा बाहिर हो र । तर्कै तर्क । उत्तर कसरी ।

त्यस्तै अर्को प्रसङ्ग- २०४५ सालको भूकम्पले पूर्वाञ्चलमा निकै क्षति गरेको छ । सरकारले सहयोगको आह्वान गर्छ । देश, विदेश सबैतिरबाट सहयोग आउँछ । निर्माण सामग्रीहरू आउँछन् । त्यसमा ठूलै परिमाणमा कर्कटपाता पनि । यो सबै सहयोग सञ्चालन गर्न छुट्टै कार्यालय छ । क्रमशः आयोजना समाप्तितिर । केही महिनाभित्रै कार्यालय बन्द गर्ने तयारी चल्दैछ । काम छोट्याइँदैछन्, यताउता हस्तान्तरण गरिँदैछन् ।

यसैबेला, शिष्टाचारका विविधता भित्रैको होला, नयाँ प्रसङ्ग आउँछ । एक चर्चित व्यवसायीको मेरो कोठामा प्रवेश । भन्छन्, त्यो बेला भूकम्पले पूर्वाञ्चलमा निकै ठूलो क्षति गरेको थियो । अझै सामग्रीको कमी छ । पुरानो दाताबाट कर्कटपाता थप सहयोग पाउने सम्भावना छ । अरू सहयोगका लागि सरकारले अनुरोध गर्ने कि !

यता सरकार, उद्दार कार्य सकिएको घोषणा गर्ने तयारीमा छ । आवश्यकता भए पनि यो बेला थप माग गर्ने सम्भावना छैन । दिन्छ, दिँदैन । दिए पनि कहिले आइपुग्ने । वितरण कहिले । प्रोजेक्ट खर्चिलो छ । पर्खेर राख्न मिल्दैन । बजेटको सम्भावना पनि छैन । अब त्यता लाग्न सकिँदैन । जति भयो, भयो । यो थियो, मेरो जवाफ । अनुमान गर्छु, यसले सन्तोष दिँदैन ।

अब नयाँ प्रसङ्ग, केही आश्चर्य गर्ने पनि । केही गहिरो गरी अर्को पाटोबाट भन्छन्, सर, जापानिज एम्बेसीलाई माग मात्र पठाऔ न, बाँकी सबै हाम्रो जिम्मा । हामी हेर्छौं । सहयोग चाहिएकै छ । त्यहाँ नभए अन्यत्र काम लाग्छ । लाग्छ, यो के भनेको होला, बाँकी सबै हाम्रो जिम्मा रे । नसुनेको, नभोगेको कस्तो कुरा ! अब के भन्ने, उपयुक्त भाव र भाषा मिलाउन पनि गाह्रो जस्तो । शायद मेरो अलमल, अन्यमनस्कता बुझिसकेका छन् । थप्छन्, यहाँबाट पत्र पठाउने मात्र हो । त्यहाँको सरकारले कर्कटपाता बनाउने कम्पनीलाई भुक्तानी पठाउँछ । कुन कम्पनी, कस्तो कर्कटपाता, कसरी ढुवानी, कमिशन के कस्तो सबै मिलाएर ल्याउनुपर्छ । हामीलाई आउने कमिशन हो । तर समय ढिला भैसकेको छ । पत्र, जाँदैन । यतिमै यो विषय समापन पनि । लाग्छ, शिष्टाचारका भेलहरू, त्यस भित्रका शैली तथा भावहरू यस्तै यस्तै त हुँदा हुन् । तमाम अनुत्तरित प्रश्नहरू । आशा गरौं, यो एक क्षणिक मनोरञ्जनको विषय मात्र बनोस् ।

निर्वाचन आयोगको सकस

त्यो बेलाको परिवेश । शायद, हामी आयातीत अपराधी हौं । ठूलो दुर्घटना हुनबाट बचाउनु छ, बच्नु छ । तुरून्तै निर्वस्त्र गर्नुछ । अन्तिम अस्त्र महाभियोग नै छ । पहिलो प्राथमिकता । तर किन हो इतिहासलाई कलङ्कित गर्न प्रिय छैन । त्यो आत्मबल कहाँ । ढुक-ढुक, ढुक-ढुक कमजोर मन । छेउ कुना लाग्नु नै श्रेयस्कर, शायद सहज पनि । अन्ततः त्यही बाटो ।

बराबर सरकार परिवर्तनको वातावरण । संसद्मा सीमित प्रतिनिधित्वको पार्टीबाट सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वकाल ०६० । संवैधानिक पदमा रूचि राख्नेले मन्त्रिपरिषद् सचिवालयमा वैयक्तिक विवरण पेश गर्ने प्रचलन । छ वर्ष आठ महिना सचिवको जिम्मेवारीमा बसेछु । यसमध्ये २० महिना जति कामुमा । तीन वर्ष जति प्रधानमन्त्रीहरूको सचिवको हैसियत छ । यसमा मनमोहन अधिकारीदेखि गिरिजाबाबुको दोस्रो कार्यकाल हुँदै कृष्णप्रसाद भट्टराईको दोस्रो कार्यकालसम्म ६ जना प्रधानमन्त्रीसँगको लामो-छोटो अनुभव गाँसिएको छ । गृहको अनुभव भने लामै । त्यसैले पनि मेरो हकदाबी छ । यसैबेला निर्वाचन आयुक्तमा नियुक्ति ।

शेरबहादुर देउवाको प्रधानमन्त्रीत्व काल । लामो समयदेखि स्थानीय निकायको निर्वाचन रोकिएको अवस्था । संसदीय निर्वाचनको पनि प्रतीक्षा छ । यी छन्, निर्वाचन आयोगको निकटतम जिम्मेवारी भित्र । पहिलो कुन

गर्ने भन्ने प्रश्न । तर परिस्थिति, प्रतिकूल दिशातिर उन्मुख हुँदै ।

यस्तै वातावरणमा प्रधानमन्त्री निवासमा आयोगका सदस्यहरूको पहिलो भेट । निर्वाचनकै विषयमा केन्द्रित विचार, विमर्शहरू । साथमा हुनुहुन्छ महान्यायाधिवक्ता महादेव यादव पनि । लाग्छ, निर्वाचन गराउने दरिलो मानसिकताको अझै खाँचो छ । पार्टीहरू निर्वाचनमा भाग नलिने, हुन पनि नदिने मनसायमा । चरणबद्ध निर्वाचन गराउने क्रममा नगरपालिकाहरूको मिति घोषणा हुन्छ । यसले राजनीतिक माहोल अरू तताउँछ । निर्वाचन आयोग जिम्मेवारीमा अग्रसर छ । त्यो बेला कतिपय पत्रिका निर्वाचनको विज्ञापन लिन मान्दैनन् । कान्तिपुर र त्यस्तै अरू केही राष्ट्रिय पत्रिकाको खास उत्साह छैन । तैपनि आंशिक सहभागिता जनाउँदै ।

त्यो बेला गृहमन्त्रीमा कमल थापा । रा.प्र.पा.भित्र पनि द्विविधाको स्थिति । अध्यक्षमा पशुपतिशमशेर ज.ब.रा. । गृहमन्त्रीले त्यो पार्टीलाई नै आफू अनुकूल बनाउँदै आफैँ अध्यक्ष बनेको नयाँ परिस्थिति निर्वाचन आयोगमा आउँछ । त्यहाँ छन् वैधानिकताका प्रश्नहरू, पक्ष विपक्षका निवेदन, घेराउ जस्ता विविध क्रिया-प्रतिक्रियाहरू । एउटै घर छिन्न-भिन्न भएको छ । यो पछिल्लो परिस्थिति कानून अनुकूल छैन । निर्वाचन आयोगलाई पच्तैन । अन्ततः आयोगको निष्कर्ष छ, रा.प्र.पा.लाई पूर्ववत राख्ने । मन्त्री कमल थापालाई छुट्टै पार्टी तथा चुनाव चिन्ह प्रदान गर्ने । उहाँको कदम यसैअनुसार बढ्छ । स्थानीय निर्वाचनमा सहभागिता पनि । कदाचित्, हामी भनसुन, दबाबबाट धेरै टाढा थियौं । मतदान, हारजितलगायत विविध विषयका तटस्थ भूमिका । कतैबाट अवरोध आएन । शायद, यसमा मतभेद होलान् । अध्ययन, विश्लेषणको विषय बन्ला पनि ।

यस्तै मिल्दोजुल्दो विवादको प्रसङ्ग, २०७८ मा पनि । पुरानो अध्यक्षलाई हटाएर म नै सर्वोपरी अध्यक्षको दाबीसहित एमाले निर्वाचन आयोगमा पुगेछ । खुसीको क्षण भनौं, यो घटनामा रा.प्र.प.का अध्यक्ष कमल थापाको अभिव्यक्ति, त्यो बेलाको निर्णयप्रति सकारात्मक सन्देश छ । सार छ, पुरानो अध्यक्ष के.पी. ओलीलाई हटाउन मिल्दैन । यो थियो ढिलै भए पनि

आयोगको निर्णय सार्वजनिक रूपमा प्रकारान्तरले सम्मान गरेको प्रसङ्ग । कृतज्ञता ज्ञापन गर्नुपर्ने विषय ।

त्यो बेला, स्थानीय निर्वाचन तयारीको अन्तिम चरण । शान्ति सुरक्षाका विषयमा आयोगमा छलफल हुँदै । सशस्त्रका आइ.जी.पी. को विचार छ, मतदान केन्द्रमा तारबार लगाउनुपर्ने स्थिति हुन सक्छ । विचलित बनाउने राय । मुख हेराहेरको स्थिति । शाही सेनाका उच्च अधिकारीको यसमा सहमति छैन । भनाइ छ- निर्वाचन हुन्छ, समस्या पर्दैन । अगाडि बढ्दा हुन्छ । तैपनि आयोग द्विविधामा । फ्रण्ट लाइनमा बस्ने प्रहरीको राय कसरी उपेक्षा गर्न सकिन्थ्यो र ! समीक्षा गर्नुपर्ने विषय । तैपनि निर्बिघ्न निर्वाचन सम्पन्न हुन्छ । तर परिस्थिति परिपक्व कहाँ । त्यसमा स-साना केही दलहरूको मात्र सहभागिता छ । सबै ठूला दल बाहिरै ।

ती दिन फर्केर हेर्दा, लामो समयदेखि स्थानीय निर्वाचन रोकिएको छ । तेस्रो कार्यकाल पनि टाढिँदै । यो पटक पनि पार्टी सहमत छैनन् । राजनीतिक जटिलताहरू अरू थपिँदै । हुनसक्छ, निर्वाचन रोकिँदै, स्थानीय तह नेतृत्वविहीन हुँदै जानुमा कतै योजनावद्ध दीर्घकालीन सोचको उपज होस् । जसमा गणतान्त्रिक संविधानको प्रतीक्षा अन्तर्निहित होस् । लाग्छ, कतै नगरपालिकाको त्यो निर्वाचन पनि आन्दोलनलाई मलजल गर्न सहायक बन्यो कि ! कदाचित भाग नलिने सबै दल एकसूत्रमा बाँधिन अरू सहज भएको छ । बाह्र बुँदे दिल्ली सम्झौताअन्तर्गत सबै एक थलोमा । अन्ततः विविध उतारचढावका बीच आन्दोलन सफल हुन्छ । सबै परिस्थिति नयाँ, उत्साह नयाँ । अब अग्रगतिका विविध चर्चाहरू, हल्लाहरू ।

०६३ नयाँ परिवर्तन पछिको सरकार । अब पहिलो प्रहारमा छ, निर्वाचन आयोग । शायद त्यहाँ अवाञ्छित मात्र छन् । जरै नउखेले हुनसक्छ लोकतन्त्र खतरामा परोस् । आफ्नै हुनमा गर्व होला, प्रिय लाग्ला । हुन पनि सक्ला, सर्वोपरी साध्य वरिपरिकै बाध्यता होस् । त्यहाँ छन् आयुक्तको राजीनामा, अवकाशदेखि महा-अभियोगसम्मका चर्चा । सबै आन्दोलित, सुन्ने सुनाउने वातावरण छैन । शायद अनुकूलताको खोजी सबैमा होला । कसैलाई

तुरुन्तै नयाँ पद लिनु छ, कसैलाई पुरस्कार । हरेक परिवर्तनमा यस्तै-यस्तै हुँदै गर्दै आएकै पनि हो । एक किसिमले सफलताको पूर्वशर्त जस्तै जस्तै ।

त्यो बेलाको स्मरणीय प्रसङ्ग- एक दिन कुनै पूर्वमन्त्री रविन्द्रनाथ शर्मासँग भेट हुन्छ । हामी के गर्ने ? हाम्रो विषयमा तत्कालै प्रधानमन्त्रीसँग कुरा भएछ । जवाफ रहेछ, किन हतार । कुनै कालखण्डमा म पनि उहाँको सचिव । शायद, को व्यक्ति भन्नुपर्ने छैन । तर महाभियोगको विषयले तीव्रता पाएको छ । जतातै चर्चाहरू । मानौं पार्टीको गति नै त्यसैमा अड्किएको छ । यो कुरा पुनः उहाँलाई नै सुनाउँछु । विवादित भएर किन बसिरहनु । मन खुस छैन । दोस्रो पटकको भेटमा भन्नुभएछ । उग्र कुराहरूले अप्ठेरो पार्दैछ । राजीनामा गर्दा पनि ठिकै हुन्छ कि । तत्कालै आयोगका सबैले राजीनामा गरेका थियौं । यो थियो २०६३ असार । नत्र-नत्र..... उही चर्चित विषय सुन्नुपर्ने पिरोलो । लड्ने शक्ति कहाँ छ र ! हो विश्वास लेनदेनको बाटो कस्तो हो । त्यो पनि हाम्रो क्षमताभित्र कति नै । किन हो किन लाग्छ- यो निर्देशन विवशताभित्रको उपज मात्र थियो कि ! उहाँसँग कतै गहिरो पीडा छ कि भन्ने अनुमान गर्थे । त्यो बेला पनि यदाकदा भेटिन्थे, कर्मचारी खोसुवा कतै बेठिक भयो भन्ने भावहरू ।

यो बेला, कुनै कालखण्डको निर्वाचनकै प्रसङ्गमा "आफ्नै कुरा" को निम्न अंश सान्दर्भिक हुन सक्ला । त्यहाँ भेटिन्छन् हाल चुनाव गर्नु हुँदैन भन्नेसम्मको आशयहरू । कता कता कता लाग्छ, त्यहाँ त हामीले सुनेको बुझेको भन्दा फरक पो छ । निर्वाचन नियमित अभ्यास हो, अनिवार्य आवश्यकता हो, हारजीत गौण हो भन्ने सिद्धान्त कता हो कता जस्तो । त्यहाँ छन् निर्वाचन भए जित्नै पर्छ भन्ने भावहरू, मान्यताहरू । यसैको वरिपरिको यो अंश साभार गर्दैछु ।

"अनि स्थानीय चुनावको कुरा उठ्यो । चुनाव गराएर प्रजातन्त्रको जरा गाउँगाउँसम्म पुऱ्याउनुपर्छ भन्ने पक्षमा थिएँ । यसै विषयलाई लिएर गणेशमानजीकहाँ नेपाली कांग्रेस कार्यसमितिको बैठक भयो । अधिकांश सदस्यहरूले चुनाव गराउनु हुँदैन हामी हार्छौं भन्ने तर्क राखेर मेरो चर्को

आलोचना गरे । साथीहरू भन्न थाले र गणेशमानजी पनि भन्न थाल्नुभयो- प्रधानमन्त्री आफैँ बदनाम छन् । झन् चुनाव गराए पार्टीकै हार हुन्छ" ...आदि ।

हामी सुन्ने गर्थ्यौं, प्रजातान्त्रिक व्यवस्थामा राज्यका सबै ढाँचाहरू प्रजातान्त्रिक पद्धतिअनुसार चल्छन् । यसमा छन्- पार्टीको बनोटदेखि समयबद्ध स्वतन्त्र निर्वाचनलगायतका विषयहरू । भनिन्थ्यो, पद्धतिमा नै मूल्य छ । त्यहाँ भेटिन्थे, उत्तरदायित्वपूर्ण, निष्पक्ष तथा जनमुखी प्रशासनका सपनाहरू । दक्षिण कोरिया, मलेसिया, सिंगापुरतिरका विकासका द्रुतगतिहरू यदाकदा स्वीजरल्याण्डसम्मको छलाङ्गसम्म । यस्तै-यस्तै सुन्दै, भोग्दै, हेर्दै अब त दशकौं बितेछन् । फर्केर हेर्दा, त्यस्तै-त्यस्तै दिशातिर हो वा अरू कतै । प्रायः सुनिने गर्छ, काम गर्न नै दिँदैनन् । यत्रो ठूलो कर्मको बाधक को होला !

निर्वाचनकै प्रसङ्ग- पद्धति पालना गर्न कहाँ सजिलो होला र ! त्यहाँ खाँचो छ, सबैतिरको तालमेल र सहयोगको । उता माओवादी द्वन्द्व चर्किंदै । दृश्य, अदृश्य धेरै कारण हुन सक्लान् २०५४ देखि २०७४ अर्थात् करिब बीस वर्ष, स्थानीय निकायको निर्वाचन भएनछ । यस बीचमा भए होलान्, पूर्व संक्रमण तथा संक्रमणका अभ्यासहरू । अन्ततः पछिल्ला सबै निर्वाचन लोकतान्त्रिक पद्धति, प्रक्रिया तथा ढाँचामा । यदाकदा लाग्छ, अब संक्रमणकाल समाप्त भएको पनि निकै समय भएछ । कतै हामी जानी नजानी सुरू कहाँ, अन्त कहाँको अविरल यात्रामा त छैनौं । सबै समस्याको अचूक औषधि लोकतन्त्र । त्यो पनि कतै भ्रम मात्रै पो थियो कि ! हालका दिनमा यस्तो चर्चा गर्ने मिडियाहरू व्यापक रूपमा देखिँदैछन् ।

पद्धतिका कुरा कति आदर्श, कति यथार्थका होलान् । विजयको सुख तथा पराजयको पीडा सीमामा राख्न कहाँ सहज होला र । आयोगका कति निर्णयहरू राजनीतिक खेलका अङ्ग पनि बन्लान् । दुष्प्रचार, अतिरिक्त लाभका अङ्ग पनि । यस्तै यस्तै सुन्दै, व्यहोर्दै आफ्नो कर्मबाट सन्तोष लिनुपर्ने होला । हारजितमा नेता, कार्यकर्ताहरूले चित्त बुझाएर मात्र कहाँ

पुग्ला र ? स्वदेशी तथा विदेशी पर्यवेक्षकहरूले पनि ठीकै छ भनिदिनु पर्ने नै होला । आयोगलाई धन्यवाद कहाँ । स्याबासी कहाँ ?

आशा गरौं- आयोगले पुनः तटस्थ भूमिकाको मौका पाउला । हाम्रो र उसको भन्ने विवाद सधैंका लागि अन्त्य होला । माथि *"आफ्नै कुरा"* मा भनिएजस्तै चुनाव गराए पार्टीको हार हुन्छ जस्ता सोचले निर्धारित समयमा निर्वाचन नहुने पीडादायक स्थिति नआउला । त्यो बेला नेताहरूको त्यो हदसम्मको खप्की खानु परेको रहेछ । लाग्छ, त्यहाँ होलान् धेरै अनुत्तरित प्रश्नहरू । समयसँग बग्दै-बग्दै अब अपेक्षा गरौं, कति कुरा सुधिर शर्माको प्रयोगशालाले देला । कति स्वदेशी तथा विदेशी लेखकका लेख-रचनाहरूले ।

केही क्षण महाभियोगको प्रसङ्गतिर पनि - कति प्यारो बनेछ, त्यो शब्द । मन नपरे जसलाई भिराइदिए हुने । एकैपटक बौद्धिक सम्पत्ति, मर्यादा सबै स्वाहा । शायद, पुराणकालीन ब्रह्मास्त्र । राष्ट्रपति होस् वा प्रधानमन्त्री, न्यायाधीश होस् वा संवैधानिक पदाधिकारी सबैतिर एकनाशले दौडिन सक्ने । कतै, कसैको चित्त बुझ्दैन, दौडिहाल्छ । गजबैको रहेछ महाभियोग । आधिकारिक आवाज हो वा जनमत संकलन, बेला बखत बनिबनाउ रमाइलो दिने विषय बन्दो । ओजविहीन हुँदै, तैपनि दौडिने बाध्यता ।

हो, जब उपलब्धि नजिकै छ, परिस्थिति अनुकूल बन्दैछ, विश्रामतिर जान मन गर्छ । शायद त्रास सिर्जना र पकडमा राख्ने अचुक निर्विकल्प हतियार । लाग्छ, राजीनामा माग्न सकिन्छ, अवकाश दिन सकिन्छ, अभियोगका शर्तहरू होलान्, अरू कानूनी बाटाहरू पनि हुन सक्लान् । तैपनि बेलाबखत यत्रतत्र त्यो प्यारो शब्द । साँच्चै राष्ट्रलाई घात हुन लाग्यो, अरू उपचारले काम गर्दैन, विकल्पविहीन स्थिति छ, चाँडै केही गर्नुछ, शायद यस्तै-यस्तै स्थितिको कल्पना हुँदो हो- महाभियोग । सम्झँदा मात्रै पनि मन चस्स गर्ने । कुनै कालखण्डमा हामी पनि यो ब्रह्मास्त्रको नजिक पुगेछौं ।

यी थिए- निर्वाचनसँग जोडिएका परिवेश तथा महाअभियोगका कथा-व्यथाहरू । लाग्छ, यस्तो किन र कतिञ्जेल । के सरकारी अङ्गहरूको निष्पक्ष तथा तटस्थ भूमिका पर्याप्त हुँदैन । के यो अध्ययन, अनुगमनको

विषय बन्न सक्दैन । विना परीक्षण, पूर्व अनुमान मात्र पर्याप्त होला त । अघिल्लो कार्यकालका अधिकारीहरू पछिल्लोलाई अस्वीकार्यको बाध्यता किन । राज्य संयन्त्रभित्र किन साझा मन बन्न सक्दैन ? कहाँ छ सङ्कट, कसका लागि । किन यति धेरै अविश्वास । यस्तो कतिञ्जेल । अनिश्चितता र दौडधुपले अग्रगतिको दीर्घकालीन सोचलाई मलजल गर्ला त । यस्तै चिन्तनले के यो प्रदूषण मुक्त होला । तमाम तर्कहरू । शायद उत्तर पाउन समय लाग्ला । प्रतीक्षा गरौं । हुनसक्छ यो व्यक्तिगत कुण्ठा वा सोच मात्र बनोस् । बाँकी समीक्षककै जिम्मा राखौं ।

समाधानका विधिहरू

खड्किँदा केही प्रतिनिधिमूलक प्रसङ्गतिर-२०६७ को कृति "आफ्नै कुरा" । आफ्नै शब्दमा । त्यसको पेज ५७ को यो अंशले धेरै कुराको सङ्केत गर्ला । आशा गरौं खोजको मौका देला पनि । त्यो कार्यकाल, सबै प्रधानमन्त्रीको साथ र समर्थन । तर विमान अपहरणदेखि निर्वाचन आयोगबाट बाहिरिँदासम्मको घटनाले बराबर सम्झाउँदो रहेछ । हो, ती दिन कति प्रिय, कति अप्रिय रहे ।

'मेरो गल्ती कहाँ भयो भने मैले आफूलाई शक्तिशाली देखाउनका लागि ७-८ जना सचिवहरूलाई हटाइदिएँ । नत्र त उनीहरूले कामै नगर्ने । तर, यसो गर्दा केही इमान्दार सचिव र उच्च प्रशासकहरू पनि त्यो सूचीमा परे । उनीहरूलाई हटाउनु हुँदैनथ्यो । त्यो मेरो एउटा गल्ती थियो' ।

- साभार

यो अंशले अनुभव गराउने रहेछ यथार्थमा लामो अवधिदेखि गहिरो गरी मनमा गाडिएको किलो छ । त्यो पनि सक्रिय जीवनको अन्त्यसम्म । शायद, अब हल्का भएको छ । हो, महानताको परिचय । लाग्छ, निजामति सेवाको इतिहासमा यो कालखण्ड पनि जोडिएला । आशा गरौं, प्रत्यक्ष वा परोक्ष रूपमा यस्तै-यस्तै अभिव्यक्तिहरू त्यो योजनाका सहयात्रीहरूको पनि विविध भाव र भाषामा आउँदै जालान् ।

ती दिन, निजामति सेवा ऐन बनाउँदा पछिल्लो दिनको निरीहता पनि देखेको छु, भोगेको छु । हो, स्वयं प्रत्यक्ष साक्षीजस्तै छु । कसरी निजामति

सेवा सञ्चालनसम्बन्धी मूल्यवान् ऐन एकैदिनमा क्याबिनेटदेखि संसद् हुँदै दुवै सदनबाट पारित गराउनेसम्मका काम भए । अघिल्लो दिन बेलुका प्रधानमन्त्रीको भनाइ थियो, यो भोलि हुँदैन, केही बाँकी छ, अर्को अधिवेशनबाट मात्र । यो थियो भोलि संसदबाट पास हुँदैछ भन्ने हल्लाको जवाफमा । तर अर्को दिन बिहानै त्यत्रो परिवर्तन किन र कसरी ? शायद, सबै सरोकारवालासँग प्रचुर विज्ञता छ । बराबर प्रश्न आउँछ, हतारो कहाँ, कसलाई । दीर्घकालमा त्यसको असर कहाँ कहाँसम्म । त्यो बेला कतिको ध्यान राज्य व्यवस्था समितिका अध्यक्षको सक्रियतातर्फ पनि ।

खड्किँदो पछिल्लो प्रसङ्ग- संविधानको ७६ (५) धाराअनुसारको सरकारको नियुक्ति र विघटित संसद पुनःस्थापनाको विषय । मुद्दा सर्वोच्चमा विचाराधीन छ । यसै बेला आउँदैछ, बाह्य हस्तक्षेपको प्रसङ्ग । त्यहाँ छ, पाँच जना पूर्वप्रधानमन्त्रीहरूको वक्तव्य । हो, हस्तक्षेपको अर्को पाटो कुरा अकाट्य होला, तर अमूर्त छ । शायद- प्रष्ट हुन, गराउन पनि जाँगर कहाँ देखियो र ! परिवर्तित परिस्थितिमा बाह्य हस्तक्षेपको निरूपण, निराकरण भनौं समयले गर्दै जाला । सुन्दा लाग्छ, के अब महासंक्रमणको दिशातिर हो ? सङ्कटको सन्देश हो ?

नेपालको इतिहासमा लोकतन्त्रका पछिल्ला दिनहरू । गठबन्धनको सरकार । प्रधानन्यायाधीशहरूमाथि नै महाभियोग अभ्यास सुरू । नेपाली जनतालाई कानूनको संरक्षण दिनुपर्ने व्यक्तिको त्यो हालत । धन्य जनता । अब यो सब नयाँ रहेन । पूर्व सोचकै एक भागजस्तो । सहज राज्य पद्धतिको चाहना हो, अनुकूलताको हिस्सा हो । हुनसक्छ, योग्यलाई कदर र अयोग्यलाई दण्डित गर्ने महान् अभियान हो । यो बेला, प्रचण्डको पहिलो प्रधानमन्त्रीत्व कालमा प्रधानसेनापतिको अवकाशसम्मका चर्चित घटना पनि कहाँ बिर्सन सकिँदो रहेछ र । हाम्रो संविधानका महत्त्वपूर्ण अंगहरू, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सेना, राष्ट्र बैंक यिनै त हुन् । सुनिन्छ, सञ्चालनमा सहजता कमै छ । सीमित अवधिभित्रै दुई पटक संसद विघटन, गठबन्धनको सरकार तथा सञ्चालनलगायत राष्ट्रको मूल्यवान्

समयको राप-ताप, प्रभाव दीर्घकालसम्म रहला नै । समस्याका जरा कहाँ छन् त । समाधानका सूत्रहरू कस्ता । के शक्ति प्रदर्शनले मात्रै पुग्ला त । हो, हाम्रो हेराइ सतही मात्रै हुनसक्ला । लाभ-हानीको मूल्याङ्कन त समयले गर्दै जाला । हुनसक्छ, राज्य सञ्चालनका नियमित प्रक्रियाभित्रै हुन् । ०४७/०४८ तिर त यसको व्यापकै थियो । अहो ! अदालततिरका ती अविस्मरणीय दौडधूप त कति-कति । आशा गरौं, भविष्यले सत्य स्थापित गर्ला । पूर्णता देला । शायद, "वीरभोग्या वसुन्धरा" भनेको यस्तै-यस्तै केही हो कि !

व्यवसायी बन्न खोज्दा

ती दिन, त्यो अनपेक्षित पहिलो अवकास २०४७ । शायद आकस्मिक दुर्घटना । पूर्व तयारी कहाँ छ र ! के गर्ने, कहाँ गर्ने, कसरी गर्ने, अन्यमनस्क स्थिति । यस्तै-यस्तैमा केही साथीसँग हातेमालो । सानो प्रेस खुल्छ । त्यहाँ छन्, पाइला पाइलामा कमिशनका चक्करहरू । शायद निजी क्षेत्रको बाध्यता । हुनसक्छ, सुगन्धै होस् । बाबु-छोरा बीचको संवाद पनि कमिशनको भाषामा जस्तो । अब त्यहाँ छन्, हतासा, निराशाहरू । शायद, हाम्रा तथाकथित स्वाभिमानले धान्दैन । अन्ततः चाँडै बिदाइ गर्छौं ।

त्यसै बेला गार्मेन्ट उद्योगहरूलाई कोटा वितरण गर्ने सरकारको कार्यक्रम । उद्योग सञ्चालन गर्न लाइसेन्स बन्छ । केही कोटा फेला पर्छ पनि । त्यो नयाँ दुनियाँ । कहाँ-कहाँबाट नयाँ-नयाँ मानिस, आफैं सामान तयार गर्ने, पठाइदिने पनि । घ्याप्प पैसा आउने कुरा पो गर्छन् । केही गर्नै नपर्ने । मेसिनको कामै छैन । सामान निर्यात भैसक्ने । कति चाँडै आम्दानी । कहाँ छ परिश्रम, कहाँ लगानी । के खोजेको होला, यस्तो गजबको विचित्रता, तैपनि मन रमाउँदैन ।

गार्मेन्टकै प्रसङ्गमा अर्को रमाइलो । यसमा छ- थप विचित्रता । गार्मेन्ट व्यवसायीको हैसियतमा गुडुसँग भेट । पूरा नाम "आसिफ असरफ" । दिल्ली धेरै बस्ने । कानपुरवासी भन्छन् । बेलायतमा पढेको, अग्लो आकर्षक व्यक्ति । यो चाँजो पाँजोको चाबी छ, मित्र शिवकुमार लाठसँग । मेरा छिमेकी पनि । कुनै बेला शिवजी काठमाडौं जिल्ला स्काउटको सचिव । स्काउटको अन्तर विद्यालय गतिविधिमा प्रायः भेटिने । त्यो बेलादेखिकै सम्पर्क । पछिल्लो

चरणमा व्यवसायको प्रसङ्गमा जोडिँदै थियौँ । बत्तीसपुतली द्वारिका होटल अगाडि पाण्डेको घरमा हाम्रो गार्मेन्ट उद्योग छ । गुडु दिनभर गार्मेन्टमा यताउता । बेलुका त्यही पाण्डेको घरमा । आकर्षक तर्कहरू, चतुर व्यक्ति । त्यहाँ छन्, हामीलाई जुरूक्क उचालेर डेढ दुई वर्षमै सफल व्यवसायी बनाउनेसम्मका योजनाहरू । गार्मेन्टका नयाँ-नयाँ खरीदकर्ताहरू आउँछन् । अर्डर दिने कुरा गर्छन् । यस्तैमा एक दिन बेल्जियमको एजेन्ट आउँछ । दिनभर सामान हेर्छ, छान्छ, नयाँ डिजाइन दिन्छ । अर्को दिन सम्झौता पनि । सामान तयारी सुरू । क्रमशः निर्यात गर्ने दिनहरू आउँछन् । जोडदार ताकेता पनि । यसै बीचमा गुडु हराउँछ । सम्पर्कविहीन जस्तै । अर्डर गरेका गार्मेन्ट सामग्रीहरू दिल्ली सम्पर्क अफिस हुँदै बेल्जियम जानुपर्ने । विदेशी मामला । समयमा काम हुनुपर्ने । नत्र तुरून्तै क्यान्सिल हुने । त्यहाँ छन्, २५ प्रतिशत सामान पठाएपछि मात्र भुक्तानी प्रक्रिया सुरू हुनेसम्मका शर्तहरू ।

कसो कसो मेरो आत्माले मान्दैन । साथी शिवजी विश्वासमा नै । तर क्रमशः द्विविधामा । अन्ततः वस्तुस्थिति बुझ्न दिल्ली सम्पर्क केन्द्रमा पुग्छौँ । अचम्म, त्यहाँ कहाँ अफिस हुनु । त्यो ठाउँमा भेटिन्छन् त्यो गुडु र तथाकथित बेल्जियम व्यापारी पनि । अँधेरो छिडी कोठा, दारूमा मस्त पाँचजना ठगहरू । सबै छक्क । सबै नक्कली । नेपालबाट ती सधैँका लागि हराए । अब त्यस्तो काम सधैँलाई बन्द । कमाउन खोज्दा कसो धेरै गुमेन । घरी-घरी सम्झन्छु- सिकारू पाइला, कति रोचक कति घोचक बने । शायद यस्तै-यस्तै त होलान्, गोरेटो भत्किएका प्रसङ्गहरू ।

दोस्रो अवकाश २०५७ - सुरूका दिनमा नै केही प्रबुद्ध साथीहरूको सोचको उपज बन्छ, सार्वजनिक नीति संवाद केन्द्र २०५८ । त्यो बेला आवद्ध थियौँ, मित्र नारायणराज तिवारी, विश्वनाथ सापकोटा, विद्यानाथ नेपाल, मोहनदेव पन्त, हिरण्यलाल रेग्मी, पद्मप्रसाद पोख्रेल, केशवप्रसाद पौडेल, केशर ढकाललगायत साथीहरू । क्रमशः प्रबुद्ध साथीभाइहरूको सहभागिता बढ्दै । हो, क्रमशः चिन्तनको महत्त्वपूर्ण चौतारी बनेको छ ।

अग्रगतिका जराहरू

हो, कति गाडिएका छन्, अग्रगतिका जराहरू । उपाध्यायजीलाई कति गाह्रो कति । २०४७ को गृह मन्त्रालय । त्यति सहज छैन । कसैले जिम्मेवारी बन्नु नपर्ने । अविश्वसनीय माहोल । मेरो जिम्मा छ- गृहको आन्तरिक शाखा । प्रायः कर्मचारी टेबिलमा छैनन् । जता पनि खासखुस, खासखुस छ । लाग्छ- आन्दोलनको मुखमा काठमाडौँको प्र.जि.अ.बाट मन्त्रालयमा आएर होला । केन्द्रकाले जिल्लाकालाई नपत्याने रोग पुरानै हो । पछि थाहा पाए म प्रतिगामी कित्ताभित्रको पो परेछु ।

विशेष स्मरणीय केही प्रसङ्गतिर । एक दिन मन्त्रालयका उच्च अधिकारी साथीहरू तुलसीप्रसाद भट्टराई र वागिश्वरीदत्त चटौत मेरो कोठामा प्रवेश । यो आकस्मिकजस्तै शायद सद्भावको मात्रा छ । भनाइ छ- गिरिजाबाबुलाई भेट्न नजाने । हो, मेरो उहाँसँग भेटघाट सम्पर्क छैन । परिवर्तन पछिको पहिलो आमनिर्वाचनको तयारी चल्दैछ । गिरिजाबाबु नेपाली कांग्रेसको महामन्त्री । भखरै जिल्ला भ्रमणबाट फर्केको बेला । भेट्ने जाने कुरा ठीकै लाग्छ । मेरो लागि अवसर पनि । सह-सचिवसँग मिलाएर जाने कुरा हुन्छ । तर त्यो बिर्सिएजस्तै । समय आएन ।

यस्तैमा नाम नसुनेको नयाँ पत्रिका मेरो टेबुलमा भेटिन्छ । त्यसमा मेरो बारेमा लामो खबर रहेछ । सार छ- "कुनै दिन म गिरिजाबाबु कहाँ गएछु । त्यहाँको सबै कुरा बोकेर सीधै मरिचमान सिंहकोमा आदि आदि । एक दिन घर फर्कने क्रममा हामी तीनैजना एउटै गाडीमा छौं । समसामयिक

कुराको सिलसिलामा मेरो प्रश्न थियो- "गिरिजाबाबुलाई भेट्ने कुरा के भयो ?" भनाइ आयो- सह-सचिवले मान्नु भएन । ती उनै सह-सचिव थिए, जसले खोस्नुपर्ने प्र.जि.अ.को नाम खोसिनुभन्दा चार दिन अघि नै गृहमा बिहानको हाजिरीको भेटघाटमा उच्च अधिकारीसामु खुलाएका थिए । यदाकदा लाग्ने गर्छ, उनको सूचनाको स्रोत कहाँ हो । कसका लागि के के गर्ने गर्थे ।

अर्को प्रसङ्ग- मेरो मनपर्ने साथीमध्ये प्रिय उपाध्यायजी कतै उपसचिव । हाम्रो घर परिवारको सम्बन्ध पनि । बिहान प्रायः म पशुपतितिर निस्कने गर्छु । एक दिन उनी पिङ्गलास्थान नजिकै हतार हतार फर्कने क्रममा छन् । सामान्य भलाकुसारी । अप्ठेरो मान्दै भन्छन्, दीर्घराज कोइराला कहाँबाट आएको । थप सोध्न चाहन्न । उनको गोजीमा केही नाम जस्तो लिस्ट बाहिरबाटै अनुमान हुन्छ । सेतो सफा कमिज, के बोकेको यस्तो भन्दै अनायासै उनको खल्तीमा मेरो हात पुग्छ । नाइनास्तीको बीचमै कागज निकाल्छु । सरसर्ती हेर्छु, पल्टाउँछु पनि । आफ्नै मित्रको खल्ती, खोजीनिती गर्ने मन छैन । त्यसभित्रको प्रयोजनबाट बेखबर छु । त्यो नामावलीभित्र शायद म पनि थिएँ । यस्ता लिस्टहरू क-कसका खल्ती र कम्प्युटरमा सजिए होलान् । तर अचम्म अवकासको दिनदेखि अहिलेसम्म सम्पर्कबाट टाढा बस्नेमा उनी पनि भए । हो, सर्वोपरी साध्य स्वार्थ नै रहेछ । त्यो देखिनासाथ के कर्म, के कुकर्म, के सुकर्म सबै साथसाथै चल्दै । सहयात्रा गर्दागर्दै खाल्टैमा गाडेर अर्कै दिशातिर लाग्न पनि कतिबेर । यिनै र यस्तै त होलान् राज्यका धरोहरहरू, नीति निर्माणका सहयोगीहरू । यदाकदा तर्क आउँछन्- कहाँसम्म होलान् यसका जराहरू । कहाँ-कहाँसम्मको सुनौलो भविष्य देखाउँदै होलान् । यो पनि समीक्षककै जिम्मा रहोस् ।

अब प्रसङ्ग पुरस्कारको- यत्रतत्र चलेका यस्ता गतिविधिको केन्द्रमा छ निजामति सेवा । लाग्छ, मुख्य रूपमा आफ्नो पक्ष बलियो पार्नु छ । वहानाहरू खोज्नु छ, अभियान चलाउनु छु । त्यसपछि सुरू हुन्छन् अवकास, पुनर्वहाली, पदस्थापना, म्याद थपका लागि पटक पटक यत्रतत्र भनसुनजस्ता जटिलता भित्रका पीडादायी यात्राहरू ।

लाग्छ- सिंहदरबारभित्रको चिन्तनको धरातल कसरी बन्दो होला । जान पहिचानभित्रका सबै कति चाँडै बिराना हुनसकेका । लामो प्रतीक्षापछि पुनर्वहाली, तर हाजिरी छैन । बल्ल बल्ल ढाट खुल्छ, काम गर्ने ठाउँ छैन । काम पाइयो रिटायर हुने दिनगन्ती सुरू । अर्को ढाट तयार छ । म्याद थप गर्न ठाउँ-ठाउँमा भिख माग्दै हिँड्नुपर्ने । त्यो पनि सुन्ने पाउन सजिलो कहाँ । लामो प्रयासपछि कोही विवेकी आउला । तर त्यो एक पटकलाई मात्र हुन्छ । त्यो सकिन्छ । पुनः त्यहीक्रम । ती कति आवश्यक थिए वा कति नियोजित । अब आत्मबल कहाँ । यो थियो, अविश्वासको खाडलभित्र अछूतजस्तो नियति । तर जेहोस्, यी थिए अग्रगमनका पाइलाहरू । परिवर्तनका प्रारम्भिक सन्देशहरू । त्यो बेला तत्कालीन साध्य भनेको शायद राजकर्म आफ्नो अनुकूल बनाउने हुँदा हो । त्यसका लागि हजारौँ कर्मचारीहरूले बलिदान गर्नुपर्ने छ । शासनको केन्द्र सिंहदरबारबाट राज्यको स्थायी अङ्ग कर्मचारीलाई सडकमा ल्याउने उच्च अधिकारीलाई सर्वप्रथम पुरस्कार तथा कदरको खाँचो छ । त्यहाँ ठूला-ठूला सपना छन् । ठाउँ खाली गर्नु छ । सहज विकल्प अवकाश मात्र । पृष्ठभूमि तयार गर्नु छ । यसका लागि चारैतिरबाट एउटै स्वर र लयमा हमला गर्नु छ । अवाञ्छित सिद्ध गर्नु छ । हो आफ्नो पराय चिनाउनु छ, घर-घर, व्यक्ति-व्यक्तिसम्म घृणा, द्वेष फैलाउनु छ । सम्भव भएसम्म पराइलाई सबैतिरबाट बिदा गर्नु छ । लाग्छ, अब त्यहाँ के छैन ! चाँडै नै चारैतिर जराहरू फैलिसकेका छन्, बलिया हुँदै छन् । यताउता, सबैतिर धन्यवाद, शुभकामनाका भेलहरू छन् । सबैभन्दा माथि स्वार्थ छ । एजेण्डा दरो छ । सत्ता छ । शक्ति छ । चारैतिर आफ्नै छन् । मानौँ अब पाइला-पाइलामा स्वर्गीय सुखका क्षणहरू छन् । अनि यससँग जोडिएका कति दृश्य, कति अदृश्य रणनीतिहरू । पुनर्वहालीको चरणमा पुग्दा त सबैको एक तहको बन्दोबस्त । सबै पद भरिभराउ । सबै आफ्ना । त्यसले उब्जाएको प्रमुख जटिलता छ- पुनर्वहालीलाई ठाउँ खोई । पराइलाई ठाउँ किन । ती हाम्रा हुन् र । त्यसले निम्त्याएका घटना, दुर्घटनाहरू । निजामति सेवाको इतिहासले बोकेका भारीहरू । कदाचित्,

अग्रगतिको यात्रासँग जोडिएका घटनाहरू- कति प्रतिशोध, कति जालझेल, कति प्रपञ्च, कति अनविज्ञता, कति शक्ति प्रदर्शन त कति मूर्त-अमूर्त खेलका उपज हुन सक्लान् । ती दिन सम्झँदा यो पुरानो हिन्दी गीत अगाडि आउँछ-

"सूरज नबदला चाँद नबदला
नबदलारे आसमान
कितना बदलगया इन्सान ।"

जीवन्त कहानी

ती पुराना दिन- कति सजिलै बिग्रिए कर्मचारीहरूबीचको सहयोग र सद्भावका सन्दर्भहरू । कति चाँडै चिन्तनका धरातलहरू आत्मकेन्द्रित बन्दै गए । निजामति सेवाको दिशा कता, कुन प्रयोजनको लागि बन्दै गयो । हो, समयको प्रवाह धेरै मूल्यवान् होला, साथै गतिमान् पनि । कति राजनीति, कति राज्यधर्म । कहाँ सँगसँगै, कहाँ कहाँ फरक । भेद पाउन अझै कुर्नुपर्ला ।

त्यो कालखण्ड, सरकारी यन्त्रमा उसको र आफ्नो, अनपेक्षित धारहरू । कृति 'अनुभव र चिन्तन' २०७७ हो पिडाका केही मर्महरू चियाउने अपूर्ण प्रयास । बिर्सन खोज्दा पनि घरीघरी सम्झिरहने केही अतीतका प्रसङ्गहरू, बराबर चिलाउने घाउहरू, अर्को कोणबाट स्मरण गर्दै ।

आन्दोलनपश्चात नव निर्वाचित पहिलो प्रधानमन्त्रीको कार्यकाल । त्यहाँ छ, नयाँ जोस र जाँगर । केही गरौं, चाँडै सुरू गरौं भन्ने चाहना । उता सरकार असफल बनाउने राजनीतिक खेलहरू । चर्चा हुन थाल्छन्, टुँडिखेलका भत्केका तारबारका विषयहरू, यत्रतत्र ट्रेड युनियनमा गतिविधिहरू । अब अग्रगतिको आवरणमा भए पनि केही गर्नैपर्ने बाध्यता । सर्वप्रथम पश्चगामी र दूषित पद्धतिबाट मुक्ति लिनु छ । पहिलो चरणमा राज्यकर्म सञ्चालनको मूलतत्त्व निजामति सेवाको बाँकी मर्मको भेदन नै बलियो आधार बन्न सक्ला । राज्य संयन्त्रभित्र त्रासको वातावरण । कर्मचारी

खोसिएकोमा प्रायः सकारात्मक प्रतिक्रियाहरू । कता कति विरोधका मसिना स्वरहरू । मौन समर्थनको माहोल । सरकारले केही गर्दैछ, प्रभाव यत्रतत्र । शायद अब सरकारी उद्योग, कम्पनीहरू बेच्ने अनुकूल पृष्ठभूमि तयार छ । हो, प्रभाव बिस्तारको थप पाइला पनि । यता राज्यका नियमित कार्यहरूमा राजनीतिको प्रवेश । सरकारी सेवाभित्र पनि आफ्नो हो कि अर्काको । पञ्चे, प्रतिगामी, पुनवर्हालीपछि त कम्युनिष्ट पनि । मर्म नबुझेका पगरीहरू । आत्मबल गिराउने पीडादायक व्यवहारहरू, माथिदेखि तलसम्म, सर्वत्र । मूलधारका कर्मचारीवाहेक जिम्मेवारीविहीन, उदासीन, तटस्थ द्रष्टाजस्तो ।

हामी किन बाहिर । खोसिएका कर्मचारीहरूको आवाज छ- किन हामी मात्र । 'किन' को जवाफ खोज्न पहिलो पाइलाको केन्द्रमा छन्, मुख्यसचिव । उहाँको छोटो, मीठो जवाफ छ- नेताहरूलाई सोध्नुहोस् न । त्यसपछिको दौड छ, मन्त्री नेताहरूकोमा । उनीहरूको भनाइमा नीरसता छ, कटुता छ । हामी सत्तामा भर्खर सिक्दै छौ । मौकामा सम्झनु भएन होला । अब के हुन्छ र । को, किन हामीलाई के थाहा हुन्छ र । हाकिमहरूलाई, साथीभाइहरूलाई नै सोध्नुहोस् न आदि इत्यादि । सुन्दा लाग्छ, ए यस्तो पो । न त यहाँ कोही जिम्मेवार छ, न त जानकार नै । हो, सरकारी उद्योग, कम्पनीहरू बेच्नु होला । यसभित्र छालाजुत्ता कारखानादेखि गोरखकाली रबर उद्योगसम्म अग्रपंक्तिमा होलान् । निजी क्षेत्रलाई यस्ता उद्योग, कम्पनीहरू स्थापना गर्न, सञ्चालन गर्न सक्छौं भन्ने सन्देश दिनु पनि होला । अग्रगतिको यात्रामा अप्रिय स्वरहरू सुन्ने मन छैन । विरोधको माहोल चिर्नु छ, परिवर्तन गर्नु छ । सबैतिरको सहयोग र समर्पणको खाँचो छ । आदेश, निर्देश, दृष्टि सङ्केत प्रत्येक पाइलामा सकारात्मक सोच चाहिएको छ । कदाचित अधिकारी वर्ग र उद्योग कम्पनीभित्रै यो बनाउनु छ ।

यस क्रममा विविध कोणबाट त्रास देखाउने, आत्मबल गिराउनेजस्ता कामसँगै आफ्नो अनुकूल हुनेलाई प्रोत्साहन गर्नु छ । उपयुक्त पृष्ठभूमि बनाउनु छ । यसलाई तीव्रगतिमा लानु छ । अहो, कति चाँडै साथीभाइ-इष्टमित्रहरूभित्रै गुटबन्दीहरू, अविश्वासहरू, ग्रुप गिरोहहरू- यस्तै यस्तैको

सेरोफेरोभित्र त होलान् अग्रगतिका पाइलाहरू । आफैंलाई प्रश्न गर्छु- त्यस्ता अत्यावश्यक सेवाभित्रका उद्योग, कम्पनीहरू निजीस्तरबाट कहिले बन्लान् । तीस वर्ष अघिका ती सपनाहरू के भुटमुट थिए त । बीस मेगावाटको विद्युत योजनामा स्रोत जुटाउन आज यो हविगत छ । निजामति सेवाले पनि कस्तो सार्थक परिणाम दिँदैछ त । हामी त्यही छौं । हो, हाम्रा पनि त्यही वरिपरि त छन्, । गुण दोषमा हामी सबै छौं । लाग्छ, उद्योग व्यवसाय बेच्नेलगायत निजामति सेवाभित्र समर्पण तथा त्रास सिर्जनाका अन्तर सम्बन्धहरू के एउटै दिशामा उन्मुख हुन् । सर्वोपरी लक्ष्यको केन्द्रमा ती कति सकारात्मक, कति अग्रगतिमा थिए । त्यो अभियानमा जराहरू कति, कहाँ कहाँसम्म । कस्तो परिणामको आशा हो । हिन्दी गीतको यो चर्चित अंश- "कहीं पर निगाहे, कहीं पर निशाना" त होइन ?

जोडिएको अर्को प्रसङ्ग, आन्दोलनको बेला कर्मचारीहरूलाई सडकमा उतारेको छ । त्यसमा नेतृत्व गर्नेहरूलाई कदर, पुरस्कार, प्रोत्साहन आदिको हतारो छ । सहभागीहरूलाई पनि त्यसको खाँचो छ । चाँडै नै चाहिएको छ । अवधि नपुगेकोलाई का.मु. नै सही । यथासम्भव रोजी रोजी पदबाट विभूषित हुनु छ, गर्नु छ । यस क्रममा सचिव, मुख्य सचिवमा पनि करारको मौका आउँछ । लाग्छ, बलियालाई छानी छानी जता हेऱ्यो उतै अवसर । उता निर्धालाई त्रासै त्रास । तत्कालीन तस्बिर निजामति किताबखानाका पानाहरूले कसरी बिर्सलान् र ।

नियुक्ति, अवकाश सामान्य प्रक्रिया हुन् । पत्रमा कुनै अभियोग छैन । न त अप्रिय शब्दहरू । त्यहाँ छ त धन्यवाद । तर आश्चर्य अघिल्लो दिन कार्यालय छोड्दाको माहोल अर्को दिन छैन । एक रातमै कत्रो परिवर्तन । कोही नजिक हुँदैन, न त कुराकानी । पूरै वहिष्कृत, तिरस्कृत, अछूत । क्रमशः उता टोल, समाजको हेराइमा फरक । सामाजिक कार्यहरू टाढा हुँदै । कतिले बिर्सन थाले । घर परिवारभित्रै बिग्रदो वातावरण । घृणा, विद्वेष, भ्रमहरूको व्यापक खेती । पुनः उही मर्मभेदी प्रिय शब्दहरूको दरो निशाना । मानौं समाजबाटै वहिष्कारको अभियान हो । अवसरको बढी सदुपयोग

क्षमतावान्कै हातमा त होला । लाग्छ, अझै किन बढी गनगन ।

कहाँ थियो त त्रुटि । अधिकांश कर्मचारी न त राजनीतिक प्राणी, न त राजनीतिक नियुक्तिभित्र । न त नेताहरूसँग सैद्धान्तिक वा प्रशासनिक विवाद । लोकसेवा आयोगको प्रक्रियाभित्रै त थिए । त्यो पनि दश-पाँच भित्रको सरकारी कामका लागि मात्र । लाग्छ, यस्ता पेशाकर्मीको कति ठूलो मूल्य । कति ठूलो प्रहार । कति ठूला विशेषणहरू । त्यत्रा विभूषणहरू जरूरी थिए त । शायद परिकारभित्रका हुन । नत्र स्वाद कहाँ । कति मीठो मानी-मानी रस लिन सकियो होला ।

के त्यो दिनसम्मको जागिरको यात्रा यस्तै घृणित, तिरस्कृत, विवादित भएर बिदाइ लिन थियो त । कोही किन बाहिर, कोही किन भित्र । यी जतातै छरिएका शब्दहरूको मर्मले बाहिर पर्नेलाई मात्रै छोला त । के यसले पुरस्कृत हुनेहरूको आत्मबल दरो पार्ला । स्वतन्त्र, निष्पक्ष भएर प्रभावकारी भूमिका निर्वाह गर्न सक्ला । गर्नेलाई पनि सहज अवसर कतिको प्राप्त होला । लाग्छ, यी सबैको सेरोफेरोमा सर्वोपरी साध्यको योजना कहाँ-कहाँसम्म । हुनसक्छ- अग्रगतिका बाधक यी वहिर्गमित मात्र हुन् । अब चाँडै समृद्धिको यात्रा सुरू होस् ।

देखावटी शालीनता प्रदर्शन कतिञ्जेल । अन्ततः केही सर्वोच्च जाने विचारमा छन् । तर के गर्ने, कसरी गर्ने भन्ने छटपटी छ । बढ्दो डरको माहोल । अस्वीकृत व्यक्तिहरूको मुद्दा लिने वकिलहरू उत्साहित छैनन् । अन्ततः वरिष्ठ वकिल गणेशराज शर्मा र कृष्णप्रसाद पन्तको सौजन्यबाट सर्वोच्च पुग्छ । उहाँहरू आस्वस्त पार्न खोज्नुहुन्छ- हाम्रो पक्षमा निर्णय हुने सम्भावना कम छ । तर कारण देखाउ आदेशले मात्रै पनि केही सहज हुनसक्छ । अन्ततः करिब दुई वर्षमा निर्णय आउँछ, कर्मचारीहरूलाई हाजिर गराउने ।

उता त्यो सबै पुरस्कारहरूको प्रक्रिया पूरा नहुँदै यता सर्वोच्चको यस्तो नसोचेको समस्याले तरङ्गित गर्छ । अब खोसिएकालाई पुनः हाजिर गराउने बाध्यता नजिकै छ । सुन्दा पनि झसङ्ग हुने । सारा स्वप्नहरू भङ्ग गर्ने,

कति पीडादायक सन्देश छ, त्यो । आफ्नै भाग काटिदैछ । चित्त बुझाउँनै गाह्रो । राहतको लागि अन्तिम उपायको खोजी । अब बाहिरै राख्ने उत्तम विकल्पमा छ, पुनरावलोकन । तत्कालै खेलहरू सुरू । पुनः विषवमन । उनै पुराना घोच्ने, पोल्ने आत्मवल गिराउने नमीठा खेल-तमासाका ती दिन । अहो, कति चिलाउनु घाउहरू । कहाँ बिर्सन सजिलो रहेछ र । यिनै र यस्तै विषयको सेरोफेरोभित्र त छ शायद यो गनगन । कदाचित् जीवन्त कहानी ।

त्यो हाम्रो होइन र ?

अग्रगतिका कुरा कोट्याउँदा बराबर सम्झना हुने प्रसङ्ग- जिम्मेवार नेतृत्व तहबाट कुनै जिम्मेवार उच्च अधिकारीको विषयमा प्रश्न आउने गर्छ, 'त्यो हाम्रो होइन र ?' अग्रगतिका यी प्रसङ्गहरू, आत्मसमीक्षाका विषय बन्दै जालान् । हो, कति गर्व गर्ने विषय बने । कति, दीर्घकालीन सन्तुष्टिका आधार बन्लान् । संस्थागत चरित्र कस्तो बन्यो । निश्चित मापदण्डहरू त्यहाँ पनि होलान् । कता-कता लाग्छ, एक किसिमको बाढी जस्तै-जस्तै पो हो कि । त्यसको असर कहाँ-कहाँसम्म । त्यस भित्र सबै हिँड्नै पर्ला । समष्टि रूपका कालान्तरसम्मका लागि कति अनुकरणीय सन्देश छोडियो त । २०७९/०८० को बजेटको अन्तिम रूप दिने राति गोप्य कोठामा असान्दर्भिक व्यक्तिको उपस्थितिले त नयाँ अध्याय नै थपेछ । कति सार्थक हुँदै गएछन् त उच्च अधिकारीका मौनता, निरीहता अनुकूलताजस्ता मापदण्डहरू । कदाचित्, अग्रगामी सोचको सही प्रतिविम्ब । यस्तै-यस्तै त होलान्, निजामति सञ्चालनसम्बन्धी सफल रणनीतिहरू । हो, तीन दशकअघिका हर्ताकर्ताहरूका सपनाहरू । निजामति सेवाको विकास क्रमका ती इतिहास कसरी छुट्लान् र । यस्ता प्रश्न पछिसम्म आउँलान्, जोडिँदै रहलान् पनि । बेला बखतका अमूर्त अभिव्यक्ति, लेख रचनाले सही दिशा निर्दिष्ट गर्ला त । त्यो त्रासदीपूर्ण माहोलको व्यापकताभित्र प्रवेश कहाँ कसरी । त्यहाँ त पत्रैपत्र पो छन् । त्यहाँ छन्, खल्तीको लिस्टका प्रसङ्ग पनि ।

नभन्दै करिब दुई दशक हुँदानहुँदै अचम्मको सन्देश देख्न, सुन्न पाइन थालेछ । कर्मचारी खोसुवाको प्रसङ्ग 'आफ्नै कुरा' मा भेटिने रहेछन् । *त्यो मेरो एउटा गल्ती थियो* (पृ. १४५) । यदाकदा तर्कहरू उठ्छन्- नेपालको राज्य-संयन्त्र किन सबैको भरपर्दो, साझा बन्न सक्दैन ? यहाँ किन मनहरू साझा बन्न सक्दैनन् । २०६७ मा आएर त्यस्तो उचाइका व्यक्तिले त्यो भन्नुपर्ने अवस्था कसरी । शायद निजामति सेवाको इतिहासमा सधैँ जीवित रहने अमर कहानीहरू । कल्पना बाहिर । यसबारे केही थप कुरा अर्को शीर्षक- "निर्वाचन आयोगका ती दिन" बाट । बाँकी अनुसन्धानकर्ताकै जिम्मा ।

जे जति छोपे पनि कर्मचारीको नाताले सधैँ खड्किने प्रसङ्ग- उक्त कृति 'आफ्नै कुरा' मा प्रवेश गर्दा लाग्छ खोसुवा बारे उहाँको स्वीकारोक्ति सँगै गहिरोको पीडाको अनुभूति छ । हो, उचाइको द्योतक । महानताको परिचय । लाग्छ, सुन्नुपर्ने कुरा सुनियो । पढ्नुपर्ने कुरा पढियो । सचिवको हैसियतमा उहाँको साथमा रहँदा यदाकदा कतै केही मिलेन भन्ने भाव पहिले पनि झल्किन्थ्यो । हो, त्यो बेला निजामति सेवा सञ्चालनमा भएका निर्णयहरूको असर राज्य व्यवस्थाभित्र दीर्घकालसम्म कति सकारात्मक रहलान् । आन्दोलनपश्चात् भर्खर सत्तामा पुगेको नेपाली काङ्ग्रेसको सरकार । प्रारम्भिक दिनहरूमै राज्य व्यवस्था सञ्चालनको विज्ञताको आशा कहाँ ? उसै पनि निजामति सेवाभित्रको भाव र भाखाको मर्म बुझ्न पनि गाह्रै होला । तैपनि निाजमति सेवा सञ्चालनमा ठूलाठूला निर्णयहरू भए । यसमा पनि एउटा अनुत्तरित प्रश्नले बराबर मन छुन्छ । त्यो कृतिमा कसरी कर्मचारी खोसुवाका सहयोगी वा सल्लाहकारको नाम भने छुटेछ । जब कि त्यहाँ विविध क्षेत्रका व्यक्तिहरूका नाम भेटिन्छन् । हो, यस्ता तमाम प्रश्नहरूको उत्तर समयले दिँदै जाला । त्यो अभियानका सहयोगीहरू पनि अगाडि आउलान् ।

त्यो बेलाका पूर्व कृतिमा दरबारका प्रमुख सचिव रेवतीरमण खनाल र वरिष्ठ व्यक्तित्व हिमालय शमशेर राणाका कृतिका केही सान्दर्भिक अंश समेटिएको थियो । यसमा पनि खोसुवासम्बन्धी केही गाँठाहरू परेका छन् । संयोग भनौं, यो बेला पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाको प्रकाशन "मेरो नौ

दशक" हेर्न अवसर मिल्छ । त्यसमा रहेछन्, विविध समसामयिक विषयसँगै देशको राजनैतिक चरित्र र परिस्थितिको चित्र पनि । शायद चिरफार । त्यसमा कर्मचारीतन्त्रबारे ठाउँ-ठाउँमा उल्लेख रहेछ । 'मन्त्री अनुभव' शीर्षकमा १५५ देखि १५८ पेजसम्म निकै सारगर्भित चर्चा भेटिन्छ । त्यस्तै केही ३२६ मा पनि ।

पेज ३२७ र ३२८ मा भने कर्मचारीतन्त्रमा "गिरिजाले रोपेको दलीयकरणको बिउ" नामले अलग शीर्षक नै रहेछ । कर्मचारीतन्त्रको विश्लेषण रहेछ । सामान्यतया त्यो तहको राजनैतिक व्यक्तित्वबाट त्यस्तो गहिरो पीडाको अनुभूति अपेक्षा गरिँदैन । यो आफैंमा गौरवको कुरा हो । कृतज्ञताको विषय हो । धन्य पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा ! त्यसको केही -

- *पञ्चायतकालमा क्षमतावान् मानिएका पढेलेखेका सक्षम कर्मचारीलाई पनि हटाइयो । उनीहरूलाई हटाउने तर्क थियो, "पुराना कर्मचारीले नयाँ व्यवस्थालाई आत्मसात् गरी अघि बढाउन सक्दैनन् ।*

- *यसरी कोइरालाले २०४९ कार्तिकमा स्थापितलाई हटाएर नयाँलाई पदोन्नति गर्ने काम गरे । त्यो ज्यादै ठूलो गल्ती र नोक्सानी थियो । कोइरालाको त्यो नीतिकै कारण त्यसपछि बनेका हरेक सरकारले आफूनिकट कर्मचारीको पदोन्नति गर्ने र मिल्नेजति ठाउँमा आफ्ना मान्छे राख्नेमा ध्यान दिन थाले ।*

- *शाश्वत सत्य के हो भने, कर्मचारी भनेको सत्तामा जो आयो, उसैको हुने वर्ग हो । सेना पनि त्यस्तै हो । भन्न त राजाको सेना भनिन्थ्यो तर सरकारमा आएपछि राजाको भयो । राजा समाप्त भए, दलको भयो । राजाले छाडेका कारण म पनि छाड्छु भन्ने एउटा सिपाही पनि देखिएन । सेना त त्यसरी परिवर्तन हुन्छ भने निजामति क्षेत्र परिवतर्तन नहुने कुरै थिएन ।*

- *व्यवस्था परिवर्तन हुँदैमा कर्मचारी परिवर्तन भएको उदाहरण त्यसअघि*

थिएन । राणाशासन गएर प्रजातन्त्र आउँदा पनि राणाकालीन कर्मचारी फालिएका थिएनन् । पञ्चायत लागु हुँदा पनि पुरानै कर्मचारीतन्त्र कायम थियो । छिमेकी हिन्दुस्तानमै पनि स्वतन्त्रता प्राप्तिपछि ब्रिटिस भारतकालीन कर्मचारी हटाइएन । स्वतन्त्रता पाउने बेलामा भारतले ठुलो धार्मिक दङ्गा भोग्नुपऱ्यो, अनिकाल खेप्नुपऱ्यो । त्यति बेला कर्मचारीतन्त्रले नै त्यो सबै सामना गरेमा थियो । हिन्दुस्तानको राजनीतिक नेतृत्वले बेलायतकालीन कर्मचारीतन्त्र स्वीकार गरेकै कारण प्रशासन संयन्त्रले स्थायित्व पायो । त्यो नभएको भए हिन्दुस्तान रहन्थ्यो, रहँदैनथ्यो भन्न सकिन्न ।

- *बेलायतीहरूलाई एकदमै साथ दिएकाले नेहरूले भाषणमै भनेका थिए, "यो गिरिजाशङ्करलाई नजिकको रूखमा फाँसी दिनुपर्छ ।" भारत स्वतन्त्र भएपछि नेहरूका सबैभन्दा विश्वासपात्र भए । नेहरूले उनैको सहायताले विदेश मामिलाका संरचना बनाए । (साभार)*

अब एकछिन हेरौं त, उता प्रजातन्त्र प्राप्तिको उच्च आदर्शको लागि कहाँ विमान अपरणजस्तो साहसिक कार्य । यता दैनिक राज्य सञ्चालन पद्धतिका कर्मचारीहरू माथि सुरूमै त्यस्तो कठोर व्यवहार । कृति 'मेरा नौ दशक' ले उठाएका विचारहरूसँग तालमेल कहाँ ! हो, तेरो र मेरो यही कथा पछिसम्म छरिँदै जाने होला । कदाचित् प्रजातान्त्रिक सरकारको अनुकरणीय मार्गदर्शन पनि ।

ती प्रारम्भिक दिनहरू- नेतृत्वतहमा अनुभव कमी छ । अर्को तर्फ चाँडै गरूँ, केही गरूँ भन्ने पर्याप्त सकारात्मक भाव पनि छ । अचम्म, यसैबेला समृद्धिको बाधक कर्मचारी हुन पुगेछन् । सर्वप्रथम त्यहीं प्रहार गर्नुपर्छ । छानी छानी आफ्नो र पराइ छुट्याउनु पर्छ भन्ने विभेदकारी मान्यता कहाँबाट ?

पछिल्लो कालखण्डका लेख-रचनाहरूमा कर्मचारीतन्त्रबारे खुलेरै केही कुरा आउन थालेका छन् । माथि भनिएजस्तै 'मेरा नौ दशक' ले निकै चर्चा

गरेछ भने स्वास्थ्य क्षेत्रमा ख्यातिप्राप्त विशेषज्ञ डा. भगवान् कोइरालाको कृति 'हृदय' ले त जिम्मेवार अधिकारीको हैसियतमा कर्तव्य पूरा गर्दा भोग्नु परेका पीडाहरू, तिक्तताहरू निकै गहिरो गरी उजागर गरेछ । हो, कति मार्मिक चित्र । कति गहिरा घाउहरू । स्वार्थका कस्ता कस्ता भेलहरू ।

शहीद गंगालाल राष्ट्रि हृदय केन्द्र, शिक्षण अस्पतालजस्ता सेवामुखी संस्था अनि डा. भगवान् कोइरालाजस्तो कर्तव्य परायण व्यक्ति, उहाँले त त्यस्तो दबाब झेल्नुपर्दो रहेछ भने अन्य सरकारी निकाय तथा संस्थाका अधिकारीहरूको हविगत कस्तो होला ? कदाचित् प्रायः सबैको सहज विकल्प भनेको 'हवस्, हजुर' तिरै पो हो कि ! नेतृत्वसँग सङ्घर्ष, मनमुटाव, खिन्नता, हुँदैन-हुँदैन कतिन्जेल । अब उपचार कहाँ ? संरक्षण कोबाट ? 'त्यो हाम्रो होइन र ?' यो प्रश्न र भावबाट मुक्ति कसरी ?

यो प्रसङ्गले पुनः पुरानो घटना सम्झाउँछ । त्यो बेला म गृह मन्त्रालयमा सह सचिव । जिम्मा छ आन्तरिक शाखा । आन्दोलनपछिको पहिलो निर्वाचित सरकार । मेरो कोठामा विद्यार्थी नेताको प्रवेश । मेरो सम्बन्ध, सम्पर्क छैन । युनियनको मूल्य र मान्यताबाट पनि अपरिचित जस्तै जस्तै छ । नेताको भनाइ छ, मलाई युनियनको कार्यक्रममा जिल्ला जानु छ । यात्रा लामै छ । पेट्रोलको फ्रि कुपन दिनुपर्‍यो । म अवाक् छु । मेरो लागि नौलो विषय । अहँ, यस अघि यस्तो व्यवस्था छैन । हो, मेरो जानकारीमा नभएको हुन सक्ला । स्थिति प्रष्ट पार्दै असमर्थता व्यक्त गर्छु । तर वहाँको कमलो मन, चोट पुग्छ, मन मान्दैन होला । केही नकारात्मक प्रतिक्रियाहरु, अस्पष्ट सङ्केतहरु । म पनि खिन्न छु, तर बाध्य छु । पेट्रोलको फ्रि-कुपन दिने हैसियत मसँग छैन । हुन सक्छ अज्ज्ञान परिवेश । लाग्छ, दुवैले आ-आफ्नो पक्ष बलियो गरी समातेका थियौं । अहो, सत्ता पक्षको नजिक हुन कति गाह्रो । शायद मेरो नियत र नियतिको परीक्षाको घडी । कति सजिलै आफ्नो वा पराइ भन्न सकिने । निष्ठा, सिद्धान्तसँग जोडेर पनि हेर्न मिल्ने । हो, यस्तै यस्तै कुनै ढाँचा ढङ्गभित्र हामी कतै न कतै बाँधिएका हौं कि ! लाग्छ, प्रारम्भिक दिनमै विद्यार्थी नेतृत्वमा त्यस्तो मानसिकता कहाँबाट, कसरी ?

खैर, अब यी सब इतिहासका गर्भमा जाने होलान् । कालान्तरसम्म अध्ययन-अनुसन्धानको विषय बन्ने नै छन् ।

आफैंतिर हेर्दा देश, काल, परिस्थितिअनुसार व्यवहार गर्न नसक्नु जीवनको महत्त्वपूर्ण भुल थियो । अब यसलाई जीवित कहानीको रूपमा नै बिदा गरौं ।

के तेरो र मेरो- हाम्रो र उनीहरूको सर्वकालीन अपरिहार्य सत्य हो ? भो-भो ती घाउ कति कोट्याउनु, अब तीन दशक भइसकेछन् । चाँडै खाटा बसून् । अरू अपेक्षा कहाँ छ र ! धन्य अभियन्ताहरू, धन्य सपनाहरू । ती दिन, कुनै एक कुनाबाट मात्र चियाउन खोज्दा पुरानो हिन्दी गीतको यो अंशको मर्मतिर हराउ-हराउ जस्तो ।

"हमने जग की अजीव तस्वीर देखी
एक हसता है, दश रोते हैं ।
हमने प्रभु की अद्भुत जागीर देखी
एक हसता है . . ."

खिन्नताको बोझ

फर्केर हेर्दा तत्कालीन अवस्थामा केही काम सह्रानीयजस्ता देखिए पनि अहिले केही कुराले चिमोटिरहन्छ । त्यो नगरेकै भए हुन्थ्यो जस्तो । अरूको साथ पाएर केही कुराहरू भए, गरिए । लाग्छ के जरूरी थियो मैले अग्रणी भूमिका लिन ? जिम्मेवारी वा कर्तव्यकै रूपमा बुझे पनि वास्तवमा सुषुप्त अहङ्कारको तुष्टि मात्रै थियो कि ? विकास निर्माण वा प्रगतिको कुरा हो भने त्यो सोच कति दरो हो ।

फिदिममा अस्पताल निर्माण गर्न आर्थिक वर्षको अन्त्यमा पैसा आउँछ । प्रक्रिया पूरा गरेर जग्गा अधिकरण गर्ने समय छैन । सरकार भन्छ, रकम ल्याप्स गर्न पाइँदैन । त्यो बेला जिल्लाको प्रतिनिधित्व गर्दै पद्मसुन्दर लावती स्वास्थ्यमन्त्री पनि । छोटो अवधिमा जसरी पनि जमिन आपसी सम्झौताबाट खरिद गर्नुपर्ने अवस्था । अस्पताललाई चाहिने सामान्य पूर्वाधार भएको जग्गाको खोजी । फिदिम बजारको अवस्था सामान्य गाउँजस्तो । प्रत्येक घरमा अफिस । सरकारी भवनहरू फाट्टफुट्ट बन्दै । खानेपानी योजना सुरू हुँदै छ भने बिजुलीको सम्भाव्यता अध्ययन हुँदै ।

यो बेला जतातै जग्गा खाली । तर मन नै साँघुरो । जे जति हुन्छ, आफ्नै वरिपरि थुपार्ने रोगबाट म पनि मुक्त रहेनछु । हो, प्रशासन पनि व्यक्ति विशेषको सोचाइभन्दा कहाँ टाढा छ र । रोगीले चलाउने प्रशासन निरोगी कसरी । केही टाढा जान सकिन्थ्यो । अस्पताल बनाउने जस्तो कुरा, अलि

पर केही खुकुलो ठाउँ भए राम्रो हुँदो हो । गाउँ बिच, उब्जाउ मलिलो, राम्रो खेतमा अस्पताल बनाउन कसैको दबाब थिएन । एकजना वृद्ध मानिसको पुर्ख्यौली त्यो जमिन । हामीबीच दाजुभाइ जस्तो सहृदयी, मित्रवत् व्यवहार छ । उनी सामान्य परिवारका । फिदिम अस्पताल बन्ने कुराले सबै खुसी । अब जग्गाको आवश्यकता छ । यसो कुरा के उठाएको थिएँ- के गर्नुपर्ने म गरिहाल्छु सर भन्छन् । अहिले सम्झन्छु । कति सहज, निस्पृह, स्वच्छ मन होला । मैले सेवामा धेरै दृश्य र अदृश्य सुविधा पाएँ, लिएँ । तर उनले के पाए ? त्यसको मूल्य पाए त नगन्य । विकासको नाउँमा केही सस्तो गरी नै दिए । चलन चल्तीभन्दा पनि घटेर खुसीराजीले नै दिए । शायद मेरो वचन राखिदिए । अर्थात मेरो अहंकारको सन्तुष्टि । आज फिदिम बजारको केन्द्रको त्यो जमिन, सबैभन्दा मूल्यवान् छ । करोडौँ मूल्यमा आँकलन हुन्छ । जुन जग्गा केही हजार रूपैयाँ हामीले प्राप्त गरेका थियौं । खै के पाए त उनले ? स्वर्ग पाएको भए देख्न सकिएला त ? कसरी सिधासाधा भद्र मानिसहरू विकासका नाउँमा सजिलै बिग्रिए, ठगिए- त्यसको क्षतिपूर्ति कहिले, कसरी ? अरू पनि त्यस्ता कामबाट आत्माग्लानि छ ।

फिदिमकै विद्युत प्राधिकरणको लागि जिल्ला विकास समितिको छेउको जमिन र टुडिखेलको लागि हाइस्कूल छेउको निजी जमिनको प्रसङ्ग पनि यस्तै यस्तै छ । खाँदबारीमा हाटबजारको लागि विकल्प चाहिएको छ । यो पनि फुर्सदको उपयोग र आत्म सन्तुष्टिको विषय मात्र भनौ । कसैको जमिन लिनु परेको छ । यी सरकारी आवश्यकता, सहयोग र चासोभित्र छैनन् । ती अहिले बहुमूल्य छन् । प्रतिदिनको शहरीकरणको प्रक्रियाले मूल्य उच्च छ । जग्गाबाट सर्वसाधारणले पाएको निश्चित मुआब्जा आफ्नो ठाउँमा होला । व्यक्तिको जमिन प्रशासनिक र समाजका टाठावाठाको प्रेशरले तपाईंको नाम चल्छ, दाता बन्नु हुन्छ, धर्म हुन्छ, परलोक सुध्रिन्छ आदि चिप्ला कुराबाट फुरूङ्ग भएर स्वेच्छाले वा त्रासले यस्ता जमिन दिन बाध्य धेरै होलान् । भनिन्छ, परिवर्तित सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक परिवेशमा समाजका विभिन्न क्षेत्रका अगुवाहरूको चिन्तन र कार्यशैलीको धरातल फरक-फरक हुनसक्ला । त्यो बेला त्यसरी अग्रणी भएकोमा यदि पापको कतै

प्रायश्चित गर्नुपर्ने भए सबैभन्दा पहिले मेरो नम्बर आउनु पर्ने हो । लाग्छ- त्यसो नगरेको भए हुन्थ्यो । पश्चात्ताप कहाँ कहाँसम्म । निकै लामै अवधि जिल्ला बसिएछ । चाहेर वा नचाहेर दृश्य वा अदृश्य रूपमा यस्ता कति भए, गरिए होलान् । लाग्छ, अब ती स्मृतिबाट सधैंका लागि हराए कति राम्रो हुँदो हो ।

सिंहदरबार पुगेपछि खिन्नताबाट मुक्त हुनुको सट्टा अरू थपिँदै पो गएछन् । कति विषयमा, कति प्रसङ्गमा यहाँ पनि त्रुटिहरू, विवशताहरू दोहोरिएका छन् । हो, त्यसमा पनि प्रतिगामी पुनर्वहालीवालाका बाध्यताहरू यत्रतत्र होलान् । यथार्थमा 'हुन्छ, हवस्, गरिहाल्छु' मा परिणत भएछु । विपरीत विचारहरू भनूँ वा अर्को पक्ष सुन्ने भाव कति थियो र ! हो, अरूलाई दोष दिएर पनि कसरी पन्छिन मिल्ला ! जिल्लामा कति कुरा ठिकै गरेको आभास भए पनि त्यो कुनै कालखण्डको सुषुप्त इतिहास मात्रै न हो ।

सर्वप्रथाम कोड्कु बिदाइकै प्रसङ्गबाट । काठमाडौँवासीको तिर्खा तत्कालीन तिर्खा मेट्न बर्सौं लगाएर कार्यान्वयनको चरणमा पुगेको कोड्कु खानेपानी आयोजना । कति चाँडै सधैंलाई बिदा गरियो । लाग्छ, कहाँ होलान्, चिन्तनका चौतारीहरू, मूल्यवान् निर्देशनका स्रोतहरू, त्यसका आधारशीलाहरू । हो सहभागीको हैसियतले सधैं मनमा खोल्ने तर्कहरू । राष्ट्रिय योजना आयोगको आयोजना नै रद्द गर्ने दबाब कहाँ बिर्सन सजिलो रहेछ र ! जब जब प्यास लाग्छ त्यसैको सम्झना ।

विविध पाटाबाट आयोजनाको सम्भाव्यता अध्ययन भइसकेको छ । यसमा निकै समय र परिश्रम परिसकेको छ । मुआब्जा वितरण गर्न विवरण संकलन गर्ने कार्य पनि कहाँ सजिलो छ र । बल्ल-बल्ल सबै प्रक्रिया पूरा गरेर मुआब्जाको केही रकम माग हुन्छ । त्यो काममा ५० देखि ६० करोडसम्मको अनुमान छ । सबै खर्च गर्न दुई-चार वर्ष नै लाग्न सक्ला । कति घरायसी विवाद छन् त कतै स्वामित्वसम्बन्धी । कति अदालतको प्रक्रियामा । समस्या नभएका जमिनको हकमा रकम दिँदै काम सुरू गर्दै जान सकिने अवस्था छ । अर्कोतर्फ ठूलो निर्माण पनि छैन । मुख्य निर्माण

भनेको गल्छीको बाध बाँध्नेसम्म हो । कम खर्चले पुग्ने, चाँडै पूरा हुने आयोजना । भनौं खानेपानीको अभावले पीडितहरूको लागि तत्कालीन राहतको प्याकेज । कतैबाट दरो हावाहुरी आउँछ । योजना आयोगको चाखलाग्दो सक्रियता । अन्ततः सधैंका लागि त्यो आयोजना राष्ट्रिय योजना आयोगको पुस्तिकाबाटै बाहिर । हो, सधैंलाई बिदा । भनिँदैछ, एक मात्र लक्ष्य भनेको मेलम्ची आयोजना केन्द्रित हुनुपर्छ । सँगसँगै काठमाडौंका धारा व्यवस्थित गर्न आएको करिब तीन अर्ब सहायता रकम पनि अन्यत्रै कतै । थप सन्दर्भ, 'अनुभव र चिन्तन' २०७७ को मेलम्चीका कथा र व्यथाबाट ।

अर्को प्रसङ्ग- अचानक यातायात व्यवस्था विभाग श्रम मन्त्रालयमा आउँछ । चाँडै नै उतै फर्कन्छ । किन आयो, किन हतार-हतार फर्कियो होला । म सर्वथा अनभिज्ञ छु । यो बीचमा रोपवेको खारेजी र थप ट्याक्सीलाई स्वीकृति नदिने जस्ता मूल्यवान् निर्णयहरू भए । त्यसैबेलाको कुरा त हो, यातायात व्यवस्था विभागका उपनिर्देशक सुशील अग्रवालको सवारी साधनहरूका नम्बरहरू अंग्रेजीमा राख्ने प्रस्ताव पनि । शायद आजको चर्चित इम्बोस नम्बरसँग जोडिएको प्रसङ्ग । त्यतिबेला यो राष्ट्रिय सरोकारको विषय कहाँ बनेको थियो र ! मौखिक प्रस्ताव आयो, त्यसैबेला बिसर्जन पनि । भनिदिए यो हुँदैन । मेरो सामान्य तर्क थियो, यो त सर्वसाधारणको प्रत्यक्ष सरोकारको विषय हो । हामी सबैलाई बेलाबखतमा नेपालीमा लेखिएको त ठम्याउन गाह्रो छ, अझ अंग्रेजीमा । प्रतिदिन सवारी साधनहरू बढ्दै छन् । सँगै दुर्घटना पनि । सवारीको गतिको कुनै सीमा छैन । कति प्लेटमा अङ्कहरू साँगुरो गरी लेखिएको हुन्छन् त । कतिमा भाँतिभाँतिको डिजाइन । तत्काल ठम्याउनै कति गाह्रो । एक-दुई अङ्क पढेर नपुग्ने, पूरै पढुञ्जेल सवारी कता-कता । अब यो प्रस्तावले जनताको सरोकारमा कसरी सहयोग गर्ला । यसमा अहिलेको समस्याको चुरो कहाँ छ त । कतैबाट माग पनि त छैन । किन यो गर्नुपऱ्यो । बाल-बृद्ध अपाङ्गलगायत सबैलाई छुने यो विषय कसरी सम्भव होला । शायद मेरा सतही तर्कहरू । अन्ततः त्यो प्रस्ताव त्यतिमै टुङ्गिएको थियो । धेरै

गहिराइमा जाने मन पनि भएन । पछि त इम्बोस प्राथमिकतामा परेछ । राष्ट्रिय महत्त्वको विषय । यदाकदा विरोधका स्वरहरू सुरिलो बन्छन्, पुनः खस्किन्छन् पनि । लाग्छ, मेरो त्यो बेलाको भूमिकामा कतै कमजोरी रहेछ कि कसो ।

टेक्सीहरूको संख्या नियन्त्रण गर्ने र भीमफेदी काठमाडौँ रोपवे बिदा गर्ने कुरामा शायद सहयोगीको भूमिका नै पर्याप्त छ । पहिले नै बनेको रिपोट वा डकुमेन्टलाई निषेध गर्ने ठाउँ पनि त छैन । निजीकरण कसरी हुन्छ भन्ने कुराको केही सङ्केत इलाम चिया विकास निगमको बिदाइका केही विधिपद्धतिहरू व्यहोरेकै पनि हो । समृद्धिको यात्रामा रोप-वे, ट्रलिबस, साझाको हरियो बसजस्ता झिना मसिना कुराको कति नै महत्त्व रहला र । यी कसरी अभियानको बाधक बन्न सक्लान् । त्यस्ता सबै ठाउँ निजी लगानीकर्ताले लिने अपेक्षा न हो । पछिल्ला दिनमा कतै केही शिथिल जस्तो देखिए पनि विधि निर्माता विश्वासमा कमी कहाँ छ र !

युवा स्वरोजगार कार्यक्रमको चार्हिं छुट्टै रस रहेछ कि क्या हो । प्रधानमन्त्री कार्यालयअन्तर्गतको त्यो कार्यक्रम पनि श्रममा आउँछ । मन्त्री बलबहादुर केसीको सक्रियतामा सञ्चालन सम्बन्धी नियमावली बन्छ । केही पछि नविन्द्रराज जोशी टुप्लुक्क त्यसको उपाध्यक्षमा । बिल्कुलै नयाँ प्रसङ्ग । नियममा त्यस्तो पद छैन । जोशीजी आएपछि त मन्त्रालय राजनीतिक कार्यकर्ताको जमघटको थलो पो । सबै जागिरको लाइनमा । अब प्रत्येक जिल्लामा युवा स्वरोजगारका अलग-अलग कार्यालय खुल्छन् ।

अर्को महत्त्वपूर्ण पक्षः अञ्चलहरूमा भइरहेका साधन सम्पन्न प्रशिक्षण केन्द्रहरू निष्क्रिय बन्दै । सबै महत्त्वपूर्ण तालिम कार्यक्रमहरू केन्द्रबाटै ठेक्का पट्टामा जान्छन् । युवा स्वरोजगार कार्यक्रमको सचिव श्रम मन्त्रालयको सचिव नै रहने नियममा व्यवस्था छ । यस्तो परिवेशमा सचिवको भूमिका कति, कस्तो हुनुपर्थ्यो । कालान्तरमा त्यो कोष अन्यत्र कतै गएछ । बाँकी विज्ञहरूकै जिम्मा । यी केही उदाहरण मात्र बनून । हो यत्रतत्र यस्तै-यस्तै साना-ठूला

प्रसङ्गहरू जोडिन सक्लान् । कति व्यक्त कति अव्यक्त मै हराउलान् । हुनसक्छ यो मेरो मात्र रोग हो । लाग्छ, अब स्मृतिबाट सधैँलाई हराए कति राम्रो । यी यावत् कुरा अरूतिर पन्छाएर स्वयं कसरी दोषमुक्त बन्न सकौँला र ! हो, यो व्यक्ति विशेषको चिन्तनको धार मात्र बनोस् ।

सहयात्रीहरूसँग

पुनः सिंहदरबार । धेरै सिक्ने वेला । प्रशासन व्यवस्था विभागमा जिम्मेवारी । अविस्मरणीय सहयोगी हात छन्- माधव न्यौपानेजस्ता शिष्ट र कुशल मित्रका कर्मथलोमा धेरै मित्रहरूसँगको सहकार्य । तिनै बने उत्साह र प्रेरणाका ओतहरू । सम्झना मात्रैले पनि मन प्रफुल्ल हुने । कति रमाइला ती दिन, कति सहज थियो काम गर्ने हाम्रो संस्कृति । आफ्नो अनुपस्थितिको आभाससम्म नहुने कार्यकाल । सबै व्यवस्थित र पारदर्शी ।

स्थानीय निकायतर्फको पहिलो पाइला, कोशी अञ्चलाधीश कार्यालय । संयोग भनौं त्यहाँ भेटिन्छन्- सूर्यराज कोइराला, शिवदत्त भट्टराई, ज्वालाप्रसाद पोखेलजस्ता भरपर्दा स्तम्भहरू । कार्यान्वयनको तहको बोझिलो जिम्मेवारीले खारिएका विज्ञहरू । प्रारम्भिक दिनहरूमा प्रयोगात्मक ज्ञानको अभ्यास गराउने मेरो गुरूहरू । श्रेयका पात्रहरू ।

जिल्लाहरूमा सहयात्रामा रहेका केही अधिकृत साथीहरूप्रति मेरा शब्दहरू कमजोर पर्न सक्छन् । कर्तव्य परायण अनुशासित विवेकशीलजस्ता शब्दहरूको परिभाषा पनि समेट्न नसक्नेजस्तो । ती थिए महोत्तरीमा थिरबहादुर जी.सी., काठमाडौंमा विष्णुराज कुसुम र त्रिलोक श्रेष्ठ । समय क्रममा ती मित्रहरूको जनसम्पर्क, कार्य सम्पादनको गुणस्तर, कार्यशैली, विज्ञता र चिन्तनको धरातल तथा जिम्मेवारी बोधलाई सम्झने र प्रगतिको यात्रा सहज बनोस् भनी शुभेच्छा प्रकट गर्ने मात्र मेरो हातमा परेछ ।

हरेक समय काममा तत्पर, कर्तव्यपरायण सहयोगी मित्रहरू, कस-कसको मात्र नाम लिऔ । तापनि पाँचथरका राधा घिमिरे, जाजरकोटका गोरखबहादुर शाह र कृष्णबहादुर श्रेष्ठ, संखुवासभाका नारायणप्रसाद शर्मा, महोत्तरीका बलराम कापरजस्ता धेरै सहयोगीहरूको नाम पहिलो पङ्क्तिमा लिन मन लाग्छ ।

पुनर्वहालीपछि पुनः सिंहदरबार । केही समय सञ्चार र प्रधानमन्त्री कार्यालय हुँदै आवास मन्त्रालय प्रवेश । त्यो बेलाको गृहको जस्तो विषाक्त वातावरण त्यहाँ छैन । त्यहाँ छन् म जस्तै-जस्तै अरू साथी पनि । त्यसमा प्रमुख, सह-सचिव पोषण नेपाल । विज्ञता र कार्यकुशलताका धनी । केही उच्च अधिकारीहरूसँगको यात्रा । स्थानीय प्रशासनमा ऊर्जाशील समय बिताएको मेरो लागि यो अर्कै दुनियाँ छ । त्यहाँ खाँचो छ, सम्बन्धित विषयको विज्ञताको । ठूलो मन्त्रालय, धेरै जिम्मेवारी, धेरै सहभागीहरू । त्यहाँ छन्, सहसचिव शान्तभक्त माथेमा तथा रत्नाकर दत्ता, महानिर्देशक दिनेश चन्द्र प्याकुरेल तथा लेखराज पोखेल, महाप्रबन्धक ध्रुवबहादुर श्रेष्ठ, आयोजना प्रमुख रञ्जन सिंह शाहजस्ता इन्जिनियरिङ्ग क्षेत्रकै विज्ञ, जिम्मेवार साथीहरू, धन्यवादका पात्रहरू ।

मेरो यो तेस्रो पटकको प्रधानमन्त्री कार्यालय; पहिलो- प्रधानमन्त्री मरीचमानसिंहको कार्यकालमा । हामी बाह्रजनाको टिम डेढ महिना जति त्यहाँ जोडिएको थियो । काम हो, उपत्यकाको आपूर्ति व्यवस्था हेर्ने । त्यसैले तेस्रो यात्रा । सहसचिव दाइ खगेन्द्र पौडेलसँग पुनः भेट । कुनै समय गृहअन्तर्गत थियौ । त्यसैले पुरानो सम्बन्ध पनि । मृदुभाषी परिश्रममा रमाउने, अनुशासन प्रिय, राम्रो सोचको कुशल प्रशासकजस्ता गुणबाट स्मरण गर्न सकिएला, मूल्याङ्कन गर्न सकिएला । हाम्रो मित्रवत् व्यवहार छ । सबै काम सहज छन् । उहाँकै जिम्मा जस्तै जस्तै । म चिन्तामुक्त छु । केही पछि संयोगले मेनेजमेण्टविद् सहसचिव अर्जुनमणि दीक्षितको पनि साथ छ । कुनै बेला हामी एउटै मन्त्रालयमा आवद्ध । उहाँको क्षमतासँग सबै परिचित छन् । त्यसको केही उपयोग गर्न सकिन्छ कि भन्ने हाम्रो चाहना । प्रधानमन्त्रीबाट समर्थन ।

त्यति जाँगर नहुँदा नहुँदै पनि हाम्रो आग्रहले प्रधानमन्त्री कार्यालयमा आउने बाध्यता । उहाँको छिटो छरितोपना, व्यवस्थापकीय दक्षता, प्रष्ट दृष्टिकोण सहयोगी भावनाप्रति म सधैँ कृतज्ञ रहेँ । त्यो यात्रामा गेहनाथ गौतम, चन्द्रकुमार घिमिरे, चन्द्रमान श्रेष्ठजस्ता सुयोग्य लगनशील, मित्रसँग पनि भेट । कालान्तरमा प्रायः सबै माथिल्ला पदहरूमा आसिन हुन पुगे । यस्ता उर्जाशील मित्रहरूको सद्भाव, सहयोग कसरी बिर्सन सकिन्छ र ! धन्य मित्रहरू ।

प्रारम्भिक दिनहरू । भर्खरको जागिरे । त्यो बेलाका मेरा आदरणी मार्गदर्शकरू उपसचिव रणबहादुर थापा, मुक्तिबहादुर मानन्धर, सहसचिव मङ्गकृष्ण श्रेष्ठ तथा सचिवहरू रामचन्द्र मलहोत्र, कृष्णबहादुर देउजा सधैँ स्मरणीय रहनेछन् । उहाँको योग्यता, क्षमता, कार्यकुशलता जस्ता प्रशासनिक गुणहरूको सधैँ उच्च सम्मान रहनेछ। धन्य आदरणीय पथप्रदर्शकहरू ।

लेखनको प्रसङ्ग चल्दा- २०५६ सालतिर फर्कन्छु । त्यसैबेला अनुभव वारे केही लेख्न बराबर दवाव दिने पहिलो व्यक्ति मित्र अर्जुनमणि दीक्षित । सल्लाह हुने गर्छ, जिल्ला, केन्द्र सबैतिरको धेरैखाले अनुभव छ । त्यसलाई समेट्नैपर्छ, केही लेख्नैपर्छ आदि आदि । त्यो प्रेरणा आंशिक मात्रै पूरा भएमा पनि धन्य हुनेछु । तर किन हो त्यो बेला यस्तो कुराले कतै छोएन छ ।

यस्तै आ-आफ्नो क्षेत्रको जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने धेरै मित्रसँग सहकार्य हुन्छ । ती दिन सम्झना गर्दा मात्रै पनि मन प्रफुल्ल हुन्छ । कति असल थिए ती दिनहरू, कति असल थिए ती मित्रहरू । मेरा सफलताका कारक, उत्साह र प्रेरणाका स्रोतहरू । हो, उनीहरूबाट धेरै धेरै पाए । त्यस्तो कार्यकाल, आफ्नो अनुपस्थितिको आभाससम्म भएन । सबै कार्य व्यवस्थित, अझ भनौ मैले आफैँले गर्नुभन्दा धेरै राम्रो । धन्य मित्रहरू ।

तिलबहादुर

कसरी बिर्सौं- पहिलो लाइनमा बसेर घोडाको सेवा गर्ने तिलबहादुर घर्तीको इमान्दारिता । पहिलोपटक प्र.जि.अ. को हैसियतमा । फिदिम जाने क्रममा इलामको प्र.जि.अ. निवासमा बास छ । पाँच वर्ष मुनिका छोरी सीमा र सुनीला, काखमा सानो छोरा सुदीप । नयाँ ठाउँ, थकान, सहज निद्रा छैन । चार बजेतिर उठिसकेको छु । कोही आँगनमा सन्याकसुरुक्क गर्दै । सयस तिलबहादुर धर्ती फिदिमबाट लिन आएको रहेछ । हाकिमलाई लिएर बिहानै हिँड्नुपर्ने, त्योभन्दा अघि नै घोडा अघाउनुपर्ने, हिजै तयारी घाँस, दानापानी दिँदै । खैरो रंगको घोडा जिल्ला कार्यालय पाँचथरको आफ्नै । तिलबहादुरको स्याहारले पुष्ट र चम्किलो, फुर्तिलो पनि । हाम्रो यात्रा सुरू हुन्छ । ठूलो तन्नामा पोको पारेको सामान बोकेर घोडाको पुच्छर नछाडिकन तिलबहादुर साथ साथै छ । रक्सेको उकालो, अप्ठेरो ठाउँमा घोडालाई सघाउँछ, ठेलठाल गर्छ । उसले जता छोए पनि केही गर्दैन । रक्सेमा पासाङ दाइको पसलमा खान बस्छौ । सर्वप्रथम ऊ त्यही घोडाको हेरचाहमा । त्यसपछि मात्र अर्को काममा ।

लज्जालु स्वभावको तिलबहादुर छेउ त्यति पर्दैन । कतै हाकिम देखिहाले छेउ लागेर आफ्नो काम सकेर हिँड्छ । ठीक समयमा घोडा चराउन लैजान्छ । रातको लागि सकी नसकी घाँसको भारी साथमा हुन्छ । अरूलाई घोडा चढ्न दिएको मनपर्दैन । एकदिन खुट्टा अप्ठेरो गरी खुच्चिङ खुच्छिङ गर्दै हिँडेको देखे । खुट्टामा मैलो कपडा बेरेको छ ।

घोडालाई घाँस काट्न बासमा चढेको, खसेर बासको चोके गाडिएको रहेछ । भन्छ- एक दुई दिनमा ठीक भैहाल्छ, साहव । यस्तो कति हुन्छ, कति । बासको झ्याङ्मा खस्दा त्यसको ठुटाहरूमा परेको रहेछ । मृत्यु पनि हुनसक्ने । तर ऊ सहज रूपमा लिँदैछ । हाकिमलाई सुनाउन समेत आवश्यक ठान्दैन । मलाई लाग्छ- उसको जीवनको सर्वोपरी साध्य के हो भनेर सोधेमा उसले भन्ने होला "खैरो घोडाको सेवा गर्नू ।"

ती दिन अञ्चलाधीशको मुकाम चन्द्रगढी छ । सर्वसम्मतिको अवधारणाअनुसार गाउँ पञ्चायत स्तरको निर्वाचन सम्पन्न भइसकेको छ । जिल्लाको तयारी चल्दैछ । अञ्चलभरिका जिल्ला प्रतिनिधिहरू नै राष्ट्रिय पञ्चायत सदस्यको लागि मतदाता हुनेछन् । राजनीति गरम हुँदैछ । यसै वेला अञ्चलाधीशबाट खबर आउँछ- भोलि ११ बजेसम्म इलाम आइपुग्ने । यो बेलुका चार बजेतिरको कुरा छ । बिहान चार बजे हिँड्नै पर्ने बाध्यताले राम्रो निद्रा पर्दैन । मनमा तर्क-वितर्क आइरहे । उता तिलबहादुर आफ्नो घोडालाई बढी धपेडी दिन मन छैन । केही बदमास भए पनि फुर्तिलोजस्तो भूमि सुधारको घोडा मिलाउँछ । त्यसले सजिलैगरी समयमै इलाम पुऱ्याउँछ । कुरा छोटो रहेछ, पाँच मिनेटमा काम सकिन्छ । कुरोको सार छ, 'गाउँस्तरीय निर्वाचनमा निष्पक्ष भूमिकाको लागि धन्यवाद ! अब जिल्लास्तरमा निरपेक्ष बस्नुपर्छ । कसैलाई नभेट्ने, हुनसक्छ ढोकै थुनेर बस्नु परोस् ।' काम कुरो यति नै छ । पाँच मिनेटमै सकिन्छ । त्यसै दिन फर्कन्छौ पनि । सबैभन्दा कम तलब खाने एउटा इमानदार कर्मचारीको सामान्य परिचय थियो, उदाहरण थियो । व्यापक सरकारी कर्मक्षेत्र, सीमित जिम्मेवारीभित्रको सानो कर्मचारी । त्यो कर्तव्यबोध र अनुशासनलाई कसरी परिभाषित गर्ने होला । ती दिन सम्झँदै गर्दा लाग्छ, आज तिलबहादुर घर्तीको घर-परिवारको वनोट आदि समेट्न सकेको भए कति असल हुँदो हो । हुन त आफ्नो घर फिदिम अस्पतालनजिकै पूर्वी पाखोतिर देखाउँथ्यो । भारपा जाने ओरालो बाटोको छेउछाउ कतै । ०३३/०३५ को सहयात्रा अब त एकादेशको कथा भइसकेछ । सम्पर्क सम्बन्धको अवसर नै कहाँ । हो, जागिरे, केही दिनको पाहुना न हो । आयो, गयो ।

अदृश्य हातहरू

भनिन्छ, ईश्वरको खोजी, शायद कहिल्यै पूरा नहुने प्रसङ्ग । तर हुनसक्छ, जीवनयात्रामा त्यो सँगसँगै होस् । समय समयमा सहजता पनि थपोस् । हो, कुन बेला, कहाँ कुन आकार-प्रकार र प्रयोजनमा दृश्य-अदृश्य रूपमा कसरी पुग्ने हो, अनुमान गर्नै गाह्रो । विश्वास पनि कति, कसरी । तलको कविताको आशय यस्तै यस्तैको वरिपरि त कतै हुँदो हो । ती दिन, केही आफ्नै छेउछाउका घटना । घरीघरी तर्क आउँछन्, त्यो बेला हातेमालो गर्न आउने को थियो त ! त्यो कति स्वाभाविक ।

२०१६ धरानको प्रसङ्ग- पिताजीको आज्ञा छ, भोलि श्राद्ध छ । पानबारी आउनू । त्यो बेला भाइ हरि एघार, म चौध वर्षको । श्रावण महिनाको झरी । सेउती र सेरा दुई खोला तर्नुपर्ने । पुल छैनन् । सेउती फैलिएको छ भने, सेरा जोसिलो । तीन दिनदेखि पानी परेको थिएन । तीनकुने पुग्दा अचानक ठूलो झरी । छाताले थेग्नै गाह्रो । स्कूल सकेपछि हिँडेकोले पाँच बजिसकेको छ । धरानबाट फाट्टफुट्ट इटहरी, विराटनगर चल्ने मिनीबसहरू छन् । ती पूरै भरिभराउ हुनुपर्ने । आफूखुसी चल्ने । मान्छेमाथि मान्छे, छतमा पनि । साथमा बोका, डोकाहरू । बाटोमा रोक्दैन । पानबारी जान पैदल एक मात्र विकल्प । तिनकुनेबाट जङ्गल प्रवेश । झन् त्यता सवारी साधन कहाँ । फाट्टफुट्ट कसै कसैका साइकलसम्म होलान् ।

बाक्लो जङ्गल । लगातारको झरी । हिलो, सुनसान बाटो । साँझ पर्न लागेको । जङ्गली जनावरहरूको चहलपहल, दौड, क्रन्दन, ज्यान

जोगाउनै गाह्रो । त्रासदीपूर्ण परिवेश । कतै नहेरी सास रोकेर दौडन्छौ । अब भेट हुन्छ, सेउती खोलाको उर्लदो भेलसँग । नसोचेको, नदेखेको परिस्थिति । चारवटा भङ्गाला । बीचबीचमा अलेली बगर देखिँदै । हतार हतार सकी नसकी दुई भङ्गाला पार गर्छौं । बाढी बढ्दै छ । हेर्दाहेर्दै ती अलेली देखिने बगरका बाँकी टुक्रे भागहरू पुरिन्छन् । हामी उभिएको ठाउँ पनि भलले छोपिँदै । अब न अघि, न पछि । उज्यालो अलेली बाँकी छ । अचानक पछाडिबाट कोही कराउँछ । भन्छ, ए केटा हो, पर्ख पर्ख । म तारिदिन्छु । हामी विकल्पविहीन छौ । त्यो अञ्जान मानिस आउँछ । पारी पुऱ्याउँछ । अलि परको सेरा खोला पनि तारेर फर्कन्छ । धेरै-धेरै पहिले ब्रिटिसले विराटनगर-धरान सडक बनाएको थियो । त्यो बेला गिट्टी बालुवाका लागि सेवती खोलाछेउ सुरक्षा गार्ड बस्ने पाल थिए । तर अब त्यहाँ काम छैन । धेरै भैसक्यो, कोही देखिँदैन पनि । लाग्छ, त्यो देवदूत त्यही पालको प्रयोजनका लागि त्यो बेला आएको थियो त । हो, हामीलाई उद्धार गर्ने महामानव । त्यो को थियो । त्यसपछि पनि त्यो पालमा कोही देखिएन । यदाकदा तर्क आउँछन्, ईश्वरको साथ यस्तै यस्तै पो हो कि ।

यस्तै यस्तै छक्क पार्ने अर्को घटना । अपरिचित मामासँगको भेट । पहिलो चरणमा भूमिसुधार लागु भएको जिल्लामध्ये झापा-२०२२ । सजिलै जागिर र तलब पनि धेरै पाउने हल्ला । हामीलाई पनि तानेको छ । श्रावण नै परेछ । त्यो बेलाको अनकन्टार झापा । बुधबारेको चिया पसल एक किसिमले भोका, नाङ्गा स्थगित, पैदल यात्रु हामी । कोही भान्जा भन्दै आउँछ । भन्छ, तिम्रो बाटो यो होइन, त्यो पो हो । त्यो अपरिचित व्यक्ति को थियो । भेटको सुरु र अन्त्य पनि त्यही छ । यदाकदा सम्झन्छु, जीवनधार नै बदलिदिने उनका विचारलाई कसरी सम्मान गरौं । अदृश्य शक्ति भनेको यस्तै यस्तै केही हो कि । त्यसै क्रममा मेरो पछिल्लो जीवन यात्राको रेखा बन्छ । यो विषय ०७७ को कृति "अनुभव र चिन्तन" मा केही विस्तारित रूपमा भेटिनेछ । म निर्वाचन आयुक्तसम्म भएर विश्राम गर्दैछु ।

पुनः अर्को प्रसङ्ग- कोलम्बोमा तेस्रो दिन । बास छ, समुद्र किनारको ताज होटल । अगाडि छ, घुमफिर गर्ने ठूलो खुल्ला मैदान । सहभागीहरू

कोठातिर । लामा दिन । नौ बज्दा पनि उज्यालै । भोलि बिदाइ हुँदैछौं । यसो टहल्ले, समुद्रका छालहरूको आनन्द लिने मन छ । बाहिर किनारामा केही समय घुमफिर । कोही नजिकै आउँछ । केही सोध्न खोज्छ । म बुझ्दिन । इशाराले अनभिज्ञता देखाउँछु । तामिल विद्रोहको बेला शायद तमिल भाषी होला । लगत्तै पाँच जनाले जबरजस्ती समातेर भ्यानमा राख्छन् । केही पछि भ्यान बदल्न वा निर्धारित स्थान पुगेर हो, त्यो रोकिन्छ । अँध्यारो भैसकेको छ । तमिल विद्रोहले पनि होला, सबैतिर सुनसान । मलाई बाहिर निकाल्ने क्रम, कोही बाहिर कोही भित्र छन् । ढोकाबाट बाहिर निक्लदै गर्दा अचानक पुलिस-पुलिस भन्ने शब्द आएछ । मलाई समाउने हातहरू केही हल्का खुकुलोजस्तो । झड्का दिएर कराउँदै सडक पेटी दौडिदै केही परसम्म भागैं । त्यहाँ प्रहरीजस्तो कोही भेटियो । क्यासिनोको गार्ड रहेछ । इशारा गर्छ, भित्रपट्टी क्यासिनो रहेछ । बाटोमा फाट्टफुट्ट टेक्सी । बल्ल बल्ल ताज होटल पुऱ्याउन सक्ने ट्याक्सी फेला पर्छ । तर्क गर्छु, त्यो बिरानो मुलुक, भाषाविहीन म । अपराधी ग्रुपको पकडभित्र । पुलिस पुलिस भनेर कराउने, हात झड्का दिने आत्मबल कहाँबाट । त्यो बेला मेरो शक्तिको स्रोत कहाँ । कति स्वाभाविक । फर्केर हेर्दा, जागीरको यात्रामा यस्ता केही प्रसङ्गहरूसँग अनायासै भेट हुन्छ । लाग्छ, ती यत्रतत्र छरिएका घटना र परिवेश, अग्रगतिको बाटोमा कति सहयोगी बन्दै गएँ ।

यस्ता घटना विशेषमा महाकविको यी अंश घरी-घरी सम्झन्छु-

"कुन मन्दिरमा जान्छौ यात्री
कुन मन्दिर जाने हो ।"
"ईश्वर बस्तछ गहिराइमा
सतह बहन्छौ, कति दूर ।"

हक-हितका सपनाहरू/गाँठाहरू

०२७/०२८ तिरका ती दिन । सरकारी सेवाभित्र साधारण र विकास आयोजनामा काम गर्ने कर्मचारीहरूबीच निकै ठूलो खाडल छ । भनिन्छ, कतै सुविधाको भ्याई नभ्याई भोग छ त, कतै हेरेर मुख मिठ्याउने, भनौं ञ्याल काड्दै समय बिताउने कुरा होलान् । हो, लामै समयदेखिको एक किसिमको पर्खाल । सधैं एकनाशको अविच्छिन्न भोग कहाँ । कालान्तरमा विदेशी सहायताका आयोजनाहरू घट्दै । दरबन्दीहरू चाँडै समय सापेक्ष बनाउने, साँगुरो बनाउने बाध्यता छ । हो, कतै उपयुक्त नाम नपाएर "डिप्लोमा होल्डर" जस्तो दरबन्दी बनाएर पनि खाने-खुवाउने क्रम चल्दै आएको बेला ।

सपनाहरू भङ्ग हुँदै छन् । पुनरावलोकनको समय आएको छ । कति यथास्थितिमा रहलान् त कति खारेजीमा । अब साधारण खर्चको सीमाभित्र बस्नु छ । पछिसम्म नभई नहुने दरबन्दी मात्र स्थायी गर्ने नीति छ । दरबन्दीहरू केही समयदेखि युद्धस्तरमा छानबिन हुँदैछन् । विधिको विडम्बना, अर्कोतर्फ, उसैबेला अप्रिय स्थिति आउँछ । कतैबाट आएको हावा-हुरीले नराम्रो गरी सरकारी यन्त्रलाई एक धक्का दिन्छ । अचानक एकदिन विकास तर्फका उच्च अधिकारीसहित कर्मचारीहरू हाजिर गर्न आउँदैनन् । शायद, बहिष्कार, हड्ताल, दबाब, त्यस्तै अरू केही । अघोषित छ । सिंहदरबारभित्र कतै पहिरो । सबै स्तब्ध, निःशब्द । आश्चर्य, एक किसिम खुलदुली । अहो, यस्तो पनि । अनपेक्षित घटना । अर्कोतर्फ तत्कालै त्यस्ता सबैले सामूहिक

रूपमै अवकाश पाउँछन् । कति निकै शक्तिशाली मानिनेहरू थिए अरे । सबै माथि एकनाशको कारवाही छ । तीमध्येमा ०२२ सालमा मलाई जागिरमा प्रवेश गराउने शिक्षा डाइरेक्टर मुकुन्दबहादुर बस्नेत पनि । भूमि सुधारका डाइरेक्टर मोहनमान सैँजुलगायत छन् । कालान्तरमा त्यसभित्रका केही अधिकारीहरू उच्च पदहरूमा पनि पुगे ।

संयोग भनौं, त्यो बेला म पनि आयोजनाहरूको दरबन्दीसम्बन्धी समसामयिक परिस्थितिको नजिकै छु । कुनै बेला म स्वयं विकासतर्फको "विकास जिल्ला शिक्षा निरीक्षक" र "अञ्चल हुलाक नियन्त्रक" मा पनि । परिस्थितिले अब विकासका पदहरू कति खारेजी, कति अस्थायी नै राख्ने, कति स्थायीतर्फ लाने छानविन गर्ने समितिको सहयोगी छु । अचानकको त्यो घटनाको प्रसङ्गमा फाट्टफुट्ट मधुर स्वर आउँथ्यो, कतै कसैको भूमिकामा कमी छ कि कसो । कताकति ट्रेड युनियनको दिशातिरको चर्चा । त्यस्तो खोई र आदि, इत्यादि । लाग्छ, त्यसमा कतै समाधानको सूत्र लुकेको छ । केही सामर्थ्य राख्छ कि क्या हो, भन्ने आभास । त्यो बेला, त्यसका मान्यतासँग कहाँ परिचित हुनु । प्रवेश नै कहाँ । न त सम्बन्ध, नत सम्पर्क । न त सैद्धान्तिक केही ज्ञान, न त व्यावहारिक सत्यकै नजिक । शायद, यत्र-तत्र अमूर्त, अस्पष्ट भाव छ । कदाचित्, सपना जस्तै-जस्तै ।

हो, त्यहाँ हक-हितका चाहना लुकेका छन् । न्यायको खोजी छ । यत्रतत्र आकार-प्रकारविहीन आदर्श, सुषुप्त विचारहरू । कहाँ छ त समष्टि चिन्तन । त्यहाँ त भरमार आत्मकेन्द्रित गाँठाहरू । के, राज्यलाई सही समस्या र समाधानको चित्र देखाउने सोचको कमी हो । हुनसक्छ, आत्मबलकै कतै कमी होस् ।

अर्कोतर्फ, विकासका दरबन्दी रूपान्तरणले मात्र कहाँ पुग्दो हो । त्यहाँ त सँगसँगै व्यक्ति रूपान्तरणको प्रश्न छ । अहिले जुन तहमा छ, त्यही तहमा स्वतः स्थायीतर्फ परिवर्तन हुनपर्छ भन्ने पो छ । हो, उता स्थायी सेवाकालाई पीडक, घोचक विषयहरू । कहाँ होलान् त सहज समाधानका बाटाहरू ।

अब समस्याको चुरो कहाँ छ त । निकै लामै समयदेखि स्थायी

सेवातर्फ आउनेको गति अलमल्याउने, असहयोगी, अमूर्त भावहरू कस्ता होलान् । अन्तर्द्वन्द्व केमा । पीडाहरू कहाँ-कहाँ, कस्ता-कस्ता । त्यो बेला विकास आयोजनातर्फ सेवा प्रवेश गर्दादेखि नै कुनै विशेष झन्झट, न त लोकसेवा आयोग पास गर्ने तनाव । न त बढुवा आदि प्रक्रियामा नै कुनै विशेष प्रावधान । हो, कति कुरा निजामति सेवाको मापदण्डभित्र छैनन् । त्यहाँ छन्, योग्यता, क्षमता वृद्धिका तमाम अवसरहरू । त्यहाँ छन्, राम्रा-राम्रा नाम चलेका देश, विदेशका शिक्षण संस्था, रिसर्च सेन्टरहरूमा पढ्ने, सिक्ने अवसरहरू । भ्याई नभ्याई भ्रमणहरू । एकपछि एक तालिम, गोष्ठी, सेमिनारहरू । सुसज्जित अफिसहरू पनि । यत्रतत्र राम्रा-राम्रा सवारी साधनहरू । कृषिमा यस्ता आयोजनाको संख्या ठूलै छ । चारवटा त केन्द्रीय विभाग नै छन् । मातहत थुप्रै केन्द्रहरू, आयोजनाहरू । त्यसमा छन्, विविध विषयका विज्ञहरू, अनुसन्धानकर्ताहरू, शायद कृषि क्षेत्र रूपान्तरणका व्यापक सोचहरू । स्थायीतर्फ यो सबै कहाँ ।

माछा होस् वा पशुपालन, तरकारी होस् वा फलफूल, खाद्यान्न होस् वा नगदेबाली, कृषिका विविध क्षेत्रमा छानी-छानी, विदेशमा पिएचडीसम्म अध्ययनका मौकाहरू । पर्याप्त तजविजी खटनपटनहरू । प्रतिस्पर्धा नै कति, कोसँग । बढ्दो योग्यता सँगसँगै दर्जा पनि । यस क्रममा तहतहमा विषय विज्ञहरू, अनुसन्धानकर्ताहरूको संख्या ठूलै छ । सह-सचिवस्तरमा मात्रै पनि धेरै छन् । विकासका दरबन्दी सिर्जना गर्ने बाटो सजिलै छ । बजेट भए केहीले रोख्तैन । औपचारिकता पुऱ्याउनेसम्म हो । तर उता स्थायी दरबन्दी सिर्जना गर्न त्यस्तो सहजता कहाँ । कहाँ, कसरी, किन, कार्यबोझ कतिलगायत तमाम प्रश्नहरू । कहिलेकाहीँ ओ.एण्ड.एम. गर्ने सम्मका कुराहरू । औचित्य पुष्टि गर्ने गाह्रो । त्यसपछि पनि लामो यात्रा । साधारणतर्फको बजेटको कुरा छ । कसलाई नियुक्ति गर्ने, बढुवा गर्ने वा सरूवा गर्ने हिसाब त्यहाँ चल्दैन । सबै लोकसेवा आयोग प्रक्रियाभित्रै ।

०२९/०३० तिर त प्रमोशनको खुल्ला, पारदर्शी मापदण्ड नै बनेछ । कतिलाई कताकति चर्को, अप्रिय पनि । कसको प्रमोशन कसरी भयो, कुन-कुन विषयमा कति नम्बर पायो, सबैले हेर्न बुझ्न पाइने पो भएछ । हो,

कसैले प्रमोशन गराउन चाहेर पनि नसक्ने स्थिति । स्थायी निजामति सेवा, यी तमाम बाध्यताभित्र बाँधिएको छ । विदेशतिरको अध्ययन, अनुसन्धान, तालिम, सेमिनारहरू सीमितै । यदाकदा मात्र अवसरहरू । विकास आयोजनाहरूको जस्तो उन्मुक्त वातावरण कहाँ । विकासतर्फका कर्मचारीले पाउने सुविधाहरूको सानो अंश पनि कहाँ होला र । यत्रतत्र यस्तै-यस्तै सुषुप्त पीडाहरू ।

पछिल्ला दिनहरू, पुराना विकास आयोजनाहरूको म्याद सकिँदै । कतिमा दाताहरूको उत्साह कम हुँदै । अब कर्मचारीहरूमा भोलिको चिन्ता अझ बढ्दो छ । भइरहेको खान-पान कसरी जोगाउने । पाउने कुरा त पाइसकियो । अब सम्भावना कमै । पारिवारिक बोझ पनि थपिँदै । क्रमशः उमेर पनि माथि-माथि । अब पेन्सन आदि सुविधाको खाँचो छ । सबैको ध्यान चाँडोभन्दा चाँडो दरबन्दी नै स्थायी सेवातर्फ गाँभ्ने वा परिवर्तन गर्नेतिर । त्यो पनि यथास्थितिमा । सबै सेवा सुविधासहित । तर, कति सहज, कति असहज । पर्खाल कत्रो, कस्तो । यसैको वरिपरि त छन्, तमाम पीडाहरू । तिक्तताहरू । शायद यसै भित्रका उपज छन्, तमाम दबाबहरू । अन्ततः अवकाशसम्मका कथाहरू ।

विधिको विडम्बना । यदाकदा मलिन स्वरमा सुनिन्छ, त्यो बेलासम्म स्थायी सेवामा सीमित पदहरू हुन्थे । त्यसमा पनि दरो प्रतिस्पर्धा । कति पास, कति फेल । फेल हुने मध्येका धेरै मित्रहरू अहिले विकास आयोजनामा रमाउँदैछन् । कति सजिलै प्रवेश, समयक्रममा अरू योग्य बन्ने मौका पाउँदै गए । योग्यता, दर्जा सबै आए । भनिन्छ, हुँदा-हुँदा लोकसेवा आयोगको हलबाट निकालिएका एक मित्र त सहसचिवको लाइनमा पुगिसकेका छन् । अब हाम्रो हाकिम हुनेसम्म चर्चा । वर्षौं कुर्दा बल्ल-बल्ल मुस्किलले जुर्ने बढुवाका प्रक्रियाहरू । हो, सपनाहरू अब कता । चित्त बुझाउनै गाह्रो । सबैले आ-आफ्ना नियुक्तिका सेवा शर्तहरू पालना गरे कति राम्रो । यस्तै-यस्तै त छन् स्थायी सेवातर्फ खुम्चिएका कर्मचारीका व्यथाहरू । यस्तो परिवेशमा स्थायीतर्फको प्रक्रिया बढाउनै कति गाह्रो । लामै समय भैसक्यो । केही यसो

बढेजस्तो, पुनः पुरानै ठाउँमा ।

०२४, स्थायी सेवामा प्रवेश गर्ने चरणको सानो प्रसङ्ग । बिर्सन कहाँ सजिलो छ र ! त्यो छ, ऊर्जाशील समय बिताउने पहिलो पाइला । यथार्थमा स्थायी निजामति सेवाको सीमा नै कहाँसम्म । कति पनि थाहा छैन । कतै केही गर्नु छ । ध्यान त्यति नै छ । त्यो बेला, शिक्षा, स्वास्थ्य, हुलाकतिर केही विकासका पदहरू रहेछन् । कति म्याद नतोकेका अनिश्चितकालीन पनि । ती पदमा लोकसेवा आयोगले एकपटक विज्ञापन गरेको छ । पुनः दोहोऱ्याएन । हो न हो हाम्रै लागि जस्तो भएछ । त्यसमा जाँच दिनेमा पुण्यप्रसाद दाहाल, चिनिया श्रेष्ठसमेत धेरै सहभागी थियौं । रिक्त पद सात मात्रै । त्यो जाँचले मलाई अञ्चल हुलाक नियन्त्रकमा पुऱ्याउँछ । तर त्यहाँ लामो अवधिदेखि कामु भएर काम गर्ने साथीहरूको विरोध छ । मन खिन्न छ । सहज स्वीकार्य छैनौं । पुरानाकै वर्चश्व छ । शायद कतै युवाहरूलाई मौका दिनुपर्छ भन्ने मनसाय लुकेको पनि होला । महानिर्देशक जीवनलाल सत्यालको सौजन्यबाट नियुक्त हुन्छौं । कालान्तरमा उहाँ संसदको महासचिव ।

सँगसँगै त्यो बेला मेरो स्थायी सेवातर्फ पनि सहभागिता थियो । नतिजा आउन ढिलै भयो । सहभागीमध्ये सोह्रजना पास भएछौं । त्यसमा विद्यानाथ नेपाल, युवराज शर्मा, सुमित्रा वैद्य, रामेश्वर साहसहित साथीहरू छौं । तर नियुक्तिको लागि सिफारिस भएको वर्षदिन हुन लाग्यो । तैपनि पद खाली छैनन् । त्यो बेला लोकसेवा आयोगले सिफारिस गरेको एक वर्षभित्र नियुक्ति नपाए स्वतः ल्याप्स हुने रहेछ । अब सबैतिर खटपटी, हड्बडी । एघार महिना नाघिसकेको छ । अहो, सम्झँदै डरलाग्ने नियम "पुनः जाँच दिनुपर्ने । संयम हराउँदै । अन्ततः तत्कालीन उपप्रधानमन्त्रीलाई गुहार्छौं । फलतः सङ्कटबाट मुक्ति । हो, यस्तै-यस्तै त थिए त्यो बेलाका स्थायी सेवाका प्रसङ्गहरू ।

ती दिन सम्झन्छु, अब विकासतिरका कर्मचारीहरूको कसरी सहजै स्वागत होला त । कृषिमा सबैभन्दा बढी संख्या छ । भूमिसुधार कम छैन ।

त्यस्तै-त्यस्तै अन्यत्र पनि । छानबिन गर्नुपर्ने दरबन्दीहरू दश हजारको आसपास होलान् । त्यो परिस्थितिसम्म आधा जतिको छानविन भएको होला । उता भर्निदैछ, निजामति सेवाको नियममा नै परिवर्तन नगरी समाधान छैन । जाँच दिएर स्थायीतर्फ जान कोही तयार छैन । स्वतः पाउनुपर्ने माग नै मुख्य छ । अन्ततः स्थायीतर्फ लिने नयाँ मापदण्ड, नियम नै परिवर्तनसम्म । यो सहज र समझदारीपूर्ण बनेको छ । समन्वयको बाटोमा छ । हो, समस्या समाधान गर्ने पहिलो पाइलो । यसलाई नरूचाउने, नअटाउने कति विदेशतिरै वा कताकति । धन्य सरकारी सेवाका परिबन्धहरू ।

अब नयाँ परिस्थिति २०४६ । हो, त्यो बेला सपनाभित्र खेल्ने ट्रेड युनियनको जन्मको आधार वर्ष । कर्मचारीका हक-हित संरक्षणका सूत्र कहाँ छन् त । अबका गाँठाहरू कस्ता, कुन दिशातिर ।

यी त थिए, कुनै कालखण्डमा देखेका, भोगेका, सुनेका स्मृतिका सतही अवशेषहरू । मन खेल्छ, अहिले हामी कहाँ छौं त । नयाँ परिस्थितिसँग कति पहुँच छ त । सुनिन्थ्यो, ट्रेड युनियनले कर्मचारीको हक-हित हेर्छ । सर्वसाधारणको सेवा सुविधा नै सर्वोपरी राख्छ । कालान्तरमा कता कति चर्चा सुनिन्छ, युनियनहरू पार्टीहरूको अङ्गको भूमिका निभाउँदैछन् । ती पुराना दिन, मुक भाषामा थियो, कतै बलियो सहाराको खोजीजस्तो । कतिको मन मस्तिष्कमा ट्रेड युनियनको राप-ताप अझै हुँदो हो ।

परिवर्तनपछि कर्मचारी युनियनका प्रारम्भिक दिनहरू । सर्वप्रथम आन्दोलन पीडितहरूका लागि सहयोगको खाँचो छ । सहयोग समितिहरू यत्रतत्र सक्रिय हुँदै । कर्मचारी मित्रबाट पनि यस्तै समितिबाट सहयोग जुटाउने क्रम छ । कालान्तरमा त्यो समिति नै ट्रेड युनियनमा परिवर्तन भएछ । कति सदस्यहरू थपघट हुँदा हुन् । कतिको मन मिल्दैन । अचम्म त्यो बेलासम्म कर्मचारीहरू कांग्रेस र इतर दुई खेमामा पो । राजनीतिक धार पसिसकेछ । शायद त्यो परिवर्तित समूह कांग्रेस इतरको बनेछ । आ-आफ्नो बनाउने पार्टीहरूकै मनसाय हुँदो हो । त्यो बेला कांग्रेस समर्थक पछि परेछ ।

अब सर्वोच्चको बाटोतिर । अन्ततः कांग्रेस समर्थकहरूले छुट्टै युनियन बनाउन पाउने बाटो खुल्छ । सबै पार्टीहरूलाई यो मौका हात परेको छ । फलतः कर्मचारीहरू पनि पार्टीहरूकै लाइनमा । अलग-अलग सङ्गठन । फेरि चर्चा हुन थालेछ, पुराना साझा सपना अब कता । समष्टि कर्मचारी सम्बन्धी हक-हितको आवाज कसरी, कोबाट । पार्टीहरूको लाइनमा संगठित हुने, उतैबाट निर्देशित हुने स्थितिमा, निष्पक्ष स्वतन्त्र हक-हितको अपेक्षा कसरी । अहो, फेरि पनि अग्रगामी र प्रतिगामी, आफ्नो र पराइ । कालान्तरमा त्यही शब्द सच्चिदै प्रतिगमन र अग्रगमन भएछ । सुनिन्छ, अहिले एमाले नै प्रतिगमनको कित्तातिर । अहो, भाषणमा त्यस्तो पो । सर्वोच्च नेताहरूकै त यस्तो भाव, भाषा देख्न-सुन्न पाइन्छ भने हामी कर्मचारी भनाउँदा कुन बारीका मूला हौं र ! कति तँछाड-मछाड । हो, कतै पूरा नहुने यात्रा । के कर्मचारी आफैंभित्र पुनः समान न्यायको अनुभूति दिलाउन सक्ने तटस्थ छुट्टै सङ्गठनको खोजी हो । त्यतातिर अहिलेका गतिविधिहरू कति सहायक बन्दैछन् त । ८ असोज २०७८ को नयाँ पत्रिकाले विशेष खबर बनाएछ । मुख्य शीर्षक नै रहेछ- 'राजनीतिक शक्तिको आडमा कर्मचारी युनियनको दादागिरी ।' त्यसभित्र रहेछ, सरकारी सम्पत्तिको दुरूपयोग, सरूवा-बढुवामा हस्तक्षेप जस्ता शीर्षक उपशीर्षकहरू । साथै फोटाहरू पनि । मन खिन्न बनाउँछ । अब कहाँ छ त विराम । हुन त यी सब विषयमा मेरो प्रवेश कहाँ छ र !

पुनः एकछिन ती विषयतिर फर्कन खोज्छु, कहाँ छ, कमजोरी, कहाँ छ खराबी । शासकीय अङ्गभित्रका केही घटनाको पात्र म पनि । तर सीमित दायित्व । हैसियत नै कति । सोचको धरातल पनि साँघुरै त छ । त्यो कालखण्ड, त्यहाँ छन् सरकारी सेवाका परम्परागत साधारण र विकासका कर्मचारी सञ्चालन सम्बन्धी विधि तथा पद्धतिहरू । अनि आ-आफ्नै सजिला, असजिला पक्षहरू, विभाजनका रेखाहरू । तर प्रजातन्त्र पुनर्वहालीपछि अर्को खालको विभाजन । पुनः कर्मचारी दुई कित्तामा । कोही अग्रगामी त कोही प्रतिगामी । शायद स्वतन्त्रको औचित्य छैन । मेरो कित्ता चाहिं प्रतिगामी परेछ । त्यहाँ सलबलाउन थालेछन्, तेरो र मेरो, हाम्रो र उसका धारहरू ।

हो कति सैद्धान्तिक, कति आफ्नो अनुकूलताको विश्लेषण । अन्ततः अवकाससम्म । राज्यका शासकीय अङ्गहरूमा चट्पटाउने, स्वार्थी, खेल-तमासाहरू समयमै नेतृत्वले बुझेको भए शायद न त प्रतिगामी न त अग्रगामी न त अदालतको चकर, न त कर्मचारी खण्ड-खण्डमा विभाजनको स्थिति हुँदो हो । न त "आफ्नो कुरा" कृतिले त्यो बेलाको मर्म खोल्न आवश्यक पर्दो हो । घटना प्रसङ्गले ठाउँ-ठाउँमा त्यो कृति सम्झाउँदो रहेछ ।

सर्वोच्चको पुनर्वहालीको निर्णयमाथि पुनः असन्तुष्टि, गनगन, प्रतिरोध । अप्रिय अरू सन्देशहरू । के कसो यो त कतै मिलेन कि भन्ने कोही छैन । अहिले त ट्रेड युनियन पनि छ । विकासका कर्मचारीहरू खोसिँदा नै सपनाभित्र बसेको त्यो अब मूर्त रूपमा नै छ । तर बोल्दैन । सबै भन्छन्, खोई किन बोल्दैन । कतै न्याय पुगेन कि भन्ने जाँगरसम्म देखाउँदैन । कालान्तरमा सुनियो, जन्मकालमै सामूहिक प्रतिनिधित्वको भाव कुण्ठित भइसकेको छ । सीमित घेराभित्रको बाध्यता छ । विवशता छ । शायद, त्यो बेला मनको कुनामा कतै लुकेको त्यो ट्रेड युनियनको सामर्थ्यको अपेक्षा अब रहेन ।

हो, कता सिद्धान्त, कता व्यवहार । कुनै कालखण्डको कुनै विज्ञको किताबको अध्ययनले हाम्रो व्यावहारिक सत्यमाथि विजय देला त । दृश्य, अदृश्य अनेकौ विवशताभित्र मधुर स्वरमा चिचि गर्दा हामी । लाग्छ त्यो बेला पनि समयमै नयाँ विधि, पद्धति आएको भए विकासका कर्मचारी किन वहिष्कृत, तिरस्कृत हुन्थे होलान् र । आउन त आयो समाधान पनि दियो । तर ढिला भइसकेको थियो ।

ती दिन, विकासमा काम गर्ने देश-विदेश देखेका-बुझेका पढे-लेखेका, विज्ञहरूको ठूलो संख्या थियो । सबैभन्दा बढी कृषिमा । यदाकदा काम विशेषले हरिहरभवन जानुपर्दा देख्छु विशेषज्ञहरू, विज्ञहरूको विशेष चहलपहल छ । व्यस्तता छ, दौडादौड छ । कल्पना गर्छु, आज ती सब कता होलान् ।

परिवर्तनपछिको पहिलो कार्यकालमा नै ट्रेड युनियन एउटै भएको भए

शायद साझा प्रतिनिधित्व हुँदो हो । पार्टीहरूको छहारीको आवश्यकता नै किन पर्थ्यो होला र ? हुनसक्छ, अब त्यो यदाकदा देखिने स्वप्न मात्र बनोस् । कहाँ छ त त्रुटि । कति राजनीतिक क्षेत्र, कति कर्मचारी । अब समाधानका सूत्र कहाँ छन् त । धन्य हकहितका प्रसङ्गहरू । गाँठाहरू ।

अन्त्यमा, यदाकदा सुनिने यस्तै-यस्तै निराशाजनक चर्चाहरू । यता आफ्नो छ, सक्रियताविहीन, सीमित दिनचर्या । भिड्ने, भोग्ने, गर्ने सामर्थ्य नै कति । शायद नमिल्दो, नसुहाउँदो । यसै पनि निजामति सेवाको डोरीले बाँधिएको । मनभरि, माया-ममताको भकारी छ । त्यहाँ सबै आफ्नै त छन् । वर्षौं बिताएको कर्मथलो । ठाउँ-ठाउँमा इतिहास जोडिएला । कति प्रसङ्गमा अझै नाम भेटिँदो हो । स-साना बह सुन्ने-सुनाउन, सङ्केत गर्न सम्म पनि कति गाह्रो । भनिन्छ नि सबै समयको खेल हो, पर्ख र हेर । अर्कोतर्फ अनुभव र चिन्तनको सीमा नै कति । हेराइको धार पनि त फरकै होला । हो, आफैंमा कति धेरै अपूर्णता र अस्पष्टता छ । अन्ततः सबैबाट क्षम्म बनौं ।

लामो अन्तरालमा "मै खाऊँ, मै लाऊँ" जस्ता व्यथाका प्रसङ्गहरू-कति भेटिए, कति भोगिए, कति सुनिए होलान् । धन्य बनून्, निजामति सेवाभित्रका सम्बन्ध-सम्पर्कहरू तथा सद्भावहरू । कदाचित् अव्यक्त व्यक्त कटुताहरू । बितेका ती दिन अब गर्व गर्ने ठाउँ कहाँ-कहाँ । हो न हो, अर्काको दोष कोट्याउनु नै आत्मसन्तुष्टिको आधार बनेको होस् । स्वयम् दोष मुक्त कहाँ हुनु । आफैंलाई हेर्छु, जिम्मेवारीमा बस्दा यो हुँदैन, त्यो नगरौं, यसो गर्नु राम्रो हुन्छ, कति ठाउँमा भनियो होला । कहाँ-कहाँ नवीनता थप्न खोजियो । कस्ता-कस्ता योजना, कस्ता-कस्ता कार्यक्रमहरू त्यहाँ थिए । संक्षेपमा भन्नुपर्दा राज्यको नीति निर्माणदेखि कार्यान्वयनका विभिन्न चरणहरूमा कति सकारात्मक, कति अग्रणी भूमिका रह्यो होला त । अधिकार र कर्तव्यका बन्धनहरू कस्ता रहे । समय सँगै सबै बदलिँदै त गए । कतै होमा हो मात्र भयो कि ? यो सबै हिसाब मनको कुनै कुनामा जीवनपर्यन्त रहँला नै । निजामति सेवाभित्र लामै समय बिताएको नाताले आफैंलाई पीडाको बोध हुने जस्तो व्यथा सुनाउने जाँगर पनि त छैन । कदाचित् हिन्दी

गीतको यो अंशको सेरोफेरो भन्दा कति टाढा हौंला । हो, सन्तोषको विषय । शायद सर्वकालीन सत्य । बाँकी खोजकर्ताकै जिम्मा ।

"नमै भगवान् हूँ, नमै शैतान हूँ,
अरे, दुनिया जो चाहे, सम्झँ, मैं तो इन्सान हूँ ।
मुझमे भलाई भी, मुझमैं बुराई भी
लाखों है मैल दिलमें, थोडी सफाई भी
थोडासा नेक हूँ, थोडा बेइमान हूँ
अरे दुनया जो... ।"

कति स्वाभाविक

हो, यस्तै यस्तै त रहेछ । केही न केही राम्रो-नराम्रो, ठक-बेठीक, गुण-दोषभित्र हामी सबै छौं । त्यो भन्दा बाहिरको शायद टर्रो होला । निकै समय सगरमाथा र त्यसपछि कोशीका जिम्मेवारीमा रहने अञ्चलाधीसको प्रसङ्ग २०३१ । त्यो बेला म भोजपुरमा का.मु. प्र.जि.अ. हैसियतको केही दिनको पाहुना । अञ्चलाधीशको इच्छा छ- पहाडी भेकमा प्र.जि.अ.सँग भेट गरौं । स्थान जुरेको छ- ओखलढुङ्गाको सदरमुकाम । भोजपुरबाट दुई दिन लाग्ने यात्रा । दरो हिंडाइको खाँचो छ । समयमा नपुगे कार्यक्रम छुट्ने डर । धेरै ठाउँमा लामा-छोटा उकाली ओरालीहरू भञ्ज्याङ चौतारीहरू । छिनामखुको उकालो निकै कष्टसाध्य । छोटो भए पनि लामिडाँडाको उकालो सहज छैन । त्यो बेला मेरो खुट्टाका लागि ओरालो त झनै प्रिय भएन ।

साउने झरी, छिनामखुको झोलुङ्गे पुलबाट घोडा तार्न खतरा छ । छेउछाउ नजिकै बाटो छैन । जतातै खोलामा बाढी छ, घोडा घुमाउनुपर्दा समय लाग्छ । दुई दिनभित्र पुग्नुपर्ने । त्यसैले पैदल यात्रामा नै सहज होला भन्ने निष्कर्ष छ । अब बिहानै हिँड्नु पर्ने बाध्यता । लामो यात्रापछि छिनामखुको उकालो जेनतेन पार हुन्छ । भन्ज्याङको चौतारीमा विश्राम । केही छिटो पुग्न डाँडाको बाटो छोडेर खोटाङको सदरमुकाम भएर जाने बाटो लाग्छौ । तुरून्तै ओरालो सुरू हुन्छ । केही पछि खुट्टाको नशामा कतै समस्या आउँछ । क्रमशः हिँड्नै नसक्ने स्थितिमा । समय छँदै बास बस्ने बाध्यता । बाटोमा कुनै गृहस्थको घर खोजी । संयोग भनौं २०२४ सालमा हुलाकको लाइन खोल्न

हिँड्दा बसेको घर परेछ । भरपुर आत्मीयता र स्थानीय उपचारले तत्काललाई राहत जस्तो । अर्को दिन बिहानै यात्रा सुरू । दिनको १२ बजेसम्मका लामिडाँडा एयरपोर्ट पुग्नु छ ।

त्यहीं आफ्नो समस्या देखाएर फिर्ता हुने मन छ । खुट्टामा समस्या अरू बढ्दैछ । लठ्ठीको सहारा, कति ठाउँमा जबरजस्ती हातले खुट्टा उचाल्दै उकाली ओराली गर्नुपर्ने बाध्यता । जसरी, तसरी कष्टकर यात्रापछि एयरपोर्ट पुग्छौं पनि । तर दुर्भाग्य जहाजले अञ्चलाधीश ल्याउँदैन, खबर यो ल्याउँछ । त्यो छ, कार्यक्रम क्यान्सिल । यसै शिथिल शरीर थियो, अब मन पनि । कति निरर्थक यात्रा । विविध तर्कहरू, मन बुझाउनै गाह्रो । शब्दविहीन छु, उत्साहविहीन छु । विकल्पविहीन पनि । त्यो बेला सञ्चारका साधन कताकति मात्र । अब डाँडाको बाटो भएर फर्कने क्रममा छौं । त्यहाँ उकाली ओराली कम । तर मौसमको विविधता भित्रको जटिलता धेरै । प्रायः कुहिरोको जालोभित्र फाट्टफुट्ट घाम देखिने । कहिले कता, कहिले कताबाट लगातार हावा । छिनछिनमा सिमसिमे वर्षा । हिलो, चिप्लो, गर्मीको समय, तैपनि जाडो । विशेष तयारी छैन । न त वरपर आश्रय स्थल । न त अरू कुनै सहज उपाय । खुट्टाका पीडाले ज्वरांश जस्तो पनि । कठिन यात्रापछि अन्ततः बेलुका निकै ढिलो गरी राहत केन्द्र बन्छ मन्त्री ध्यानबहादुर राईको घर । सहज हुन तीन दिनको बसाइ ।

यसरी पाँचदिनको निरर्थक यात्रापछि शिथिल शरीर र स्थगित मन लिएर भोजपुर फिर्ता । यदाकदा ती दिन सम्झँदा तर्क आउने गर्छ - यो कति स्वाभाविक वा कति टर्रो । समस्या कहाँ छ । लाग्छ, के योजना तथा कार्यक्रम केही टिकाउ बनाउन सकिँदैन । कहाँ छ त कमजोरी । कति व्यक्तिमा, कति पद्धतिमा । कदाचित्, घटिबढी हामी कतिमा, यस्तै यस्तै चिन्तन त होलान् ।

बिचरा चरा

त्यस्तै-त्यस्तै झल्किँदो अर्को प्रसङ्ग । घटना उहाँसँगै जोडिने । तर कोशी अञ्चलाधीशको हैसियतमा । शायद कताकति रमाइलो पनि । त्यहाँ छ, गुँड फर्कने क्रममा रहेका चराहरूसँगको निस्फल भिडन्त ।

खाँदबारी भ्रमण गर्ने दुई दिने कार्यक्रम । तुम्लिङ्टार एयरपोर्टमा उहाँको स्वागत । बेलुका हुन थालेको छ । घोडाको यात्रा । बाटोमा ठूलो वरको रूख । त्यसमा छ चराहरूको बासस्थान । साँझ हुन लागेको छ । चारै दिशाबाट कोलाहल गर्दै बथानका बथान चराहरू आफ्नो वास आउने क्रममा छन् । शान्ति भङ्ग गर्दैछन् । उहाँको दृष्टि पर्छ । शायद, यो सब सहज ग्राह्य छैन । तर मुद्रा प्रसन्न छ । चेहरामा चमक, उत्साह पनि । तत्कालै घोडाबाट झर्नासाथ चराहरू निशानामा । ड्याङ् ड्याङ् दुई फायर । तर निष्फल । दुर्भाग्य भनौ, क्रन्दन गर्दै सबै सकुशल भाग्छन् । अब उहाँको चेहरामा निराशा छ, गम्भीरता छ । बोलचाल पनि बन्द जस्तै । स्वागत गर्ने कर्मचारी नेता, कार्यकर्ताहरूको मन पनि खिन्न ।

बेलुका कर्मचारीहरूको तर्फबाट स्वागत कार्यक्रम । साँझको खानपिन पनि । अतिथिको निर्देशन सुन्ने, भलाकुसारी गर्ने, आ-आफ्नो विचार सुनाउने मन छ । तर वहाँको बोल्नेसम्म जाँगर छैन । निर्देशन दिने अलिक टाढै । जेनतेन औपचारिकतासम्म पूरा हुन्छ । दुई दिने कार्यक्रम एक दिनमा परिवर्तन पनि ।

भोलिपल्ट बिहानै बिदाइ । शायद, त्यो निष्फल निशाना । हैसियतको मर्दन थियो । अमङ्गलको सङ्केत थियो । मानिसको कलिलो मन त हो, कति चाँडै कताकतिका स-साना कुराले पनि नराम्रोसँग फाट्ने, दुख्ने, पोल्ने, घोच्ने हुँदो हो । यदाकदा चस्का लाग्छ । त्यहाँ हाम्रो मूल्य मान्यता कहाँ । त्यो बेलाको ओखलढुङ्गाको निरर्थक भ्रमण बिर्सन कहाँ सजिलो रहेछ र । कवि शिरोमणिका यी हरफहरूले बाल्यकालमा पढेका यी हरफहरूले बराबर घचघच्याई रहन्छ-

बडाले जो गऱ्यो काम, हुन्छ त्यो सर्वसम्मत
छैन शंकरको नङ्गा, मगन्ते भेष निन्दित ।

त्यो रोल्पा

मन्त्री बालाराम घर्ती मगरसँग धेरै दिनपछि लामै कुराकानी हुन्छ । नयाँ सरकारले गृह सचिव सरूवा गर्न खोजेको कुरा सुनाउनु हुन्छ । मेरो मन छाम्ने विचार पनि होला । लामो अवधि गृहमा बसे पनि त्यो सम्भावना थिएन । तर पनि अनायसै मेरो मुखबाट निस्किएछ- मलाई लादैनन् क्यारे । यो मनको आवाज थिएन न त विश्वास । यो कुरा भएको एक डेढ महिना हुँदा हो, मन्त्रीजी भन्नुहुन्छ- रोल्पामा प्रवेश गर्न नसक्ने अवस्था भयो । उहाँ लामो अवधिदेखि रोल्पाबाट विजयी हुँदै । राम्रो पकड छ भनिन्थ्यो । गृहमन्त्रीले एकजना प्र.जि.अ. त्यहाँ पठाएर माओवादीलाई समाप्त गर्ने अभियानै चलाएको थियो अरे । अब जिल्लाको समस्त वातावरण बिग्रेको छ । यो बेला सत्तामा बसेकोले उहाँको बारे पनि जिल्लामा धारणा बिग्रिएछ । भनिन्थ्यो, प्रजातन्त्रको स्थापनापछि माओवादीकै कारण रोल्पाको करिब ५ गा.वि.स.मा स्थानीय निकायको चुनाव हुन सकेको छैन । दोस्रोमा ५८ मा । देशको अरू भागमा समस्या थिएन । अब परिस्थिति बदलिएको छ, अरू जटिल बन्दै ।

म प्रधानमन्त्री कार्यालयमै छु । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको दोस्रो कार्यकाल । अब नयाँ गृहमन्त्री, नेपाल प्रहरी, घोषित रूपमा माओवादीको प्रतिकारमा उत्रिएको छ । यसमा हतियार खरीद गर्ने, हेलिकोप्टर भाडामा लिने लगायत कुराहरू छन् । छोटो अवधिमा नै ठाउँ ठाउँमा भिडन्त हुन थालेका छन् । माओवादी विद्रोहले चाँडो चाँडो देशव्यापी रूप लिँदैछ ।

यदाकदा अनायासै तर्कहरू, माओवादी आन्दोलन देशव्यापी पार्न सरकारका समय-समयका निर्णयहरू कति सकारात्मक बने । कतै जानी-नजानी २०५२ देखि नै माओवादी र सरकारका गतिविधिहरू एउटै दिशामा उन्मुख त थिएनन् । पछिल्लो समय सरकार माओवादीसँग राम्रै गरी भिड्ने तयारीमा । एक दिन प्रधानमन्त्री छोटो वाक्यमा भन्नुहुन्छ- 'माओवादीबारे तपाईं हेर्नुहोस् न ।' यो कुरा कहिल्यै प्रष्ट भएन । पुनः मेरोमा आएन पनि । यसैबीच सहसचिव मित्र अर्जुनजी र मैले केही होमवर्क पनि गरेका थियौ । त्यो प्रधानमन्त्रीकोमा पुगेको छ । सामान्य चर्चा पनि । त्यसमा थिए, शान्तियात्राका प्रारम्भिक खाकाहरू । जिल्लाको मेरो पुरानो अनुभवको मिश्रण । केही पछि सिधै भीडन्तमा प्रहरी उत्रने, हतियार, हेलिकोप्टरको व्यवस्था गर्नेजस्ता रणनीतिक कुराहरू सार्वजनिक हुन्छन् । कताकति, भिडन्तमा निर्दोष मानिसहरू परेको सुन्नमा आउँछ । त्यो खाकासँगै माओवादी तपाईं हेर्नुहोस् न भन्ने कुरा पनि सधैंलाई हराउँछ । शायद मेरो कर्तव्य, लाए-अह्राएको काम गर्नेसम्म थियो । खाकासम्म दिने, वडो बुज्रुक भएछु कि ! यदाकदा लाग्छ, यसका जरा र सान्दर्भिकताहरू कहाँ-कहाँसम्म ।

सिँचाइको मूल्य

हरेक वर्ष बाढीको प्रकोप बढ्दै । कहाँ छन् त जराहरू । तमाम अनुत्तरित प्रश्न । शायद प्रश्न नै अस्वाभाविक पनि । प्रसङ्ग ०३०/०३१ पूर्वी भेकमा ठूलो वर्षा र बाढी । त्यो बेला म कोशी अञ्चलाधीश कार्यालयमा आबद्ध । जतातै डुबान । खेतहरू सँगसँगै नहर पैनीहरू पनि भरिभराउ । बाढी पीडितहरूको बिचल्ली । खान, लाउन, बस्नको ठूलो समस्या । यत्रतत्र पीडितहरूको बिलौना । सुनाउँछन्- हरेक वर्ष थपिँदै छ । पहिले यस्तो थिएन । सहज निकास छैन । किन बढ्दै छ यो । कहाँ छ त समाधान आदि ।

क्षतिको विवरण लिन टोली खटिएको छ । त्यसमा म पनि छु । कृषिबाट अधिकृत राधा घिमिरे र केही प्रहरीहरू । विवरण लिने क्रममा अनायासै नयाँ परिवेशले मन तरङ्गित पार्छ । त्यसको केन्द्रमा छ- चतरा सिंचाई आयोजनाको शाखा प्रणाली । तर्क आउँछन्- त्यो कति समस्या, कति समाधान । कतिको हेराईमा फरक छ । कतिको भोगाइमा । सिँचाइले उत्पादन बढाएको छ । इच्छाअनुसारको खेती गर्न पाइएको छ । जे होस्, केही भए पनि समस्याको समाधान हुँदैछ आदि आदि ।

आफैँ कौतूहलको विषय । कोही समस्या देख्ने, कोही त्यसैबाट समाधान । जागिरको प्रारम्भिक दिनहरूमा विकास आयोजनाहरूका दरबन्दी स्थायी गर्ने क्रममा सिंहदरबारदेखि नै सुन्दै आएको विषय । चतरा नहर

सिँचाइ आयोजनाको मुहानबाट बालुवा निकाल्न हरेक वर्ष विदेशी सहायता लिनुपर्छ । लाग्थ्यो, कति मूल्यवान् रहेछ, त्यो ।

के यससँग पनि केही सम्बन्ध राख्छ त यो बाढीले । केहीको भनाइ रहेछ- इटहरीबाट विराटनगर जाँदा खनारमा आयोजनासँग भेट हुन्छ । खोलामाथिबाट यो नहर गएको छ । खोलामा सीमाभन्दा बढी पानी आएमा त्यसले रोक्छ । वरपर खेतबारीमा फैलिने बाध्यता छ । यस्तो स्थिति अरू खोलाहरूको पनि । यो हरेक वर्ष देख्न सकिन्छ । यसैमा खड्किने अर्को विषय, चतरा नहरका शाखा नहरहरू र खेतमा बढी भएको पानी बाहिर जाने निकासै नभएजस्तो । समय-समयमा यस्ता नहरहरू आफैँ पनि भरिभराउ हुने । अब खेतबारीबाट पानीको निकास कता भन्नुपर्ने । पछि पछि त विराटनगर बजार, एयरपोर्ट पनि जलमग्न हुन थाल्यो । कदाचित्, त्यसैको कारण नहोस् । हो, खोजको विषय ।

खैर, यो त थियो प्राविधिक विषय । हाम्रो प्रवेश कहाँ । यदाकदा आयोजनाको प्रसङ्गमा ती अपरिपक्व भनाइहरू स्मरण हुन्छन् । त्यो कति समस्या, कति समाधान । लाग्छ- समयक्रममा सबै बाधा व्यवधान हटे होलान् । जतातै इच्छाअनुसारको उत्पादन सुरू भयो होला । हुनसक्छ, किसानहरूको मुहारमा मीठो मुस्कान छाएको होस् । संयोग भनौ, कालान्तरमा आयोजनाको दरबन्दी विषयमा उच्च तहका सम्बन्धित इन्जिनियरहरूसँग कुरा गर्ने मौका मिल्छ । भनाइ छ, कति त्रुटि छैन । जस्तो हुनेपर्ने थियो त्यस्तै भएको छ । धन्य चतरा सिँचाइ आयोजना ।

यो कति आवश्यक

कतिपय मन्त्रीको दैनिकी सरल रेखाबाट हिँड्दैन क्यार । विशेष किसिमको आनीबानी थपिएको देखिने । केही सामान्य लाग्छन् त केही खड्किने । त्यस्ता विशेष देखिने मन्त्रीहरू प्रधानमन्त्री अगाडि मुसासरह देखिने रहेछन् । प्रधानमन्त्रीको आशीर्वादले नै आफूलाई विशेष बनाउने आधार तयार हुँदो हो । चन्दादान, दातव्य, कमिशन, ठेक्कापट्टा, नियुक्ति, सरूवा, बढुवा आदि सेरोफेरोमा विशेष हिमखिम भएकाहरूको उच्च प्रभावकारिता सबैले महसुस गर्दछन् । त्यस्तासँग स्वतः विशेष शक्ति प्राप्त हुँदो हो । हरेक क्रियाशीलताले सबैतिरबाट प्रशंसा पाइरहेको हुने । त्यस्तालाई राजनीतिकर्मी, मिडिया, उद्योगपति, व्यापारी लगायत सबैले आशाको नजरले हेर्ने नै भए । सामान्य नागरिकको त कुरै भएन ।

समय क्रममा केही प्रधानमन्त्रीको साथ छ । यसैबेला प्रभावशाली मध्ये एक मन्त्रीको दिनचर्या आफैंमा अनौठो लाग्छ । बिहान अरू बालुवाटारमा पुग्नुभन्दा पहिले नै प्रधानमन्त्रीकोमा हाजिर भैसक्दारहेछन् । सम्भवतः उठाउन नै पुग्ने । त्यहाँ १० बजेसम्म आउने सबैसँग भलाकुसारी गर्ने । यो सम्पर्क महत्त्वपूर्ण सम्पत्ति होला । उनलाई अघिल्लो दिन नै प्र.म.को दिनभरिको कार्यक्रम थाहा हुन्छ । सिंहदरबार पुगेको ५-७ मिनेटपछि नै उनी पुनः प्रधानमन्त्रीमा झुल्किन्छन् । प्र.म.को कार्यक्रमसँग तालमेल मिलाएर यताउता गर्ने होला । प्र.म. मिटिङ, उद्घाटन, शिलान्यास आदिमा लागेपछि आफ्ना मन्त्रालयतिर । वा अन्यत्र कतै । प्रायः बेलुका पनि बालुवाटार नै । उनको

यो नियमित क्रियाकलापको उद्देश्य के हुन सक्थ्यो ? शक्तिशाली मन्त्रालय सम्हाल्छन् । भेटघाट गर्नेहरूको घुइँचो छ । प्रभावशाली मन्त्री चौतर्फी रूपमा सर्वसाधारणको यसै पनि घेराउ हुने नै भयो । फर्स्याउने कुशलता पनि होला ।

उनी राष्ट्रको पक्षमा नै काम गर्थे, सबैको बुझाइ हो । तर उनको त्यो एकल सक्रियताको खाँचो राष्ट्रले महसुस गर्छ वा गर्दैन- त्यो आफ्नो ठाउँमा होला । उनले प्रधानमन्त्रीको प्रत्येक गतिविधिको जानकारी राख्नुपर्ने अवस्था आफैंमा कति प्रियकर हो, आवश्यक हो ? प्रधानमन्त्री घेराउमा भन्न पनि नमिल्ने होला । कसको लागि किन घेराउ । महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारीका उनी कुन प्रयोजनका लागि प्रधानमन्त्रीको वरिपरि नियमित ड्युटी गर्छन् ? के यो प्रधानमन्त्रीको चाहना हो ? यो प्रश्नको जवाफ कहाँ होला ? लाग्छ- पार्टीमा, प्रधानमन्त्रीकोमा, क्याबिनेटमा, यत्रतत्र सशक्त प्रभाव पार्न सक्ने व्यक्तिलाई वरिपरि घुमिरहनुपर्ने बाध्यता किन । अचम्म, उहाँको अर्को कार्यकालमा, त्यस्तै त्यस्तै भूमिका अर्को मन्त्रीको पनि । निकटहरूबाट सुनियो, प्रधानमन्त्रीको निषेध कहाँ थियो र । कदाचित्, यो स्वाभाविक र सर्वमान्य प्रक्रिया हो । यस्तै-यस्तै नसुल्झिएका सन्दर्भहरू ।

विवश परिवेश

२०४७ को परिवर्तन । कति हो कति सुखद् कल्पनाहरू । हो, प्रजातान्त्रिक सरकार, कार्यान्वयनको दिशामा । सबैको ध्यान त्यतैतिर । अब शक्ति केन्द्र सिंहदरबार । छोटो कालखण्ड, त्यसभित्रको सानो पात्र म पनि । प्रधानमन्त्री कार्यालयको सचिवको हैसियतमा दायाँबायाँ गर्छु ।

प्रधानमन्त्री आउँदा लिफ्टमा स्वागत गर्दै बस्ने कुर्सीहरू पुऱ्याउने नियमित कर्तव्यजस्तै छ । त्यसपछि केही फुट्कर कार्यहरू, प्रायः टाउको हल्लाए पुग्ने । त्यहाँ कति छन् अनुभव बाहिरका कुरा, कति सोचभन्दा बाहिरै । वरिपरि हेर्छु, कहाँ छन् त सरकारका अङ्गहरूलाई मार्गदर्शन गर्ने अग्रगतिका छलफल, चिन्तन तथा विचारहरू । उता सधैं हतारो । सधैं भेटघाट घेराउ । बालुवाटार होस् वा सिंहदरबार प्रायः उनै चेहरा । लाग्छ, यत्रतत्र सर्वत्र कुनै न कुनै रूपमा भइरहेको पद्धतिलाई खोट लगाउने, कोट्याउने, भत्काउने, बिगार्ने, आफ्नो अनुकूल बनाउने दिशामै उन्मुख हो कि कसो हो । न त सैद्धान्तिक धरातलको नजिक, न त व्यावहारिक । प्रायः टालटुले, भनसुन, तोक आदेशमा केन्द्रित माहोल । लाग्छ, त्यहाँ प्राथमिकतामा छन्, तत्काल व्यक्तिगत लाभका विषयहरू । घरीघरी चसक्क हुने मन ।

अब सहायता कोषको उपयोगसँग एकछिन । परिवर्तन पछिको मिलिजुली सरकार मध्येकै प्रधानमन्त्रीको कार्यकाल । जल्लाबल्दा मन्त्री ।

उनीसँगै गाँसिएको त्यो दिनको घटनाले कहिल्यै समाधान दिएन । तर्कहरू, त्यत्रो कठिन सङ्घर्षबाट आएको नेतृत्वबाट पनि यस्तो । कति थिति, कति बेथिति । कति चाँडै बिचलन । के यस्तै-यस्तै हो त । खै त कानूनी मान्यताहरू, नैतिक मूल्यहरू । शायद आदर्शका कुरा, भाषणका विषय मात्र हुन् । त्यहाँ व्यक्ति व्यक्तिमा जोडिएका छन्, जेल नेल त्याग तपस्याका कथाव्यथाहरू, अनगिन्ती कहानीहरू । कुनै बेला हुने गर्थे नेपाली मात्रको हितका प्रसङ्गहरू, समृद्धिका यात्राहरू । हो, कार्यान्वयन चरणमा त एकादेशको कथा जस्तै-जस्तै । उल्टै सर्वसाधारण जनता, देशी विदेशी दाताबाट सञ्चित सानो ढिकुटीसम्म पनि आ-आफ्नै प्रयोजनमा जस्तो । हो अस्पष्ट प्रयोजन । कदाचित्, निजी सम्पत्ति सरहको व्यवहार ।

प्रजातान्त्रिक सरकारको प्रारम्भिक कालतिरै यस्ता केही अनपेक्षित प्रसङ्गहरू । घरीघरी विचलित मन । यस्तो गैरजिम्मेवार कसरी बन्न मिल्ला । कति अनभिज्ञता, कति स्वार्थ, कति दरिद्र मानसिकताजस्ता अप्रिय शब्द पनि कसरी । त्यो हैसियत कहाँ । हुनसक्छ सेवाको भावना होस्, कतै कुनै कमी कमजोरी भए सच्याउँदै जानु पर्छ । समृद्धिको यात्रामा लाग्नुपर्छ । यस्तै यस्तै अभ्यासहरू भन्ने, सुनिने गरेकै छ । हो व्यावहारिक सत्य, त्यस्तै-त्यस्तै पनि हुन सक्ला ।

अनुमान गर्छु, धेरैको ध्यान प्रधानमन्त्री सहायता कोषको खातातिर । लाग्छ, कस्तो नीति, कस्तो नियति । सीमा कहाँ । एकदिन प्रधानमन्त्रीबाट आदेश हुन्छ, एकजना वरिष्ठ मन्त्रीलाई त्यो सहायताकोषबाट साठी लाख रकम दिने । उहाँकै नाममा चेक हुनुपर्ने । मेरो सामान्य व्यावहारिक प्रश्न हुन्छ, कारण के दिने होला । जवाफ छ 'च्छो रोल्पा' ताल संरक्षण देखाउनुहोस् न । सजिलो कुरा छ । अनपेक्षित आदेश । लाग्छ, कोष स्थापनाको लक्ष्यसँग कहाँ छ त तालमेल । दैवी विपत्ति परेकालाई उद्धार गर्ने प्रयोजन कहाँ । सर्वसाधारण दाताको संवेदनासँग जोडिएको रकम खर्च गर्ने यो कस्तो बहाना । शायद हामी सबै विवशताको परिवेशभित्रै छौं ।

अर्को प्रासङ्गिक पाटो । त्यो ताल संरक्षण गर्न विदेशी सहायताबाट

प्रोजेक्ट चल्दै । त्यसमा आबद्ध, मेरा पूर्वपरिचित मित्र पनि । त्यो सँगै प्रधानमन्त्री कार्यालयको सचिव भएको कारणले होला, म सामान्य सूचित जस्तै । त्यसैले छक्क पर्ने कुरा । व्यक्तिगत नाममा चेक, त्यो पनि वरिष्ठ मन्त्रीको नाममा । न त सङ्कटकाल, न त सरकारी पद्दतिबाट पठाउने कुरा । कहाँ छ र औचित्य । कहाँ छन् त नीति, नियम, विधि पद्धतिहरू । कहाँ छ त अडिटको प्रक्रिया । एक मनले भन्छ राज्यका सबै नीति नियम पालना गर्ने, गराउने तौर तरिका यस्तै यस्तै पो हो कि । त्यो बेला साठी लाख ठूलै रकम छ । खर्चको बिल भर्पाई पनि पेश गर्नु नपर्ने । शायद यिनै यस्तै कारण होलान्, अधिकारीहरूको आत्मबल गिराउने, आफ्नो अनुकूल बनाउने जस्ता बाध्यताहरू । निरन्तर कर्मचारीहरू यता र उता गर्दै कतै योजनाबद्ध ढङ्गको अभियान । हो न हो, अनुभवविहीन बनाउँदै, लाए अह्राएको कामसम्मको सरकारी संयन्त्र बनाउने चाहना होस् ।

त्यस्तै त्याग, तपस्या र बलिदानका प्रतिमूर्ति अर्को प्रधानमन्त्रीको कार्यकाल । संयोगले म त्यही छु । वहाँलाई पनि त्यस्तै वरिष्ठ पूर्वमन्त्रीलाई एक लाख दिनु छ । मागिहाल्यो, सानो रकम दिउन त भन्नेसम्म होला । व्यक्ति अर्के राजनीतिक धारको । शायद वचन राखिदिनुसम्म हो । राजनीतिको गहराई म बुझ्न कहाँ सक्छु र । लाए अह्राएको काम गर्ने जिम्मेवारी भित्रको न हुँ । यसै पुनर्वहालीवाला । मरिसकेको आत्मा । तैपनि सम्बन्धितको निवेदन र भर्पाईको आवश्यकता दर्शाउछु । जवाफ छ, म भनिदिन्छु । अर्को दिनको भनाइ छ । निवेदन नदिने, भर्पाई नगर्ने अरे । भै गयो, सल्लाहकार हस्ते दिनुहोस् न त । न त माग्नेको प्रयोजनै प्रष्ट छ, न त दिनेको । अनुमान गर्छु, यस्ता स-साना प्रसङ्गहरू पनि व्यापक परिवेशको बाहक बन्न सक्लान् । जे-जस्ता आँखाले हेरे पनि जिम्मेवार अधिकारीलाई सैद्धान्तिक धरातलमा मात्र हिँड्न कति गाह्रो हुँदो हो । सतही पाराले हेरेर मात्र पुग्ला र ! अब यस्ता कुरा यतिमै सधैंलाई बिसर्जन हुन । कुनै व्यक्ति विशेषलाई औल्याउनुभन्दा सैद्धान्तिक धरातलको समीक्षा गर्नु नै उत्तम विकल्प हो कि ! यो परिवेशको विवशताबाट मुक्ति कसरी ?

म पनि निजीकरणमा

युद्धस्तरमा सरकारी उद्योग, व्यवसायहरू बेचिँदै । कति कता गएँ, कता । कत्तिको त नाम निशानै पो हराएछ । सत्तापक्षको आधिकारिक भनाइ हुने गर्थ्यो, यो काम जनताले गर्ने हो । सरकारले होइन । सुन्दै प्यारो लाग्ने सन्देश । यसै प्रसङ्गमा मेरो एक दिन ।

अर्थमन्त्रीको कार्यकक्ष २०५६ । मन्त्रीको अध्यक्षतामा निजीकरणसम्बन्धी बैठक हुँदै । त्यसमा छन् अर्थ, उद्योगलगायत वरिष्ठ अनुभवी सचिवहरू, जिम्मेवार उच्च अधिकारीहरू । श्रमिकको हितको सन्दर्भमा, श्रम मन्त्रालय पनि गाँसिएको छ । म त्यसको प्रतिनिधित्व गर्दै । पालो छ, "चिया विकास निगम" हस्तान्तरणको ।

त्यो दिन, अन्तिम निर्णयमा पुग्दै । सुरूमै मन्त्रीजीको सूचना- "प्रस्तावकले काम नगर्ने भयो ।" सबै खिन्न, अन्योलमा । तह तहमा निर्णयका प्रक्रियाहरू पूरा गर्दै अन्तिम चरणमा पुऱ्याएको दिन, सारा प्रयास निष्फल भएको छ । सबैको भनाइ छ, कुनै शर्तमा विमति भए समयमै थाहा पाउनुपर्थ्यो । समय समयमा दुवै पक्ष बसेर छलफल गरेकै हो । अन्तिम चरणमा पुगेर यत्रो परिवर्तन आदि विभिन्न कोणबाट चर्चा हुँदै ।

यसैबेला खबर आउँछ, ठेकेदार आएको छ, मन्त्रीजीलाई भेट्न खोज्छ । उसको साथ, अब मन्त्रीजी एकान्ततिर । चित्त नबुझेका कुरा बैठकमा सबैका सामु राख्न सकिने अवसर अझै छ । किन हो, मन्त्रीजीलाई एकान्त नै प्रिय छ । शायद दुवै पक्षलाई । अन्तिम सम्झौता अझै बाँकी छ ।

विशेष केही सुन्नु छ, सुनाउनु छ । निष्कर्षको अन्तिम विन्दुमा पुग्नु छ ।

अचम्म ! मन्त्रीसँगको त्यो एकान्त तत्काल सफल हुन्छ । शायद संजीवनी जस्तै-जस्तै हो । एकान्तबाट प्रसन्न मुद्रामा बाहिरिँदै घोषणा गर्नुहुन्छ, अब काम हुने भयो । ठेकेदारले मञ्जुर गऱ्यो । अब स्वीकृत गरौं । कति ठूलो उपलब्धि । शायद हाम्रो निरीहता वा समर्पणको मूल्य पनि । यस्तो बैठक नै मेरो लागि पहिलो र अन्तिम भएछ ।

यदाकदा फर्केर हेर्छु, कुनै दिन यस्तो पनि । त्यो कति स्वाभाविक, कति औचित्यपूर्ण । मानौ हामी खेलका दर्शक मात्र हौ । किन त्यस्तो विवशता । त्यो बेला, त्यो एकान्त, लाग्छ- हामी भूमिकाविहीन भैसकेछौ । हाम्रा मूल्य मान्यता कहाँ । यो त हदैसम्मको बेइमानी होइन र ! हाम्रो अस्तित्व कहाँ । सन्देश के हो, प्रभाव प्रतिक्रिया कस्तो । सम्झन्छु- कर्मचारी अवकाशसम्बन्धी केही अघिका घटनाहरू, तेरो मेरोका प्रसङ्गहरू यस्तै यस्तै सहजताको लागि मात्र थिए त । जे भन्यो त्यो लुरूलुरू भैरहने आदेशमुखी राज्य सञ्चालन पद्धति नै सर्वोपरी थियो । किन सबै प्रबुद्धहरूको मौनता । शायद मौन सहमति नै विवादरहित छ, प्रिय छ । परम्परा नै बनिसकेको छ ।

त्यो बेला, मन्त्रीको एकान्तप्रियताको मर्म के हुन सक्ला । बैठक चालु छ । जिम्मेवारीपूर्ण अधिकारीहरू निर्णय प्रक्रियामा उपस्थित छन् । त्यो पनि चिया निगम जस्तो ठूलो कम्पनी लिन प्रस्ताव गर्ने ठेकेदारसँग । केही अघि मन्त्रीजी भन्नुहुन्छ, उसले नलिने भयो । विकल्प सोच्ने बेला आयो । एकछिनको एकान्तपछि भन्नुहुन्छ । लिने भयो, अब निर्णय गरौं । शायद समाधानको सूत्र उहाँसँग मात्रै छ । नहुनेलाई हुने पार्ने सामर्थ्य छ । त्यो पनि बैठकबाट होइन, एकान्तबाट । हो, जहाँ सत्ता, त्यही शक्ति पनि । बाँकी विधि पुऱ्याउन, शोभाका लागि मात्र छन् ।

लाग्छ, यो तौर तरिका, विधिबाट नेतृत्व अझ भनौं शक्तिको स्रोतप्रति विश्वास, आदरभाव कतिञ्जेल । कदाचित् निरीहता । सेवाभित्र विधि पद्धति, अनुशासनको मूल्य कता । शायद विचारहरू कतै बन्दा हुन् । थप छलफल विचार विमर्शको खाँचो नपर्ला । त्यो खण्डित जस्तै जस्तै भइसकेको छ ।

आदेश, निर्देशनको र पालना नै साध्य हुँदै । मान्यता बन्दै । संयोगले पुनर्वहालीवाला म । शायद प्रतिगामीको प्रतिनिधित्व गर्दैछु । हुनसक्छ यस्तो शंका उपशंकाले मलाई मात्र छोएको होस् । हो, त्यो कालखण्ड हाम्रो हैसियत भनेको मालिकको इँटा बोक्नेजस्तो । लाए-अह्राएको काम गर्नेसम्म हो । अहो, त्यो तहसम्मको खस्याक-खुसुक । बेला-कुबेलाको एकान्तको मर्म कसरी बुझ्ने ।

अघि अघि पनि यस्तै यस्तै हुँदो हो । पछि पनि हुँदा हुन् । मेरो पालामा चिया विकास मात्रै परेछ । समितिका सदस्यहरू अभ्यस्त नै होलान् । शायद मेरो लागि मात्र नयाँ छ । यदाकदा लाग्छ- निजीकरण स्वादिलो विषय रहेछ कि क्या हो । धेरै उद्योग, व्यवसायहरू यस्तै यस्तै गरी बिक्री भए होलान् । केही वर्ष अघि मात्र, हेर्दा हेर्दै गोरखकाली रबर उद्योग कता गएछ कता । धन्य निजीकरण । धन्य हाम्रा अभियन्ताहरू । स्वयं नेपालीहरूको आफ्नै स्रोतबाट त्यस्ता उद्योग कहिले सुरू होलान्, कहिले पूरा । कति राम्रा हाम्रा सपना । हो सपनाको सीमा कहाँ रहँला र ।

शायद, अर्थविहीन तर्क-वितर्कहरू । विदेशी भूमिमा वर्षौं कठोर तपस्या तथा बलिदानको प्रतिफल यस्तो कसरी हुन सक्ला । अग्रगतिको यात्रा छ, अठोट छ । तमाम सपनाहरू, वाचाहरू अर्थपूर्ण बनाइनु छ । एकान्तप्रियताको मूल्य अनायासै अवमूल्यन गर्न खोज्नु मूर्खता पनि होला । नहुने कामलाई छिनभरमै हुने पार्नु क्षमताको प्रदर्शन हुनसक्छ । हो धन्यवादको विषय । आशा गरौं, यो एकादेशको कहानी मात्र बनोस् ।

कतै केही तितो

राज्य सञ्चालनमा महिलाको भूमिका देखेको, सुनेको विषय छ । विश्वको इतिहास निर्माणमा भएका महत्त्वपूर्ण घटनाहरू, धेरथोर परिचितै छन् । अर्कै प्रसङ्ग- महिलाहरूको शक्तिबारे चाणक्यले कतै भनेका रहेछन् "सुन्दरीको अगाडि पुरूषको मान कहाँ रहन्छ र" । म बाग्लुङ जान लाग्दा एउटा उखान मेरो हाकिमले सुनाएका थिए- "तपाईलाई थाहा छ, बाग्लुङमा त काठको मानु ढुङ्गाको छानो, स्वास्नी नपाए बाग्लुङ्ग जानु भन्छन् नि" जोगिनु होला नि । तर म थोरै महिना बसेकोले यसको मर्म बुझिन । यस्तै डोटीको बारेमा उखान गर्दा रहेछन्- "आयो डोटी खायो रोटी जानेवेलामा धोती न टोपी" । शायद देवकी प्रथाबाट यो कुरा आयो वा अरू कुनै कारणबाट । किंवदन्ती धेरै थरीका होलान् । स्थानविशेषमा बाध्यताका विषय पनि । समयक्रममा यी सब रहेनन् । कदाचित् थप रमाइला, चिया गफगाफका हल्का सन्दर्भहरू ।

कार्यालयहरूमा के महिला के पुरूष सबैको सरोकार हुन्छ । सबै आउने जाने गर्दछन् । तर साना जिल्ला, जहाँ जहाँ भर्खर नयाँ सदरमुकामहरू बने, त्यति शहरीकरण भएको हुँदैन । त्यस्तोमा महिलासँग सामान्य र शिष्टाचार पनि अरूलाई खड्किने । सोचाइको सीमा आफ्नै किसिमको होला । पदाधिकारीहरूको खान-पान, रहन-सहन, बस-उठ, दिन-चर्या, व्यवहार-बोलचाल वा रवाफ आदि चर्चाको विषय हुने । पदकै कारणबाट पनि इर्ष्या, चियोचर्चा, कुरा काट्ने क्रम सुरू हुने । अझ भनौं,

पावर पद र सुविधाले छिद्रान्वेसी बढाउँछ । त्यसताक हाम्रा केही साथीहरू महिलाको कारणबाट निकै विवादित भए । म पनि त्यही बसेको नाताले अघिल्लो साथीसँगको घटना सम्झन्छु- स्थानीय नेताहरूको अगुवाइमा राष्ट्रिय पञ्चायतको अधिवेशनसम्म उजुरी गर्न सम्बन्धित महिलालाई नै पुऱ्याउँछन् । भनिन्थ्यो यसमा काजीहरूको नेतृत्व छ । कुनै कालखण्डमा उनीहरू राजकाजका हिस्सा मानिन्थे । सरूवा भएर हिँडेपछि पो यो कुरा जागेछ । यसै बेला आवश्यकता पऱ्यो वा कर्मचारीभित्र दीर्घकालसम्म आफ्नो भूमिका पुनःस्थापित गर्नु थियो, सवक सिकाउनु थियो । अन्ततः तह-तहको छानविनको निष्कर्ष छ- अधिकारी निर्दोष छन् । लाग्छ- परिवर्तित परिस्थितिमा यस्का मूल्य-मान्यताहरू फरक होलान् । आशा गरौं बदलाको भावले काम नगर्ला पनि । अर्को पक्ष, वरिपरिका हजारौं चनाखा आँखाका अगाडि अधिकारीको व्यवहार कतिन्जेल छोपिएला र ! हो, त्यो कालखण्डमा यसको मूल्य त कति हो कति । जिम्मेवारीमा बस्दा शायद यस्ता केही विषय मननीय प्रसङ्ग बन्न सक्लान् । आशा गरौं, यो सकारात्मक होस्, आक्षेप मुक्त पनि । हुनसक्छ, कतै केही तीतो पनि । अन्ततः हाम्रो मनै न हो । उत्तर कहाँ ।

पछिल्ला गोरेटाहरू

ज्येष्ठ नागरिकलाई हेर्ने, बुझ्ने अनेकौं पाटाहरू । कति राजमार्गमै हुँदा हुन्, कतिका गोरेटा नै हराएका हुन् । केही फरक प्रसङ्गबाट- किन हो, सेवा अवधि पछिको दोस्रो पाइला भनौं, प्रवेश गर्न लाग्दा चर्चित विचारक भनिएका "स्वेट मार्टिन" का केही सूत्रहरूले अनायासै ध्यान तान्छ । त्यहाँ भेटिन्छन् लक्ष नभूल, लुकेको शक्ति खोज, निराशा जित, आफूलाई चिन, आत्मविश्वास जगाऊ, समयको मूल्य चिन, निस्क्रिय नबस, सानातिना भूलको पनि उपेक्षा नगर, मिलनसार बन, इर्ष्यालु नबन, आफैंप्रति विश्वास गर जस्ता विचारहरू । हो त्यहाँ होलान्- कार्यक्षमता वृद्धि गर, आशावादी बन जस्ता सन्देशहरू । यसो घोत्लिन्छु नवीनता कहाँ छ त । उनी सफलताका आधार औंल्याउँछन् । आफैंलाई प्रश्न गर्छु, म कहाँ थिएँ, अब कहाँ छु त । शायद कति कुरा परिवार, समाज, स्कूल, कार्यथलोले सैद्धान्तीकरण गरेन । तैपनि ज्ञान, सीप, अनुशासनको वरिपरि नै त थियौ । आफ्नै पद्धतिमा थियौ । आत्म मूल्याङ्कनभित्रै थियौ । हुनसक्छ, कतै पदीय आग्रह, कतै अहङ्कारको प्रभाव होस् । हो, कतै स्वाभिमान बचाउनै गाह्रो त कतै सन्तुलन । ती दिन, यस्तै यस्तैमा डुबुल्की मार्दै, तर्दै त बिते । सबै दिनचर्या भित्रै त थिए । अवकाशपछि पनि पुराना अप्रिय कर्मले नपुरोस्, खुशीका सम्झनाहरू वरिपरि घुमिरहून्, मन प्रसन्न बनिरहोस् भन्ने सोच राखेकै हो । हुनसक्छ- कताकति केस्रा केस्रा छुट्याएर गहराईमा प्रवेश नहोस् । त्यहाँ होलान्- कति आफ्नै धून, आफ्नै विवशता पनि ।

अवकाश पछिका केही सन्दर्भ । २०२२ सेवा प्रवेश । विशेष उत्साहको वर्ष । २०५७ बिदाइ, उदासीनताका किरणहरू यत्रतत्र । छोप्ने गाह्रो । शायद अनिश्चित भविष्यको डर । अधिकांश मूल्यवान् समय त्यही बितेको छ । हो, केही वर्ष निस्प्रयोजन, निरर्थक पनि । अब सबै इतिहास भइसके ।

लाग्छ कतिलाई यिनै, यस्तै केही कुराले चाहेर, नचाहेर पनि मठ, मन्दिर, प्रवचन धाउने थप बाध्यता होला । कतिको छोरा-छोरी भेट्न विदेश यात्राको क्रम बढ्ला । कतिको चाहिँदा नचाहिँदा जमघट, अनावश्यक कुराकानी, चियोचर्चा आदि समय काट्ने माध्यम बन्लान् । प्रियजनको जिम्मेवारी पनि मृत्यु पर्यन्त टाँसिएझैँ होला । हुनसक्छ, बाँकी यात्रा अर्थपूर्ण बनाउने बाटो पहिल्याउन निकै धैर्य र सङ्घर्षको खाँचो परोस् । सबैमा त्यो कहाँ । अनुकूल कर्मक्षेत्र नबन्दासम्म हुन सक्लान् वर्ष, महिना, हप्ता गन्दै निराशा भरिएका उदासी दिनहरू । हुनसक्छ, दशककै हिसाब होस् । हो, यो तमाम परिवेश भित्र म पनि । बीच बीचमा केही राहतका विषय आए, गए । कति आउँदै होलान् । आत्म-सम्मानको बोझ सजिलो कहाँ । हार्दिक मुस्कानको मूल्य कसरी आँकलन होला । लाग्छ, शायद यो मनको वह, एउटा सकारात्मक भावभन्दा बढी नहोस् । सल्लाह, विज्ञताजस्तो दुःस्साहस पनि नबनोस् ।

भव-संसारका हामी । कति सुन्दर कल्पनाहरू । हेर्दा-हेर्दै, गर्दा-गर्दै ऊर्जाशील समय बितेछ । अब त उपयोगिता नै कति, शक्ति नै कहाँ । अब एकछिन फर्केर ती पुराना दिन हेरौं त- त्यो बेला, सक्रिय जीवनको केन्द्रमा छ, आफ्नो र परिवारको सहज व्यवस्थापन । यसै भित्र त छन् तमाम सपना, उद्देश्य, विविध खेल-तमासा तथा रङ्गहरू । कुनै न कुनै रूपमा अर्थपूर्ण बनाउने प्रयासहरू । हो जेनतेन कति पूरा भए होलान्, कति बाटा-बाटै हराए । अझै कति बीच-बीचमै । समयको प्रतीक्षामा । तृष्णा कति हो कति । अझै अपूर्ण, अझै सञ्चयको चाहना । शायद जीवनको सार नै त्यही छ ।

पछिल्ला दिनहरू, प्रायः पशुपतिनाथ मन्दिर, एयरपोर्टछेउ शिवपुरी बाबाको आश्रमसम्मको यात्रा । बाटा-बाटामै कति साथीभाइ, इष्टमित्रहरूको

भेट । कतै टाढैबाट हात हल्लाउने मौका । कतै छोटो भलाकुसारी । कतै केहीबेरको साथ । अब त यो पनि एकादेशको कथाजस्तै हुन खोज्दैछ । नियमित गर्ने सामर्थ्य नै कहाँ ।

ती बिहानी, त्यहाँ भेटिन्छन्, पुच्छर हल्लाउँदै केहीबेर पछिपछि लाग्ने सडकका कुकुरहरू । कतै तरकारी-तरकारी भन्दै साइकलवालाहरू त कतै ठेलाबालाहरू । मीठा स्वरमा कतै, मकै आयो- मकै, भन्दै घर-घर घुम्ने डोकोवालीहरू । बोतल कागज खोज्नेहरू, सकाइलमा फलफूल तरकारी घुमाउनेहरू । यदाकदा खर्पनवालाहरू । केही पर छन्- चारो खाँदै पोलमा खुट्टा बाधिएका भाले-पोथी कुखुराहरू । कतै सटर खोल्दै त कतै सफा गर्दै । कतै छन्, छिटो-छिटो हिँड्दै स्कूल, कलेजका विद्यार्थीहरू, बिहानी घुम्नेहरू, मठ मन्दिर धाउनेहरू । यस्तै यस्तै विविधताभित्रका बिहानीहरू ।

पशुपतितिरका पाइलाहरू, लाग्छ के छैन त्यहाँ । शायद जीवनको सबै सत्य नै त्यहीँ छ । चारैतिर भक्तजनहरू, पुजारीहरू, भजन-कीर्तनहरू । देश विदेशका अतिथि भक्तजन तथा पर्यटकहरू । त्यही त छन्, यत्रतत्र छरिएका मन्दिरहरू, पुजा-पद्धतिहरू, योग-ध्यानहरू, भविष्य द्रष्टाहरू । त्यस्तै विविध धार्मिक गतिविधिहरू, मेला-पर्वहरू, शिविरहरू । श्रावण महिनामा हुने भक्तजनको उपस्थितिलाई कुन शब्दले समेटौ । त्यसमा कति विशेष महत्त्वका सोमबारहरू । जनैपूर्णिमा, हरितालिका तीज, दशैँ, तिहार, माघे-सङ्क्रान्तिजस्ता सधैँ घुइचो हुने पर्वहरू ।

हो, त्यही त छ, जीवनको अन्तिम विसर्जनको थलो, आर्यघाट । आफन्तहरू, श्रद्धालुहरू, समवेदना दिनेहरू, भद्र-भलाद्मीहरूको जमघट । लासहरू कति जल्दै, त कति लाइनमा । वरिपरि छरिएका चिन्ता, खिन्नताहरू । दृश्य-अदृश्य पीडाहरू, विलाप-रोदन-क्रन्दनहरू । शायद जीवनको अन्तिम मर्म र अर्थको साक्षी बन्दै ।

कता कता मनले भन्छ, किन यत्रो जमघट, किन यस्तो तयारी, किन फूलमाला आदि । हो, एउटै परम्परामा हुर्किएका हामी, नयाँपन कहाँ छ र । म स्वयं कति टाढा । नजाने घुमिफिरी कुनै दिन कसको पालो ।

जीवनका अनगिन्ती कथा, व्यथाहरू । जति पाको हुँदै, उति डर थपिँदै । दैनिक सङ्घर्षमै व्यस्त परिवारका सदस्यहरू । विरामीको पर्याप्त रेखदेख गर्न समय नै कति । अर्कोतिर सामान्य रूघाखोकीमा पनि आफन्त-शुभचिन्तकहरूको थप भेटघाट, चासो-चिन्ता । मानौँ, सद्भावना नै औषधि हो । त्यहाँ भेटिनेछन् मृत्युलाई जित्नेसम्मका सल्लाह, सुझावहरू । हो, निष्कर्ष निकाल्नै कति सजिलो, कति अप्ठेरो ।

जति कोट्यायो उति बढ्ने । यस्ता हजारौँ कथा-व्यथा बिर्सदै यात्रा गर्ने बाध्यताका हामी । यसै पातालो निद्रा, छिनछिनमा उठ्ने बाध्यता । कति हो कति, चक चकाउने मन, निरन्तर उनै र उस्तै पुराना कुरा । अन्ततः दिन गन्तीको हिसाब । फेरि दोहोरिन्छ, अब कति दिन बाँचुला । प्रतिदिन आत्मबल खस्कँदै । जतातै सतर्कताको खाँचो ।

लाग्छ, यस्तो परिवेशमा सन्तोष कहाँ । कसैलाई दुःख नदिई, हल्ला नगर्दै अन्तिम विसर्जन कति राम्रो हुँदो हो । आखिर गर्ने गराउने अरू नै । हाम्रो हातमा के रहेछ र । यो सबै नाटक मात्रै । योगी ध्यानीले भन्ने यस्तै त होला । हामी त केही दिनको यात्री, त्यो पनि निमित्त मात्र न हो । यस्तै भाँती-भाँतीका तर्क-वितर्क बोक्दै समय बिताउने माध्यम बन्दो, पशुपतिको सेरोफेरो । कतिका आफ्नै मनमा गढेका सुषुप्त कति भावहरू यसै बेला खेल्दा हुन् । हाम्रा प्राचीन कृतिहरू, गीता-पुराणहरूको विचार पनि यस्तै-यस्तै त हुँदो हो । यो बेला जीवनको सार बिउँझाउन खोज्ने केही मूल्यवान् अंशतिर ।

गीताबाट -

"वासांसि जीर्णानि यथा विहाय, नवानि गृह्नाति नरोऽपराणि ।।
तथा शरीराणि विहाय, जीर्णन्यन्याति संयाति नवानि देही ।।... (२।२२)

काल महिमाबाट -

भाका भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्द्रै विन्ति गरून् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।...
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो... टारेर टर्दैन त्यो ।...

हो आर्यघाट, प्रायः सबैको मन विचलित गर्ने थलो । सँगसँगै उता अर्को पाटो हेरौं त कति रमाइलो । काठमाडौं वरिपरि मात्रै पनि जीवन कति सरस छ, कति अर्थपूर्ण छ । कति सजिलै त्यहाँ भेटिन्छन् जीवनका मूल्यहरू, मान्यताहरू, स्वादहरू । जता हेऱ्यो, उतै पुगौं पुगौं जस्तो । चन्द्रागिरिले उतै मन लोभ्याउँछ । गोदावरीको मोह कहाँ कम छ र । शिवपुरी डाँडाको आकर्षण त कल्पनाभन्दा बाहिरै होला । जतापनि नयाँपन । यत्रतत्र छिनछिनमा, एकपछि एक आकर्षणहरू ।

ती जागिरे दिन, तराई-पहाड धेरै जिल्ला घुमियो । त्यो प्रकृति, त्यो जनजीवन, त्यो परिवेश कसरी बिर्सने । अझै झझल्को । आफ्नै विशेषता बोकेको पोखरा, लुम्बिनीजस्ता पर्यटकीय क्षेत्रको भ्रमण, बन्जी जम्पिङ्गको अलग्गै स्वाद । सौराहा निकुञ्ज र मेघौलीको होमस्टेको रस अन्यत्र सहज कहाँ । थारूहरूका संस्कृतिका विविध पक्ष कति रमाइला कति । तैपनि मलाई त पाथीभराको आकर्षणले कहिल्यै छोडेन । चारपटक त भैसकेछ । अझै थपौं-थपौं जस्तो । हो प्रकृतिको सुन्दरता भुल्नै गाह्रो । विदेशी भूमिमा कुनै समयका पर्यटक यात्राभन्दा त कति माथि कति । लाग्छ त्यो त भौतिक समृद्धिको भोग मात्रै न हो । शायद स्थगित मन केही समय भुलाउने विविध मनोरञ्जनले भरिएको थलो । आत्माको आवाज कहाँ, जीवनको सार कहाँ ।

त्यस्तै यो बेला पञ्चतन्त्रको तृतीय तन्त्रको यो श्लोकको मर्म पनि जोड्न मन लाग्छः-

गात्रं सङ्कुचितं गतिविगलिता दन्ताश्च नाशङ्गताः
दृष्टिभ्राम्यति रूपमप्युपहतं वक्त्रञ्च लालायते ।
वाक्यं नैव करोति बान्धवजनः पत्नी न शुश्रूषते
धिक्कष्टं जरयाभिभूतपुरूषं पुत्रोऽप्यवज्ञायते ॥१८६॥

०६७ तिलकप्रसाद लुइँटेलले पञ्चतन्त्रको अनुवाद गर्नुभएको रहेछ । त्यसमा यो श्लोकबारे यस्तो छ : बुढो हुनेबित्तिकै मानिसको शरीर पनि खुम्चिने गर्दछ । हिँडाइको चाल पनि ढिलो र कमजोर हुन थाल्दछ । रूप नष्ट हुन्छ । मुखबाट ऱ्याल खस्न थाल्दछ । आफन्तहरूले उसको भनाइ

मान्न छोड्छन् । स्त्रीहरू सेवा गर्नबाट पन्छिन लाग्दछन् । कति दुःखको कुरो छ कि मानिस बुढो हुनेबित्तिकै उसका साख्खै छोराले पनि उसले भनेको मान्दैनन् । कुरैपिच्छे उसलाई हेप्न र होच्याउन थाल्दछन्, त्यसैले बुढेसकाल लाग्नु भनेको मानिसका जीवनमा सबैभन्दा दुःखका र धिक्कारका दिनको थालनी हुनु हो ।

अहो, सयौँ वर्ष अघि विष्णुगुप्त चाणक्यको समयमा त यस्तो पो ! लाग्छ, लामो अन्तरालपछि तुलना गर्दा पनि हाम्रो परिवार, हाम्रो समाज, त्योभन्दा त परिकृष्त, शिष्ट नै छ कि कसो !

तैपनि बुढेसकालको व्यावहारिक सत्य त्यस्तै-त्यस्तै न हो । कति व्यक्त, कति अव्यक्त । मात्रा फरक होला । हो, कदाचित् आदर्शवादी बन्न खोजे पनि स्वयं हामी पञ्चतन्त्रकै यो अर्को अंशभन्दा कति टाढा हौला र !

जीर्यन्ते जीर्यतः केशा दन्ता जीर्यन्ति जीर्यतः ।

चक्षुः श्रोत्रे च जीर्येते, तृष्णैका तरूणायते ॥१६॥

"बूढो भएपछि मानिसको कपाल फुल्छ, दाँत खुस्कन थाल्छन्, आँखा र कान पनि कमजोर हुन लाग्दछन् तर तृष्णा र लोभलालच भने सधैँ आकर्षक युवतीजस्तै बनेका हुँदा रहेछन् । सबै इन्द्रियहरू नै शिथिल भइसकेपछि पनि मानिसको तृष्णा वा रहर कहिल्यै कम हुँदो रहेनछ ।" (साभार)

यस्तै-यस्तै परिबन्ध भित्र हुनसक्लान्, कतिका लागि पछिल्लो केन्द्र बन्दै आश्रमहरू, स्वदेश, विदेशका चक्करहरू, नर्सिङ होमहरू । धन्य बुढौती ।

परदेशमा बरालिँदा

अब त झन् छिटो छिटो परिवर्तन हुँदो समाज । व्यस्त दिनचर्या । विज्ञान र प्रविधिको जमाना । व्यक्ति केन्द्रित हुँदै गएको माहोल । हो, त्यहाँ कतै होलान्, कति स्वाभिमानका पिरलोहरू । कतै ढाक-छोपका बाध्यताहरू, इच्छाहरू । यस्तै यस्तै त होलान्, ढिलो-चाँडो, धेर-थोर भोग्नुपर्ने व्यावहारिक सत्यहरू । सम्बन्ध सम्पर्कभित्रका परिस्थिति हेर्दा, सुन्दा निरन्तर विचलित हुँदो मन । स्वास्थ्य प्रतिदिन अधोगतितिर ।

यसैबेला उता परदेशतिरका ती दिन सम्झन्छु । कुन परिवेशमा छोरा सुदिप अमेरिका छिरेको थियो । अहो, सन्तानको मोह कति मर्मस्पर्शी । आमाको दर्द, कैयौँ दिन भोक न तिर्खा । गहभरि आँशु । घरीघरी बडबडाउने रातहरू । चित्त बुझाउने एक मात्र आधार छ, चाँडै छोरा डाक्टर बनेर आउने छ । ठूलो मान्छे बन्नेछ । हो, कहिल्यै बाहिर नगएको पुग नपुग अठार वर्षको एउटा छोरा । कहाँ हो कहाँ, बिरानो मुलुक । धैर्य गर्न पनि सहज कहाँ छ र । न कुनै सम्बन्ध, न सम्पर्क, न कही कतै साथीभाइ, नत जानपहिचानका कोही । भर्खर-भर्खर उच्च शिक्षा लिन विदेश जानेहरूको क्रम बढ्दै गएको बेला ।

त्यो बेला, प्रारम्भिक चरणमै छ, काठमाडौँ युनिभर्सिटि । कठिन परिस्थितिमा वामे सर्दै । तत्कालीन भ्याली क्याम्पस त्यसैमा रूपान्तरित हुँदै । यसै बेला छोरा सुदिप इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स विषयमा के.यू.को दोस्रो

सेमेस्टरको विद्यार्थी । भ्याली क्याम्पसको पुरानो विद्यार्थीको नाता जोडिएको छ । छोरा विदेश जाने प्रसङ्गले थप सम्पर्कमा पुगेको छु । त्यहाँ अनुभव हुन्छ, उपकुलपति डा. सुरेशराज शर्मा, संस्थालाई फलाउन फुलाउन अनवरत सङ्घर्षमा । त्यहाँ छन्, चाँडै देश विदेश सबैको सद्भाव र सहयोग जुटाउने अपेक्षाहरू, दौडधूपहरू । डिन सीताराम अधिकारी, रजिष्ट्रार डा. भद्रमान तुलाधारजस्ता उच्च अधिकारीको साथ र सहयोग । उच्च मनोबलका साथ टिम सक्रिय छ । यस्तै क्रममा अमेरिकाको ओहायो युनिभर्सिटीले निःशुल्क दुई सिट प्रदान गरेछ । अब विद्यार्थीको ध्यान त्यतातिर पनि । त्यो कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारीमा रजिष्ट्रार तुलाधर । विसर्जन गर्नुपर्ने भ्याली क्याम्पस कमलपोखरीमा छ । त्यसको प्रमुख जिम्मेवारी पनि तुलाधरमा नै । यता केयूको रजिष्ट्रारको हैसियतको बोझ । त्यहाँ छन्, गोष्ठी, सेमिनार, मिटिङ्ग आदि दैनिकीहरू । स्थिर भएर सोच्ने, काम गर्ने समय कहाँ । कहिले कहाँ, कहिले कहाँ, व्यस्त दिनचर्या । बाटाबाटै सल्टाउँदै हिँड्नुपर्ने अनेकौ झमेलाहरू । एक मात्र सहयोगी भनेको पुरानो मोटरसाइकल । त्यसको पछाडि कार्टुन बाँधिएको छ । त्यसभित्र छन्, आवश्यक कागजात तथा फाइलहरू । मानौं, चल्दो-फिर्दो अफिस । अमेरिकाको दुई सिट पनि त्यसैमा । चेक गर्दा त ल्याप्स पो भइसकेछन् । पत्र हेर्ने मौका नै कहाँ ।

अब नयाँ समस्या । कहाँ छ त समाधानको बाटो । अन्ततः ओहायो युनिभर्सिटीका प्राध्यापक डा. जनार्दन सुवेदीको सत्प्रयासबाट ती पुनर्जीवित हुन्छन् । यसै क्रममा छानिने दुई विद्यार्थीमध्ये सुदिप पनि । सुरूको प्रस्थान मेडिकल लाइनमा थियो । समापन त कम्प्युटरको दुनियाँभित्र पो परेछ । त्यो बेला बुझ्नै नसकिने नयाँ क्षेत्र । विदेशको परिवेश, हामो चाहनाले कति काम गर्थ्यो र ! अब त नाति, नातिनीहरू पनि । कति छ र हाम्रो हातमा । शायद मूकदर्शक ।

अब गुन्यू चोलोको प्रसङ्ग- कान्छी नातिनी शिवाको पालो । केही वर्षअघि जेठी इभाको काठमाडौंमा नै भएको थियो । यो पटक कोरोनाकाल, यातायात आदि कारणले पनि त्यो सम्भव भएन । हजुरआमाको मन न हो ।

अन्ततः अमेरिका जाने विवशता छ । दिन प्रतिदिन नजिकिँदै छन्, उड्ने दिनहरू । लाग्छ, प्रतीक्षा गर्ने अभाव खड्किनेहरूलाई जानकारी गराऊ । यसो नाम टिप्न खोज्छु । टिप्नै पो गाह्रो । झण्डै झण्डै निराशा । शायद आफैँ उपयोगितावीहीन हुँदै । धन्य आफन्तजन । धन्य समाज । कतै पलायतवादी बनेको त होइन । उपयोगिता सिद्ध गर्ने जिम्मेवारी आफ्नै न हो । तटस्थ द्रष्टाको जीवन के जीवन । कति थियो त सक्रियता । यस्तै-यस्तै अनेकौ तर्कहरू । शायद उमेरको करामत । यस्तै-यस्तै कति आशा, कति निराशा । हाम्रो यात्रा त बीच-बीचमै रहेछ । यसै बेला टोलको साइरन ग्रुपको सान्दर्भिकता सम्झना हुन्छ । हामी कुन परिवेशमा त्यसमा बाँधिएका थियौ । हातेमालो गरेका थियौँ । अर्थपूर्ण बनाउन कोशिश गरेका थियौ । त्यो त क्रमशः नजिक-टाढा, देश-विदेश जहाँ भए पनि मित्रहरूसँगको सम्बन्ध, सम्पर्क तथा अटूट न्यायोपन जोड्ने स्मरणीय आधारको पो बनेछ । धन्य सहयात्री आदरणीयजन ।

गुन्यू-चोलोको संस्कृति, सुगठित तथा विस्तारित हुँदै । बराबर यता भयो, उता हुँदैछ जस्ता चर्चाहरू, व्यवहारहरू, दौडधूपहरू । प्रायः अठार वर्षपछि कलेजको यात्रा सुरू गर्ने सन्ततिहरू । खुल्ला, व्यक्ति प्रधान समाज । हो न हो, त्यसपछिका जीवनका पाटाहरूको के ठेगाना । हुनसक्छ, यो पनि अभिभावकको अनिश्चित भूमिकाको सुषुप्त कारण बनोस् । केही भए पनि समयमै दायित्व निर्वाह होस् । सन्तोष थपियोस् । गुन्यू चोलाको साइत अक्टोबर ९, २०२१ । केही दिन स-सानो उत्सव जस्तै । त्यहाँ छन् देवी देवताको पूजा । गुन्यूचोला लगाई दिने कुराहरू । मेहन्दी, गोडा धोएर पानी खानेजस्ता परम्परागत विषयहरू । आफन्तका बधाइ तथा शुभकामनाहरू । यसै क्रममा हाम्रो यात्राको उद्देश्य पनि पूरा जस्तै । अब त यस वर्षको दशैं, तिहार, छठ, हलोबिङ्ग थ्याङ्कस गिभिङ्-डे, क्रिसमस, नयाँ वर्षलगायत चाडपर्वहरूको बहाना पनि सकिँदै । पुनः 'ओमिक्रोन' कोरोना । हो, स्वदेश फर्कन ढिला गर्ने वहाना ।

एकछिन विदेशमा अल्मलिँदाको दिनचर्यासँग । यसो हेर्छु, नत कतै फोहोर मैला, न त गाडीको हर्न । न त कतै चराचुरूङ्गीको चिँचिँ, चिँचिँ ।

न त टाइसुटमा कोही । भिडभाड हेर्न मलहरू नै चाहार्नुपर्ला । कदाचित् एक किसिमको नरम, शान्त शैली । शायद, शिष्टता । समय बिताउन छेउछाउमा त्यति दर्शनीय स्थल कहाँ छन् र । त्यहाँ भेटिन्छन्, यत्रतत्र तला-तलाका चारै दिशातिर मुख फर्केका ओभरहेड ब्रिजहरू, आकर्षक चौडा सडक सञ्जालहरू । शायद टेक्सास राज्य, देशको महत्त्वपूर्ण व्यवसायहरूको केन्द्र बन्दैछ । हाम्रो दिन बिताउने सहज विकल्प भनेको यस्तै केन्द्रको फेरो लगाउने जस्तै जस्तै छ । हो, जाडोमा मलहरू घुम्न त न्यानो पनि । एक मात्र खाँचो छ- कोरोनाको सतर्कता । त्यसमा पनि ओमिक्रोनको तेस्रो लहरको चर्चाले व्यापकता लिँदै छ ।

हो क्रमशः दिन बिताउन गाह्रो पर्दै । आफन्तहरू, इष्टमित्रहरू ठाउँ ठाउँमा छरिएका छन् । लाग्छ, आफ्ना सबै यतै पो हो कि जस्तो ! आउन आग्रह गर्छन् । तर जाने जाँगर कहाँ । लाग्छ, आफन्तहरूलाई कति दुःख दिने । मोबाइलको सम्पर्क नै पर्याप्त हुँदो । यसो पछाडि फर्कन्छु । २०२८ सालदेखि अहिलेसम्म अमेरिका भ्रमण त कैयौं पटक भएछ । अब त जता हेऱ्यो, उस्तै-उस्तै, पुरानै जस्तो । हो, जहाँ गए पनि सबैको दिनचर्या उस्तै उस्तै न हो । सबै व्यस्त, सामान्य शिष्टाचारसम्म बोझिलो हुँदो ।

अमेरिकी जीवन, आफैंतिर हेऱ्यो, हाम्रो अनुभवको प्रकृति नै कति फरक हो कति, तालमेल मिलाउनै गाह्रो । हामी आफ्नै दुनियाँमा, आफ्नै भूमिकामा रमाउँदा रहेछौं । शायद परपीडक विषय । दुःख भए पनि जन्मथलो नै सहज हो कि जस्तो । आफ्नै बनोटले अरू पिरोल्ने । सपनाहरू अझै छुटेका कहाँ छन् र ! यसको अर्को पाटो, एकछिन आफैंतिर हेरौं त । हाम्रो चिन्तन, बानी-व्यहोरा, आधुनिक दिशातिर उन्मुख सन्तानको स्वतन्त्रता भनौं वा उन्मुक्त आत्मनिर्भर जीवनशैलीप्रति कति सहयोगी बन्दो हो । कतिलाई स्वदेशमै राम्रो शिक्षा, रोजगारी, व्यवसायले पनि आकर्षण दिन सकेन होला । हो, प्रायः सन्तति, अभिभावककै दूरीमा रमाउँछन् भनी मन बुझाउन कति गाह्रो । बचाउनै नसकिने विषय । संयुक्त परिवार त कता-कता । छिमेकी टोल-समाज पनि अब कहाँ छ र । परम्परा, धर्म संस्कृति,

संस्कार सम्बन्धहरू कमजोर बन्दै । कति स्थानीय परिवेशको असर । कति सहजताको खोजीतिर ।

सन्ततिको दिनचर्या हेर्छु, मानसिकता खोतल्छु । लाग्छ, हाम्रा सन्तति यतै कतै चिरस्थायी हुने पो हो कि । हो, कतै विलयनकै दिशातिर । यो उमेरमा सल्लाह दिने हैसियत नै कति । अब त कति आशा, कति निराशा । काम चलाउसम्मको निष्क्रिय जीवन । कहाँ छ त विकल्प । एक किसिमले खुला जेलको बन्दी जस्तै जस्तै न हो । विदेश भूमि । न त आफन्तको पिरोलो । न त समाजको आँखा । हाइस्कूलपछि प्रायः सन्तान बाहिर-बाहिरै । फाट्टफुट्ट सम्बन्ध, सम्पर्कहरू । शायद, एक किसिमको औपचारिकतातिर लम्कँदै । हो, सधैंको, सबैको व्यस्त दिनचर्या । उता अभिभावकहरू आफ्नो क्षमता, रूचिअनुसार कतै न कतै सक्रिय हुँदै जालान् । समय बिताउने बाध्यता पनि । त्यहाँ सामान्य जीवन निर्वाह गाह्रो छैन । अब काम नगरौं भन्दा पनि सामाजिक सुरक्षा र बीमाहरूको राम्रो भरथेक । अतिरिक्त आम्दानी भए थप गतिविधिलाई बल पुग्दो हो ।

हो, कलिलै उमेरमा उच्च शिक्षाको संकल्प बोकेर छिरेका युवाहरू उतै कतै हराउने परिवेशबाट कसरी मुक्त होलान् र । जीवन निर्वाहका सुरूका दिनदेखि मृत्युपर्यन्तका विधि-पद्धतिहरूले सहजै आकृष्ट गर्दा हुन् । एक्लो स्वतन्त्र, हस्तक्षेपमुक्त जीवन नै प्राथमिकतामा पर्दै जाला । हुनसक्छ, भोगेको परम्परा, संस्कृति, समाजका बन्धनभन्दा धेरै टाढा, अलग्गै चिन्तन भरिँदै जाओस् । सहजता थपिएको होस् । योग्यता वृद्धिसँगै कामका नयाँ-नयाँ अवसरहरू । क्रमशः ग्रिनकार्डको प्रतीक्षाका दिनहरू । त्यो प्राप्तिपछि त हो न हो, उच्च लक्ष्यतिरको पहिलो सिँढी । अब त बैङ्कले पनि पत्याउने । अलेली वचतसँगै घर, गाडी आदि । यो सबै एक सुन्दर पक्ष होला । वरिपरिको माहौलले पनि वल देला । अन्ततः शरीर अक्षम हुँदै जाने दिन आउँलान् । दैनिक गुजाराको मुख्य विकल्प भनेको नर्सिङ्ग होमको सेवा नै रहला । यत्रतत्र आकर्षक सुविधाहरू । लाग्छ, एक युवाको शिक्षाको संकल्प यस्तै-यस्तै गरी अगाडि बढोस् ।

यता पछिल्लो जीवनको लागि सन्तानमाथि आश्रयको अपेक्षा राख्ने कति ज्येष्ठ नागरिकलाई यस्ता बाध्यता स्वीकार्न कहाँ सहज होला र । घरीघरी पिर्ने, सन्तान मोह, एक पछि एक पुराना सुख दुःखका क्षणहरू, सङ्घर्षहरू त्यसमा पनि आमाको कमलो मन, धैर्य गर्न कति गाह्रो पर्दो हो । अन्ततः निरासा भरिएका दिनहरू, क्षणहरू । शायद अन्तिम सत्यको अपेक्षा गर्दो हो ।

पाइला पाइलामा परनिर्भरता कति हो कति । लाग्छ, सार्वजनिक यातायात भए पनि कति सहज हुँदो हो । त्यो भेट्न केही परै जानुपर्ने । हुन त जानैपर्ने बाध्यता नै कहाँ, रूचि नै कति । ठाउँ पनि त छैन । बिरानो ठाउँ, उमेर, कुरा, मन मिल्ने साथीभाइ पनि कहाँ । आवत-जावत, सम्बन्ध सम्पर्क कतिञ्जेल । शायद, उपयोगितावीहीन । फोस्रा गफ । पटक-पटक पुऱ्याउन, ल्याउन परिवारका सदस्यलाई पनि कति सहज होला र ।

लाग्छ, त्यहाँको व्यस्त दिनचर्या त कमाउने, बच्चा हुर्काउने, पढाउने, केही वचत गर्दै जाने, घर गाडी जोड्ने, किस्ता तिर्नेजस्तो प्राथमिकताभित्र चल्दो छ । सकिनसकी, बिहान बेलुका, बिदाको समय पनि बच्चालाई दिनैपर्ने । हो, यदाकदा उत्सव-पर्वहरू, विशेष आयोजित भेटघाटहरू, साथीभाइ जमघटका थलो बन्न सक्लान् ।

बसोबासको वरिपरि भने निकै लोभलाग्दो छ । तर कमजोर आत्मबल । लाग्छ, कतै उतै सधैंलाई समापन नहोस् । ठूलो लेक, वरिपरि जङ्गल, त्यो नै समय व्यवस्थापनको केन्द्र बनेको छ । जति बेला पनि जान मन हुने । जति घुमे पनि नसकिने । अहो, लेकको छेउमा कताकति पाइने स-साना नाउहरू, रेस्टुरेन्टहरू पर्यटकका लागि कति प्रिय बनेका । सधैं चहलपहल ।

जङ्गलभित्र बनेको, विशेष महत्त्वको ट्रेल रोड छ । त्यहाँ भेटिन्छन्, साहसिला साइकल यात्रीहरू । बिहानदेखि नै दौडिदै । व्यस्त बाटो । फाट्टफुट्ट भेटिने हामीजस्तालाई त जोगिनै गाह्रो । तर अचम्म त्यहाँ भेटिन्छन् गोराहरू मात्र । कताकति भेटिने पैदल यात्रुहरूसँग प्रायः कुकुरहरू ।

नजिकमा छ बच्चाहरूको खेल्ने पार्क, डेक पनि । जहाँबाट लेक र जङ्गलको रस लिन सकिन्छ । वरिपरि एशियनहरूको बाक्लो बसोबास । उपस्थिति भने यदाकदा, फाट्टफुट्ट । लाग्छ, कमाउने, सन्तान हुर्काउने, उचित शिक्षा दिने, वचत गर्नेजस्ता क्षेत्रमा नै केन्द्रित होलान् । शायद स्वास्थ्य, मनोरञ्जनजस्ता कुरालाई समय कहाँ, प्राथमिकता कसरी । हो, कोरानोकालमा त बढी नै जोड छ- 'वर्क फ्रम होम' को । कम्प्युटरले सुत्ने बेला भयो भन्दैन क्यार । जीवन निरन्तर सङ्घर्षमा ।

जङ्गल घुम्दा यदाकदा स-साना परिवेशले मन छुन्छ । ती छन्-बाटोमा भेटिँदा सुनिने केही शिष्टाचारका शब्दहरू । गुड मोर्निङ्ग, हाउ आर यू जो कोहीले भन्छ । सँगै मुस्कान, शिरको, हातको केही सङ्केत पनि । लाग्छ, यी शब्दहरू अमेरिकन विशेष गरेर गोराहरूकै पेवा हो कि जस्तो । यदाकदा एशियनहरू भेटिए पनि त्यो किसिमको न्यानोपन नभेटिने । चिन्तनकै सेरोफेरो हो कि, शर्माएको हो, भन्नै गाह्रो ।

जनवरी २, २०२२ को बिहानी । निकै चिसो । दुई फुच्चे गोराहरूले छक्कै पार्छन् । ती लेकमा माछा मार्न गएका । माछा मार्ने रड, झोला साथमा । हामी जङ्गल घुमेर फर्कने क्रममा पिच रोडमा छौं । उनीहरू पनि हामीतिर हेर्दै गुड मर्निङ्ग भन्दै छिटो छिटो अघि अघि दौडिँदै । ती अपरिचित बच्चाहरू दश-बार वर्षका हुँदा हुन् ।

व्यक्ति प्रधान समाज । शायद व्यक्तिको संरक्षण मोबाइल नं. नौ सय एघारमा छ । पाँच मिनेटभित्रै प्रहरीको उपस्थिति । सञ्चारको दुनियाँ न हो । सम्पर्कको मात्र खाँचो छ । भनिन्छ, सेवा र सुविधा घरघरमै पुग्दो । पर्याप्त कानूनको संरक्षण । समाजले के भन्ला भन्ने छैन । न त छिमेकीले नै । हो, खुलेर कुरा गर्ने, दिलको आवाज सुन्ने-सुनाउने, सहयोग लिने-दिनेजस्ता कुराहरू सीमितै होलान् । यदाकदा हुने भेटघाट, भेलाहरू सामान्य शिष्टाचारमै टुङ्गिनेजस्तो । अरूको अपेक्षा कमै होला । सबै आत्मनिर्भर, सबै स्वतन्त्र । यस्तो परिवेशबाट हामी पनि कहाँ टाढा रहौला र ! आफैंतिर फर्केर हेर्छु, हाम्रो समाज कति फरक हो कति । लाग्छ, समाज बाहिर बाँच्न

नै सक्दैनौ कि जस्तो । हरेक गतिविधिमा कुनै न कुनै रूपमा कतै न कतै समाजको उपस्थिति छ, हातेमालो छ । कता कति निगरानी पनि । सामाजिक, धार्मिक, सांस्कृतिक वा व्यक्तिगत नै किन नहोस् यत्रतत्र निःस्वार्थ सहयोगी हातहरू । यदाकदा लाग्छ, कति कुरामा कानूनभन्दा पनि समाजकै सर्वोच्चता हो कि जस्तो ।

पुनः आफैंतिर फर्कन्छु, चाहिँदा नचाहिँदा स्मृतिले, तर्कले मन पिरोल्छ । देखेको, भोगेका, गरेको परिवेशहरू पनि सुख-दुःखका कारण होलान् । प्राप्त भोगबाट सन्तोष कहाँ । के चाहिएको हो, के आवश्यकता आफैं अस्पष्ट । चलायमान, अधैर्यमन, सम्झाउनै गाह्रो । छिनछिनमै भरङ्ग । सबै भौतिक स्वामित्व भए पनि अपूर्ण नै जस्तो । शायद व्यक्तिको सर्वोच्चताको खाँचो छ । स्वायत्तताको भोक छ । अझै वासना छ । लाग्छ, त्यहाँ सबै गतिविधि व्यक्ति केन्द्रित हुँदाहुँदै पनि सहयोगी संस्थाहरूको भूमिकाले भने विशेष लोभ्याउँदो रहेछ । यथार्थमा सेवाको भाव छ । शायद अतिरिक्त नाफाको, आफ्नो परायको लेनदेनको ठाउँ छैन । हो, यिनै र यस्तै रहेछन्, परदेशमा अलमलिने ढाँचा र ढङ्गहरू । जता प्रवेश गर्न खोज्यो उतै नवीनता थपिँदो । हाम्रो मनको बनोट न हो, अनायासै छिनछिनमा स्वदेशतिर दौडन्छ । तुलना गर्न खोज्छ । बाँध्न सहज कहाँ छ र । अझै अधुरा सपनाहरू । लाग्छ, यस्तै प्रसङ्गमा ज्येष्ठ नागरिकका हकहितका विषयहरू पनि चासोका केन्द्र बन्दा हुन् । यो छुट्टै अध्ययनको विषय हुनसक्ला ।

पहाडी शृङ्खलाहरूमा लुकामारी गर्दै

नयाँ वर्ष २०७५, ताप्लेजुङ्ग-पाथीभरा देवीको प्राङ्गणमा मनाउने लक्ष्य छ । आयोजक- ताप्लेजुङ्ग सरोकार केन्द्र । २७ चैतमा पदयात्रा सुरू । साहसिक यात्राजस्तै छ । काठमाडौँबाट धरान, धनकुट्टा, बसन्तपुर, चौकी, गुफा-पोखरी, साँघुपाटी, दोभान, सुकेटार हुँदै वैशाख १ गतेको सुनौलो बिहानी पाथीभरा पुग्नु छ । यसमा छन्, काठमाडौँदेखि नै साथ दिने पर्यटनप्रेमी तथा मिडियाकर्मीहरू । त्यस्तै कतै ठाउँ-ठाउँमा साथमा हुन्छन्- अनि छुट्छन् सम्बन्धित जिल्लाका कति सांसद, मेयर, प्रमुख जिल्ला अधिकारी, डीएसपीलगायत उच्च अधिकारी, विभिन्न पेशा, व्यवसाय एवं विचारधाराका राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रका प्रबुद्ध व्यक्तिहरू । छिनछिनमा घाम र बादलमा लुकामारी गर्ने हिमाली शिखर तथा पहाडी शृङ्खलाहरूको प्राकृतिक सुन्दरताको रसास्वादन गराउने यात्रा । अत्यन्त प्रेरणाप्रद र मर्मस्पर्शी ।

वसन्तपुरदेखि नै ठाउँठाउँमा स्वागत कार्यक्रमहरू । दुर्भाग्य भनौँ, सम्मानका फूलहरू, मालाहरू हराउँदै । घर-आँगनको शोभा भर्ने, वासना छर्ने, रसिला भरिला सप्तरङ्गी फूलहरूले बिदा लिन लागेका हुन् कि जस्तो ! नयाँनयाँ रंग र आकारका महँगा खादाहरूले राम्रैगरी ठाउँ लिएछन् । चौकीमा रूप र आकारमा एउटै जस्ता फुर्तिला, हँसमुख तामाङ बहिनी-त्रयको आयोजनामा बिहानी भोजनको निकै लोभलाग्दो प्रबन्ध छ । त्यहाँबाट गुफामा पुग्न निकै कठिन । साँझको झरी, हिलो, चिप्लो हिँड्न पनि गाह्रो । गुफा

पोखरी निकै उचाइको नाङ्गो डाँडामा । बादलको त साम्राज्य नै । त्यो साँझ पनि बादलसँगै सिमसिमे पानी । हावा चलिरहेको, विशेष अवस्था छ । हामी जाडोले काम्दै । यस्तै बेला उत्साहपूर्वक स्थानीय समाजसेवी हरि खनालको संयोजनमा स्वागत कार्यक्रम चल्दो ।

अर्को दिनको बिहानी । मिल्केडाँडा जाडो, बादल, वर्षा र हिलोबीचमा छ । अचम्म, त्यहाँ त मैवाखोलाको तर्फबाट समाजसेवी पवित्रा तामाङ लगायतका बहिनीहरू पो । स्थानीय संस्कृति झल्किने स्वागतसहित आफ्नो क्षेत्रमा प्रवेश गराउँछन् । त्यस्तो प्रतिकूल परिस्थितिमा पनि प्रकृतिमाथि नै विजय गर्न खोज्ने धन्य बहिनीहरू । साँघुपाटीमा जातीय वेशभूषा, बाजा-गाजासहित सांस्कृतिक कार्यक्रम तथा पदयात्री सम्मिलित प्रदर्शनात्मक फुटबल खेलको विशेष रौनक छ । शिवमाया बहिनीले सञ्चालन गरेको 'होमस्टे'ले सबैको मन तान्छ । चारैतिर हरियालीले ढाकिएको त्यो सुन्दर स्थलको होमस्टे वास्तवमा लोभलाग्दो छ । मिष्ठभाषी बहिनीहरूको सम्मान विशेष किसिमको त छ नै । लाग्छ- बास बस्न पटक पटक त्यहीँ पुगौँ । दोभान पनि पुरानो विशेषता बोकेको ठाउँ । तमोर नदी र मैवाखोलाको मिलन बिन्दु । त्यस क्षेत्रको केन्द्र । त्यहाँ छ, दोभान व्यापार सङ्घको संयोजन र स्थानीयहरूको सहभागितामा निकै ठूलो स्वागत कार्यक्रम । खादाले हाम्रो गला नै भरिन्छ । खानपिनमा कोदोको ढिडो र तमोरका ताजा माछाका परिकार कसरी बिर्सने ।

दोभान-सुकेटार हुँदै पाथीभराको माथिल्लो फेदीमा बास । सुकेटारबाट त्यहाँ पुग्न प्रकृतिसँग अर्को चर्को सङ्घर्ष छ । पुनः उही समस्या, लगातारको वर्षा, जतातै चिप्लो हिलो । कहिले कता, कहिले कताबाट जतिबेला पनि चलिरहने हावाले गर्दा भिज्नबाट जोगिनै मुस्किल । अन्ततः नयाँ वर्ष २०७५ को बिहानी पाथीभराको शिखरमा । अब सुरू हुन्छन् खुसीका क्षणहरू । पुराना दुःख कता-कता । मानौँ खुलापन र स्वच्छताले प्रकृति हाँसिरहेको छ । हिमालहरू नजिकै । शृङ्खलाको मनोरम दृश्यले मन प्रफुल्ल हुन्छ । लाग्छ, स्वर्गीय आनन्द भनेको यस्तै-यस्तै त हुँदो हो । भर्खरै उदाएको सूर्यको

किरणले चारैतिर शोभा बढाइरहेको बेला । आकर्षण थप्नमा मस्त लाग्छन् कताकति फाट्टफुट्ट देखिने बादलका सेता टुक्राहरू । मानौं स्वयम् प्रकृतिले हाम्रो स्वागत गरिरहेको छ । उता मिडियाकर्मी साथीहरूका खुट्टा भुइँमा छैनन् । पूर्ण सन्तुष्टिको भाव छ । प्रकृतिलाई कैद गर्न जतिबेला पनि हातमा क्यामरा । लाग्छ हिलो, वर्षा, जाडोको पर्वाह नगरी यात्रा गर्ने साथीहरू अहिले भने तृप्त छन् । देवीको प्राङ्गणमा दर्शनार्थी भक्तजनको ठूलो भीड । त्यहाँ छ, स्थानीय सङ्घसंस्थाहरूबाट स्वागतको कार्यक्रम । यसरी विविधता भरिएको उपस्थितिले नयाँ वर्ष उल्लासमय, रोमाञ्चकारी तथा अविस्मरणीय बनेछ ।

सुकेटार प्राकृतिक सुन्दरताको हिसाबले वास्तवमा नै लोभलाग्दो । बजार विकसित हुने क्रममा । राम्रो ठाउँमा एयरपोर्ट । पासाङ भाइको याक होटल निकै राम्रो । बहिनीको सत्कार पनि प्रशंसनीय भन्न मन लाग्छ । प्रबुद्ध समाजसेवी ओम राईजीको होटल प्रबन्ध सन्तोषजनक रहेछ । परिवारसहित आफैं सक्रिय । कुनै समयका राजनीतिक प्राणी, इतिहास निकै रोचक र उदाहरणीय । त्यहाँ प्रतिवर्ष नयाँ वर्षको उपलक्ष्यमा रमाइलो स्वागत मेला हुने गर्दो । त्यो क्षेत्रका युवायुवतीको राम्रो जमघट । धाननाच आदि स्थानीय सांस्कृतिक कार्यक्रमका रमाइला झलकहरू । प्राकृतिक सौन्दर्यले सबैलाई तानेको छ । त्यसैको एक भागमा यात्रीको बिदाइ कार्यक्रम । नगरपालिकाको आयोजनामा त्यहाँ छन्, समृद्धिका भावी कार्यक्रमका रूपरेखाहरू । लाग्छ, यस्तै-यस्तै सबैतिर सोचिदिएमा समृद्ध हुन के बेर ! यसै क्रममा पाँचथरको फिदिममा किरात धर्मगुरू फाल्गुनानन्दले ध्यान गरेको सुरम्यस्थलको रस लिने अवसर । ठाउँ वास्तवमा रसिलो, भरिलो । धार्मिक साथै प्राकृतिक दृष्टिकोणले पनि उत्कृष्ट ।

हो, यस्तै-यस्तै त रहेछन् पहाडी शृङ्खलाहरूसँग लुकामारी गर्दाका स्वादहरू । यस्ता हर्ष र उल्लासले भरिएका परिवेशहरू छन्- धरान, गुफापोखरी, साँघु, पाथीभरा, फिदिम, इलाम चियाबगान हुँदै यत्रतत्र । मेरो लागि यो चिरस्मरणीय, ऐतिहासिक, अनुपम यात्रा । तर यो भित्र पनि

खड्किने विषय छन् । तर्क-वितर्क छन् । सुषुप्त पीडा छ, उदासीनता छ । वसन्तपुर-साँघुपाटी हुँदै यातायात नियमित भएपछि प्रकृति विनाशका थप प्रसङ्गहरू कस्ता रहलान् । हो, नसुल्झिने प्रश्नहरू । बाँकी समयकै जिम्मा ।

कहाँ छ घाउ

केही समय जन्मथलोको प्रसङ्गतिर : परिस्थितिले मेरै गाउँ, ठाउँ भएर पाथीभरा जाने कार्यक्रम बनेछ । प्यारो गाउँ मैवाखोला साँघु । लामो समय भए पनि बालकालका सुख, दुःखका पानाहरू कहाँ बिर्सनु र ! एकपछि एक स्मृतिहरू । ती दिन, मधेश-पहाड गर्दा धेरैपटक धरानसम्मको उकाली-ओराली गरेको छु । मन नै प्रफुल्ल पार्ने लालीगुराँसको रस लिएको छु । झ्याउँपोखरी, गुफापोखरी, लामपोखरीको पानीले तिर्खा मेटेको छु । हिउँ, वर्षा, हिलो, हुरी, बतास, बादल, जाडो सबै त त्यहाँ छन् । हो, मिल्केडाँडा, धनकुटा, साँघुरीभञ्ज्याङतिरका उकाली ओराली तथा भञ्ज्याङ चौतारीहरू कुम्लो कुटुराको वर्षौं नसकिने यात्रा । हिलेदेखि नै बीच-बीचमा कताकति फाट्टफुट्ट झुप्रे घरहरू, गोठहरू । पट्यारलाग्दो सुनसान बाटो, सानैदेखि प्रायः एक्लै हिँडेको छु । रात बिताउन सहारा छन्, कतै बुढा रूख त कतै ओडार । कहिलेकाहीं भेटिने भरियाको साथलाई स्वर्गीय आनन्दका रूपमा लिएको छु । कतै पानी खान नपाएर तिर्खाले रोएको छु । कहिले लेक लागेर लल्याक-लुलुक भएको छु । जंगल, एकान्त स्थलहरू, गोठालाहरूको ठूलो आवाज मात्रै पनि कति डरलाग्दो । वारिपारि जंगल, गुफा, कन्दरा हुँदै आउने प्रतिध्वनिले मन नै चस्किने, ढक्क फुल्ने । डरले सुरक्षित ठाउँ खोज्नु, लुक्नु, दौडनु सामान्य छ । यो न सुखको कुरा न दुःखको । न त कुनै विकल्प । सबै त्यसै गर्थे । यो सामान्य दिनचर्या थियो । कर्तव्य थियो । यात्राको अनिवार्य आवश्यकता । त्यो सुनसानको साम्राज्य । लाग्छ मानिसहरू

यथार्थमा प्रकृतिमा नै बाँच्दा रहेछन् । आधुनिक दुनियाँदेखि धेरै टाढा, आफ्नै सानो संसारमा ।

पाँच दशकपछिको यात्रा । पहाड त्यहीँ छ, दिशा त्यहीँ छ । तर पुराना कुरा स्वप्नजस्ता भइसकेछन् । भनौं, कुनै बेलाको एकादेशको यात्रा । म कतै अज्ञात दिशामा छु । अब त्यहाँ छन्, यत्रतत्र ठूल्ठूला डोजर, ट्रकलगायत निर्माण सामग्रीहरू । त्यहाँ छन्, अनेकौं घार्रघुर्र, प्रदूषण, विनाश, विसङ्गतिहरू । अहो, जङ्गल फाडिँदैछन्, पानीका स्रोतहरू भत्किँदैछन्, पुरिँदैछन्, सुक्दै छन् । कति पोखरी हराइसके ।

अब पुराना कुरा इतिहास भैसके । त्यो क्षेत्र नै नयाँ दिशातर्फ उन्मुख हुन थालेछ । बाँकी दुनियासँग मिसिँदै छ । संसारका घटनाक्रमसँग अपरिचित रहेन । एकातर्फ समृद्धिको उच्च आकांक्षा, अर्कोतर्फ यसका नकारात्मक असरहरूबाट उत्पन्न खिन्नता । लामो अन्तरालपछि जेनतेन गाडीमै चढेर पाथीभरा फेदीसम्मको यात्रा । हो, सडकले विशेष गरेर संखुवासभा, तेह्रथुम र ताप्लेजुङ तीनवटै जिल्लाको समृद्धिको धरातल तयार गर्दैछ । भोलिका सुन्दर सपना देखिन थालेका छन् । कृषि उत्पादनमा विविधता थपिँदैछ । व्यावसायिकता बढ्दै छ । अलैंची समृद्धिको महत्त्वपूर्ण पक्ष भइसकेछ । विद्युतको पर्याप्त सम्भावना छ । राष्ट्रिय अर्थतन्त्रमा ठूलो भूमिका हुँदैछ । हो, चित्त बुझाउने अग्रगतिका आधारहरू तयार हुँदैछन् ।

अनुभव गर्छु, समाजमा खानपिन, रहनसहन, वेशभूषा, बोलचाल तथा व्यवसायमा नवीनता छ । खर वा झिँगटीको छाना कर्कटपाताले लिँदै छ । माध्यमिक शिक्षासम्मको अध्ययन सहज छ । हात-हातमा मोबाइल । टेलिफोन, टिभी पनि पहुँचभित्रै । स्वास्थ्य, सफाइजस्ता कुरामा जागरूकता छ । काम नगर्ने, गफ गरेर दिन बिताउने प्रवृत्ति घट्दै । घरघरमा बिजुली र पानी । गाउँघरहरू हरियालीले छोपिँदै । गाउँ शान्त लाग्छ, सँगसँगै शून्यतातिर । वैदेशिक रोजगारीको राम्रो टेवा छ । युवाको अभाव छ । शिक्षा र व्यवसायको खोजीमा बाहिरिने जमात ठूलो छ । सीप र व्यावसायिकताको कमी छ । निरन्तर बढ्दै पनि । पहाड र तराईमा अन्तरसम्बन्ध कायम राख्नेहरू क्रमशः

बढ्दै छन् । लाग्छ, समाज चाँडो-चाँडो चलायमान हुँदै छ । मैले देखेको साँघुको ठिङ्ग एक्लो 'साँघुपाटी' अब घरहरूका बीचमा खोज्नु परेको छ । अरू थपिँदै छन् । चाँडै बजारको रूप लिने तयारीमा । बिजुली, पानी, स्वास्थ्य केन्द्र, प्रहरी, उच्च मावि, गाउँपालिका, बैङ्क, पन्ध्रदिने हाटबजार लगायतले बजारीकरणलाई प्रोत्साहन गर्दैछ । सडकले आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिकलगायत गतिविधिहरू सहज बन्दैछन् । स्कूल ग्राउन्डले सुगन्ध थपेझैं लाग्छ । वारीपारी गाउँघरतिर कति सहायक बाटाहरू बनेका, कति बन्दै । मोटरसाइकल प्रायः सबैतिर । भण्डारी भाइको सौजन्यबाट साँघुपाटीदेखि मोटरसाइकलमा जन्मभूमि घर-आँगन टेक्ने सुवर्ण अवसर पनि पाए । घर गेटमै गाडी पुग्ने रहेछ ।

पचास वर्ष अघि विछोड भएको जन्मथलो । घर-आँगनमा उभिएर चारैतिर हेर्दै । आमाले पूजा गर्ने तुलसीको मोठ, अब त्यहाँ शून्यता छ । कता कता दुखेछ, रून पुगेछु, रोक्नै सकिन । मानिस जति बलियो देखिए पनि निर्बल नै रहेछ क्यार ! बारीमा टहल्ने बहिनीसँग दुई शब्द बोल्ने ताकत पनि कहाँ । कसैसँग नभेटी फर्किएँ । शायद, खिन्नताहरू । उदासीको मात्रा बढी नै होला । विरह भनेको यस्तै-यस्तै केही हुँदो हो । आफैँलाई प्रश्न गर्छु, 'कहाँ छ घाउ !' घरी-घरी यो अंशको मूल्य आँकलन गर्न खोज्छु-

"जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी"

ती दिन रहेनन् । अब केवल स्मृति मात्र छ । हो, जहाँ भ्रातृत्व, सहिष्णुता, सहयोग, बन्धुत्व, प्रेम थियो । विविधता र एकता पनि । समाजमा सद्गुणको मात्रा बढी नै हुँदो हो । त्यो समाज विशृङ्खलित हुँदै । जोड्ने तन्तुहरू कमजोर देखिँदै । पुराना साथी, इष्टमित्र, दाजुभाइ, हितचिन्तक पातलिएझैं छन् । मेरो छोटो र स्पष्ट परिचय पं. बैजनाथ भट्टराईको माइलो छोरा । सामान्य अरू यात्रीसरह । प्रत्यक्ष चिन्ने शायदै थिए । खिन्न मन, कतै केही हराए, गुमाएजस्तो । कतै हर्ष त कतै विस्मत । विछोडका ती दिनहरू, हिजो नै त हो । कति चाँडै यस्तो । हो, मानव जीवन कति गतिमान हो कति ।

त्यो अतीत कति रमाइलो । आफैंमा पूर्ण । सम्झँदा मात्रै पनि मन प्रफुल्ल हुने । हो, सम्भव भएसम्म देख्नुपर्ने जति देखियो, भोग्नुपर्ने जति भोगियो, गर्न सकिने जति गरियो पनि होला । अब समय रहेन । साँघु गाउँको एउटा ठिटो विकसित मुलुकको सबै सुविधा सम्पन्न क्रुज र जमैका द्विपको यात्रासम्म नजिकबाट नियालेपछि भौतिक इच्छा के नै बाँकी रहन्थ्यो होला र ! तर सन्तुष्टि कहाँ । लाग्छ, त्यहाँ जे जति कमी थियो, सबै मातृभूमिको यो यात्राले पूरा गरिदिएको छ । जन्मथलोको पुरस्कार मेरो झोलीमा आएको छ । लाग्छ, अब त तृष्णा नै कति । शायद, मन पनि शान्त हुँदै । आशा गरौं, यो आफ्नै मात्र बनोस् । अरूको अनुभव र दिनचर्यासँग यसको सम्बन्ध कहाँ रहँला र ! यी त थिए पछिल्ला दिनका केही विशेष स्मरणीय प्रसङ्गहरू । क्रुज र जमैकाको विषय अनपेक्षित प्रसङ्गबाट ।

अन्त्यमा त्यो परिवेशले हिन्दीको यो भजन अनायासै सम्झाउँछ । घुमिफिरी यो बोलभन्दा कति बाहिर हौला र !

"क्या लेके आयेथे बन्दे, क्या लेके जाएगा

दो दिन कि दिन्दगी है, दो दिनका मेला ।"

अनपेक्षित प्रसङ्ग

विदेश भूमि । व्यस्त दिनचर्या । मुस्किलले जुरेको समय । हो, कति महँगो कति । संयोगले पर्यटनको मौका मिले छ । यद्यपि ज्येष्ठ नागरिको हैसियतले हाम्रा मूल्याङ्कनका मापदण्डहरू फरक पर्न सक्लान् । लाग्छ, त्यहाँ के पायौ भन्दा पनि के कस्तो देख्यौ भन्नु उपयुक्त होला । हाम्रो साक्षी भाव मात्रै न हो । यसअघि देखेका, भोगेका परिवेशभन्दा धेरै-धेरै टाढा । त्यो छ- अमेरिकाको फ्लोरिडादेखि बहामा द्वीपसम्मको समुद्र पानीमाथि दौड्ने घर-क्रूज । त्यो छ भीमकाय आठतले महाघर । जसको छतमा नै एकै पटक चार-पाँच वटा हेलिकप्टर उतार्न सकिने । त्यहाँ हुँदा हुन्- चार हजार जति यात्रु र पन्ध्र सयभन्दा बढी कर्मचारीहरू । त्यस्तै कयौं दिनको खाद्य सामग्री, इन्धन र अन्य आवश्यक सेवाहरू, सुरक्षाका सामग्रीहरू । पूर्ण सुसज्जित भएर यात्रा गर्दो । अन्तिम लक्ष्य भनेको स्थगित एवं व्यस्त मनलाई विश्राम दिनु छ । त्यसका लागि भौतिक सुखको चरम रसास्वादन गराउनु छ । आराम प्रदान गर्नु छ । हामीलाई पनि छोरा सुदीप र बुहारी स्मिताको सौजन्य र सहयात्राबाट यो अवसर मिलेको छ । साथमा छन्, स-साना नातिनीहरू इभा र शिवा ।

स्वर्ग भन्नासाथ यस्तै केही अमूर्त कल्पना हुँदो हो । राम्रो काम गरेमा स्वर्ग, हाम्रो विश्वास, स्वर्ग, सुख-सुविधाको थलो मानेमा क्रुजमा के छैन र ! बुक गरेपछि सबै फ्री । अझ भनौं, भौतिक स्वर्गको ढोका खुल्ला नै जस्तो । त्यहाँ छन् यत्र-तत्र ठूला-साना हलहरू । कतै आरामका विधिहरू छन् त कतै

आलिङ्गनका । कतै संसारका नामी खानपिनहरू त कतै मधुर संगीतहरू, धुनहरू, नाचगानहरू, खेल तमासाहरू । प्रत्येक केन्द्रमा सजिएका छन्- सुख सुविधाका यावत् विषयहरू । अलग-अलग तौरतरिकाहरू । समुद्रको लहर नियाल्ने आरामदायी कुर्सीहरू, सेवा सुश्रुषाका मिष्ठ वाणीहरू । लाग्छ केही दिनका लागि भए पनि तनाव मुक्त भएर फुर्सदिला बन्न खोजेका यात्रुको हरपल स्वागत गरिरहेका छन् । जुटाइएका सबै साधन मानवका अधिकतम आराममा केन्द्रित छन् । जसले जे चाहन्छ, सबै गर्ने छुट छ । अर्कोलाई हानि नपुगे हुने । खाना खाँदै गर्दा स्वीमिङ गर्न मन लागेमा बीचैमा छाडेर जान सकिने । फर्केर पुनः नयाँ खाना लिन मिल्ने । इच्छा भएमा अर्को स्टलको अर्को नयाँ खाना पनि । मेरो लागि यो सब नयाँ छ । छक्क पर्ने विषय । यत्रतत्र खाद्य तथा पेय सामग्री छानीछानी मन लागे जति लिन पाइने, पिउन पाइने । बढी भए फ्याँक्न पनि । अनुमान गर्छु, पच्चीस प्रतिशत जति फ्याँकिदो हो । कसैले प्रश्न नगर्ने । यस्तै यस्तै रहेछ, महाघरको स्वर्गीय प्रबन्ध ।

यत्रतत्र, यस्तै-यस्तै सुखसुविधाका भरपूर प्रयासहरू । आत्म सन्तुष्टिका लागि केही लगाएको हो कि भन्नेसम्म भान पार्ने होला । पूर्ण स्वतन्त्रता, शायद स्वच्छन्दता पनि । चाहेको कुरा प्राप्त गर्न सकिने । त्यहाँ छन्, अङ्कमाल, सहयात्रा, सह-नृत्य, सह-खेल, सह स्वीमिङ, सहभोजन, सहमनोरञ्जन, प्यार, प्रित आदि सबै । फिँजका कुण्डहरूमा भूमिगत फोहराको मसाज छ । युगलको घण्टौं सहवास छ । विनाअवरोध, निसङ्कोच सुखका क्षणहरू भोग गर्न सकिने । यस्तै-यस्तै उन्मुक्त वातावरण दिने प्रयासमा त रहेछ- क्रुज । कल्पना गर्छु, ईश्वर आफैं उपस्थित भएर थप केही चाहियो भनेमा के माग्ने होला ? शायद पचाउन सक्ने तथा भोग गर्न सक्ने सामर्थ्य । कर्णप्रिय, उदरप्रिय, नेत्रप्रिय, रसनाप्रिय, स्पर्शप्रिय आदि सबै अङ्गलाई प्रिय वस्तुको भोग गर्न सामर्थ्य नै चाहिएला । अर्को मूल्यवान् कुरा, सुदूरको समुद्री लहरबीचको त्यो अर्कै दुनियाँ, त्यहाँ पनि चार जना नेपाली काम गर्दै । त्यसमा एक तामाङ बहिनी त ताप्लेजुङकै परिछन् । कुरै कुरामा

भनिन्, 'अङ्कल मलाई विवाह गर्ने फुर्सद पो कहाँ ।' यो थियो, चरम भौतिक सुख - मेसिनसँगको यात्रा- क्रुज । लाग्छ त्योभन्दा बढी भौतिक सुखको कल्पना कस्तो होला ।

यस्तै-यस्तै अर्को यात्रा एटलाण्टिक समुद्र बीचको टापु जमैकातिर । ०२२ मार्च । सोमबार बिहानै उड्नुपर्ने । मापदण्ड अनुसार पिसिआर टेष्ट चाहिने । ठीक अघि शनिबार र आइतबार सार्वजनिक विदा । क्लिनिक खोज्न यता र उता दौड्ने बाध्यता । सबै बन्द । कोरोनाकै हैरानी छ । अन्ततः कुनै अपरिचित अफ्रिकन-अमेरिकन महिलाको सौजन्यबाट उनको निवासस्थलमै टेष्ट हुन्छ । यसरी मुस्किलको यात्रा सहज बन्दो छ । धन्य छन्, ती विवेकी महिला ।

जमैका प्रवेश गर्दा एयरपोटमा नै तीन घण्टा जति । प्रायः काउण्टर खाली । लामा-लामा लाइनहरू । केही दिनको बास । त्यहाँ छन्- स-साना केही टुक्रे भ्रमणहरू । वस्तुस्थिति हेर्नु छ । प्रकृतिको स्वाद लिनु छ । भरसक त्यसैमा हराउनु छ । साथमा छन् स्थानीय सहयोगी । यसमा उसको केही भनाइ समेट्ने प्रयास छ । कतै आफ्नो विचारहरू पनि थपिएका होलान् । भनौं, दुवैको सम्मिश्रण ।

मूलतः काला जातिको प्राचीन थलो जमैका । समय क्रममा कोलम्बसको पहिलो पाइला । स्वतन्त्रताको अभियानमा अरू राष्ट्रसँगै ब्रिटिस शासनबाट मुक्त । आकर्षणको केन्द्र । विशाल समुद्रको बीचमा छ । होचो अग्लो सबै भागमा हरियाली । छिनमा बादल त छिनमा पानी । छिनमा घाम । न त चिसो, न त तातो नै । एक पछि एक सुन्दरता थप्दै, सदावहार संरक्षित जङ्गल । बीच-बीचमा धनाढ्यका फाट्टफुट्ट घरहरू । अधिकांश विदेशीका । सुनसानजस्तै । बाटोघाटोतिर पनि खास चलहपहल छैन । कताकति घना बस्ती, व्यावसायिक केन्द्रहरू । घण्टौं यात्रा गर्दा पनि खेतीपाती देखिँदैन । कुनै बेला खेती लाएका जमिनहरू अब खालि नै । कतिमा पशुहरू चर्दै ।

फोहोर-मैला देखिँदैन । बाटो-घाटो, घर-कम्पाण्डहरू जतातै सुन्दरता थप्दै ताडीका वृक्षहरू । सहयोगीले थप्छन्, तीस लाख जति जनसंख्या होला । स्थायी बसोबास बढाउनेमा भारतीय र चाइनिज अग्रपंक्तिमा । ठूला उद्योग, व्यवसायहरू प्रायः विदेशीबाटै ।

तर आश्चर्य, जमैकाको ठाउँ-ठाउँमा भेटिने बजार केन्द्रहरूले नेपाल पो सम्झाउने । व्यापारिक सामानहरू, त्यसैगरी सजाइएका, झुण्डाइएका । यत्रतत्र फुटपाथे पसल पनि । अत्यधिक गरिबी । न्यून ज्यादादर । मौका मिल्नासाथ प्रायः देश छोड्ने मनस्थितिमा ।

भनाइ छ, टापु वरिपरि नै राम्रो बाटो छ । विदेशी सहायताबाट बनेको । हामी हिँड्दै गरेको बाटोको निर्माता पनि ठेकेदार चाइनिज कम्पनी अरे । समुद्रपट्टिको भागलाई अधिकतम सदुपयोग गर्ने गरी बनेको छ । छेउछाउका महत्त्वपूर्ण स्थानहरू प्रायः कब्जामा । कति उपयोग हुँदै । कति पर्यटन प्रवर्द्धनतिर नै ।

यसै बेला केही फरक प्रसङ्ग सम्झँदै- कतै समुद्रको तटसम्म पुग्नु छ । पुग्ने बेलामा नहर भन्न पनि नमिल्ने सानो खोला छ । अचम्म, त्यहाँ त बास बाँधेर बनेका नाउहरू पो दौड्दै । बास पनि पूरै साइजका, काटकुट छैन, हाम्रै गाउँघरका जस्ता । एउटामा तेह्र-चौधसम्म छन् । चढ्न र ओर्लन पूर्ण सतर्कता तथा सन्तुलनको खाँचो पर्ला । मुस्किलले लाजसम्म छोपेका नाङ्गा नाबिकहरू । नाउ खियाउने साधन भनेको हातमा लामो, बलियो घोचो पो । त्यसैलाई दायाँ बायाँ गर्दै जमिन ठेल्दै समुद्रसम्म पुऱ्याउने र ल्याउने गर्दा रहेछन् । लाग्छ, त्यहाँ पनि गरिबीको यस्तो चित्र । हो, अनपेक्षित प्रसङ्ग ।

अनायासै त्यो बेलाको क्रुजको सम्झना । कति समानता, कति अन्तर । क्रुज र जमैका होटल सेरोफेरोका सुख, सुविधा, मनोरञ्जनका विषयहरू उस्तै-उस्तै त छन् । पर्यटकको लक्ष्यमा अन्तर पो कहाँ छ र ! तर क्रुज कहाँ सीमित समुद्रको घेरा, कहाँ प्रकृतिको व्यापक परिवेशभित्रको

जमैका । कतै साँघुरिनु नपर्ने । समुद्र, अनि बाक्लो जङ्गल । प्रकृतिको व्यापक परिवेश । गाडीबाट होस् वा पैदलै प्रकृतिमा हराउन कति स्वाद हो कति । जङ्गलभित्र लुकेका ती उकाली-ओरालीहरू, भञ्ज्याङहरू । अहो, पर्यटकको हैसितभन्दा केही टाढा भएर स्थानीय नागरिकहरूको दिनचर्या हेरौं त- त्यहाँ पनि देश छोडेर जीवन निर्वाहको खोजीमा विदेश भाग्न खोज्ने नागरिकहरू । मन खिन्न छ । लाग्छ, यस्तो नियति । कहाँ छ त ईश्वरीय न्याय ।

अवीस्मरणीय त्यो दिन

नसुल्झिएको गम्भीर विषयतिर केही क्षण । २०३० ज्येष्ठ २८ गते कोशी अञ्चलाधीस कार्यालयको त्यो दिन । संयोगले म नै मुख्य व्यक्ति परैंछु । अरू हाकिमहरू यताउता । विमान अपहरणको त्रासदीपूर्ण परिस्थितिका समाचारहरू यत्रतत्र छन् । लगत्तै पूर्वाञ्चल डी.आई.जी. दुर्लभ कुमार थापाको फोन । भन्नुहुन्छ दरबारले तपाईंलाई रानी व्यारेकमा बोलाएको छ । लिन इन्स्पेक्टर बलराम भट्ट आउँदैछन् । दरबारको नामले ढक्क फुलेको मन, बलराम भट्टको नाम सुन्दा केही राहत जस्तो । पुरानो साथी भएर होला । रानी व्यारेक हाम्रो प्रतीक्षामा । तत्कालै कुरा गर्ने कोठामा पुऱ्याइन्छौं । दरबारका तर्फबाट केही प्रश्नहरू, म जवाफविहीन छु । पछिल्लो आदेश छ- तत्कालै राष्ट्र बैंकको ढुकुटी, लकरमा रहेको मूल खाता शिल गर्ने । हामी सिधै राष्ट्र बैंकमा । प्रमुखको भनाइ छ ऐन कानुनमा यस्तो व्यवस्था छैन । निर्देशन पनि छैन । यसको असर अरूतिर पनि पर्छ । तर परिस्थितिको विवशता इन्कार गर्ने ठाउँ छैन । अन्ततः लकरको मूल खाता हाम्रो अगाडि आउँछ । शील हुन्छ । तत्कालै दरबारको त्यो चासो, त्यो सक्रियता, त्यो जिम्मेवारीपनको मर्म बुझ्न अझै सक्तिन । त्यो बेला हामी सबै कहाँ थियौं त ।

त्यो अपहरित सम्पत्ति कता ? अब अर्को पाटो - त्यो खोज्न पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको २०६७ मा प्रकाशित "आफ्नै कुरा", "विमान अपहरण" शीर्षकको पेज १०४-१०५ को यो अंशले केही कुरा प्रष्ट

पार्ला । उहाँको आफ्नै भाषा र शैलीले रोचक बनेको छ, उचाइ पनि थपे झैं लाग्छ ।

यसैबीच म दिल्ली पुगैं । त्यहाँ मैले भनैं- "हामीलाई गाह्रो भयो, पैसा दिनु पऱ्यो ।" मसँग भारतीय अनुसन्धान विभाग 'र' का प्रमुखले झर्केर भने- "कहाँबाट पैसा आउँछ र तिमीहरूलाई दिने ?" विदेश मन्त्रालयका सचिवले भने- "गिरिजाबाबु क्या नेपालमे पैसा ही नहीं, बैङ्क ही नहीं है ? आप रिभोलुसनरी बात करते हैं ।" अनि मैले भनैं- "ठीक है, ग्रिन सिग्नल मिल गया, हम चले ।" त्यसपछि मैले प्लेन अपहरणका लागि योजना बनाउन थालैं । एकदिन रेलबाट यात्रा गर्दा विराटनगरकै मदन अर्याल पनि त्यही रेलमा भेटिए । उनी विराटनगरस्थित नेपाल राष्ट्र बैङ्कमा काम गर्थे । मैले उनलाई सोधैं- "तिमी कति कमाउँछौ ?" उनले आफ्नो तलब बताए । मैले सोधैं- "के त्यतिले तिम्रो जीवन चल्छ त ? कति बचाउँछौ ?"... आदि । (साभार)

यसैसँग जोडिएको भनौं, तेस्रो चरणतिर हतियार व्यवस्थामा पुगिने रहेछ । सम्बन्धित धेरै कुरा पेज १११ मा भेटिएलान् । यी सबै घटनाक्रमले शायद प्रत्यक्ष वा परोक्ष रूपमा हाम्रो हैसियत देखाउलान् पनि । हो हामी कहाँ थियौं, अब कहाँ छौं ?

अनपेक्षित प्रसङ्ग- हाम्रो पैसा, हाम्रो नेता । अर्कै कोही भन्छ, गिरिजाबाबु नेपालमे पैसा नही है । जवाफ हुन्छ- ठीक है ग्रिन सिग्नेल मिल गया । हम चलें । यता हामीचाहिँ रकम घटिबढी होला भन्ने पीरले राष्ट्र बैंकको ढुकुटीको खाता सिल गर्दैछौं । शायद विधिको विडम्बना !

यसभित्र प्रवेशगर्दा . . .

- तर अचम्म, गाउँ नपुग्दै हतियारसहित गाउँलेहरूले चारैतिर घेरी पो सकेछन् ।
- खाना पकाउने मट्टितेलसम्म छैन । सबैका आ-आफ्ना व्यथाका भारीहरू । खाना नपाकेका दिन र छाक गन्दै । कतै सुत्केरीका व्यथा छन् त कतै वृद्ध, अपाङ्गका ।
- बिदा गर्दै राजा भन्छन्, 'केही भए मलाई लेख्नै गर्नू ।' यो अन्तिम वाक्य ।
- अँधेरो छिँडी कोठा, दाम्मा मस्त पाँचजना ठगहरू । सबै छक्क । सबै नक्कली ।
- अवधि नपुगेकोलाई का.मु. नै सही । यथासम्भव रोजी-रोजी पदबाट विभूषित हुनु छ, गर्नु छ । यस क्रममा सचिव, मुख्य सचिवमा पनि करारको मौका आउँछ ।
- उच्च अधिकारीहरूको मिटिङमा जाँदा सुन्ने गर्थे सरकारको आन्तरिक कार्य सम्पादन विषयमा विदेशी सहायता हुल्नु हुँदै ।
- देवदूत त्यही पालको प्रयोजनका लागि त्यो बेला आएको थियो त ?
- पशुपतितिरका पाइलाहरू, लाग्छ केही छैन त्यहाँ । शायद जीवनको सबै सत्य नै त्यहीं छ । चारैतिर भक्तजनहरू, पुजारीहरू, भजनकीर्तनहरू ।
- अमेरिकी जीवन, आफैंतिर हेऱ्यो, हाम्रो अनुभवको प्रकृति नै कति फरक हो कति, तालमेल मिलाउनै गाह्रो ।
- मानिस जति बलियो देखिए पनि निर्बल नै रहेछ क्यार ! – कसैसँग नभेटी फर्किएँ । आफैंलाई प्रश्न गर्छु, 'कहाँ छ घाउ ?'
- त्यसमा एक तामाङ बहिनी, ताप्लेजुङकै परिछन् । कुरै कुरामा भनिन्, 'अङ्कल मलाई विवाह गर्ने फुर्सद पो कहाँ ।'
- पछिल्लो आदेश छ- तत्कालै राष्ट्र बैंकको ढुकुटी, लकरमा रहेको मूल खाता सिल गर्ने । दरबारको त्यो चासो, त्यो सक्रियता, त्यो जिम्मेवारीपनको मर्म बुझ्न

ISBN 978-9937-1-3069-1